वर्ष : १४, अंक : ४८, काठमाडौं, २०७५ चैत ८ गते शुक्रबार, 22 March 2019, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## सरकारबाट बाहिरिने सम्भावना छैन : यादव



विराटनगर । उपप्रधान एवं स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री उपेन्द्र यादवले सरकारबाट तत्काल बाहिरिने सम्भावना नरहेको स्पष्ट पारेका छन् । विराटनगर विमानस्थलमा पत्रकारहरूसँग कुरा गर्दै उनले पार्टीले वर्तमान सरकार छाड्ने सम्बन्धमा कुनै सोच नबनाएकाले आफ्नो पार्टी सरकारमै बसेर काम गर्ने बताए । सङ्घीय समाजवादी फोरम नेपालका अध्यक्षसमेत रहेका उपप्रधानमन्त्री यादवले राष्ट्रिय जनता पार्टी नेपाल सङ्घीय सरकारमा नरहेकाले समर्थन फिर्ता लिनुको कुनै अर्थ नरहेको टिप्पणी गरे । उनले तराईका जनताको चाहनाअनुसार नै राजपासँग मिलेर प्रदेश नं २ मा सरकार गठन गरेको बताउँदै शक्ति निर्माण गर्नका लागि आफ्नो पार्टीले राजपालाई पत्र लेखी पठाएकामा जवाफ नआएकाले त्यसलाई सकारात्मक रूपमा लिएको प्रष्ट पारे । उपप्रधानमन्त्री यादवले सीके राउतसँग भएको सम्झौतामा कहीँ पनि जनमत संग्रह उल्लेख नभएको प्रष्ट पार्दै जनमत संग्रह र जनअभिमत फरक विषय रहेको बताए । उनले सीके राउतसँग भएको ११ बुँदे सम्झौतामा मुलुकको सार्वभौमसत्ता र अखण्डता स्वीकार गराउनु सकारात्मक पहल रहेको उल्लेख गरे ।

## भण्डारीले महाधिवेशन गराउन सक्लान् ?



काठमाडौं । राष्ट्रिय जनता पार्टी (राजपा) नेपालको अध्यक्ष मण्डलको संयोजकमा शरतसिंह भण्डारी नियुक्त भएका छन् । दुई महिनामा संयोजक फेरिने चक्रिय प्रणाली अन्तर्गत भण्डारी अध्यक्ष मडलको संयोजक नियुक्त भएका हुन । पार्टी विधानअनुसार अध्यक्ष मण्डलका संयोजक महेन्द्रराय यादवको दुईमहिने अवधि सकिएपछि भण्डारीको पालो आएको हो । यसअघि नेताहरू महन्थ ठाकुर र राजेन्द्र महतो राजपाको संयोजक भइसकेका छन् । पार्टी एकता भएपछि डेढ वर्षभन्दा बढी समय महन्थ ठाकुर संयोजक भएका थिए । त्यसपछि विधान संशोधन गरी चक्रीय प्रणालीमा दुई/दुई महिनामा संयोजक परिवर्तन हुने व्यवस्था गरिएको हो । राजपाको महाधिवेशन आगामी वैशाखको पहिलो साता गर्ने तिथि तय गरिएको छ । घोषित तिथिमै महाधिवेशन भयो भने अध्यक्ष मण्डलका सदस्य अनिल झा र राजकिशोर यादवले संयोजक बन्ने अवसर पाउने छैनन् । तर पार्टीको महाधिवेशन तोकिएको समयमा हुने कि नहुने अन्योल देखिएको छ । राजपाले वैशाख ७, ८ र ९ गते महाधिवेशन गर्ने घोषणा गरेको छ । तर तोकिएको समयमा महाधिवेशन हुने कि नहुने कार्यकर्तामा मात्र होइन, शीर्ष नेतामा पनि अन्योल देखिएको छ । महाधिवेशनको एक महिना मात्र बाँकी रहँदो तयारी शून्य छ भने पार्टीले त्यसका लागि आन्तरिक व्यवथापन पनि सुरू गरेको छैन । पार्टीले गाउँ, नगर, जिल्ला, प्रदेशको अधिवेशन अहिलेम्म गराउन सकेको छैन । सातवटा प्रदेशमध्ये अहिले कहीँ पनि अधिवेशन भएको छैन । केही जिल्लामा अधिवेशन भए पनि अधिकांश जिल्लामा विवाद देखिएको छ । हालसम्म कुनै पनि प्रदेश तथा जिल्लाको प्रतिवेदनसमेत आइपुगेको छैन । यस्तै सक्रिय सदस्यता वितरणको मिति पनि तय भएको छैन । *मधेशवाणी*सँगको कुरामा उपाध्यक्ष वृषेशचन्द्र लालले महाधिवेशन हुन एक महिना मात्र बाँकी रहँदा जस्तो तयारी हुनुपर्ने हो त्यस्तो तयारी नभएको बताए । पार्टी दुई महिने चक्रीय प्रणालीबाट सञ्चालित भइरहेको छ । प्रत्येक दुई महिनामा अध्यक्षमण्डलका संयोजक फेरिँदै आएका छन् । महाधिवेशन हुने समयमा संयोजक बन्नेका भण्डारीलाई आफनो कार्यकालमा महाधिवेशन गराउन ठूलै चुनौती रहेको छ । तर राजपा नेपालभित्रको आन्तरिक विवादका कारण महाधिवेशन अन्योल देखिएको छ । राजपाका प्रवक्ता सन्तोष मेहतले दुई/दुई महिनामा अध्यक्षमण्डलका संयोजक परिवर्तन गर्ने सहमतिअनुसार बुधबारदेखि नै भण्डारी स्वतः अध्यक्षमण्डलका संयोजक भएको बताए । राजपाले निर्धारित समयमा महाधिवेशन गर्‍यो भने महाधिवेशन गराउने जिम्मेवारी भण्डारीको हुनेछ । भण्डारी आगामी जेठ ६ सम्म संयोजक हुनेछन् । राजपाका नेताहरू भने तोकेको समयमा महाधिवेशन हुने सम्भावना कम रहेको बताउँछन् । केन्द्रमा अध्यक्षमण्डलका संयोजक दुई दुई महिनामा परिवर्तन भए पनि गाउँ, नगर, जिल्ला र प्रदेशमा परिवर्तन भइरहेको छैन । जसले गर्दा पनि थुप्रै ठाउँमा विवाद देखिएको छ ।

## फोरमसँग एकता गर्न राजपा पनि तयार

काठमाडौं । मधेशका दुई ठूला राजनीतिक दलहरूबीच पार्टी एकीकरण प्रक्रिया सुरू भएको छ । एक महिनाअघि संघीय समाजवादी फोरमले राजपा नेपाललाई पार्टी एकीकरणको प्रस्तावसहित पत्र पठाए पचि राजपाले राजेन्द्र महतोको संयोजकत्वमा वार्ता समिति गठन गरेको हो । विचार मिल्ने पार्टीसँग एकता गर्न भन्दै राजपाले वार्ताका लागि बिषेशचन्द्र लाल, रमेश यादव, केशव झा, सुनिल रोहितसतिहका नेताहरू सदस्य रहेको समिति बनाएको छ । सिके राउत नेतृत्वको समुह राजनीतिको मूलधारमा आउने गरी सरकारसँग ११ बुँदे सहमझदारीसँग थप दवावमा परेका राजपा पार्टी एकताका लागि साकारात्मक देखिएको हो । फागुन २९ गतेदेखि चैत १ गतेसम्म काठमाडौंको ह्यात होटलमा बसेको राजपा नेपालको गोप्य बैठकले वार्ता समिति बनाउने निर्णय गरेको हो । चैत १ गते फोरम नेपाललगायत विभिन्न दलसँग वार्ता गर्नका लागि राजेन्द्र महतोलाई संयोजक तोकेको थियो तर सो वार्ता समिति चैत ५ गते मात्र पूर्णता पाएको छ । फोरम नेपालले मंसिर २३ गते केन्द्रीय समितिको बैठकबाट पार्टीका उपाध्यक्ष राजेन्द्र श्रेष्ठको संयोजकत्वमा वार्ता समिति गठन गरेको थियो । वार्ता समिति गठन गरे पनि हालसम्म राजपा नेपालसँग औपचारिक वार्ता भएको छैन । फोरम नेपालले वार्ता समिति गठन गरेको कुरा आफूहरूलाई औपचारिक जानकारी नआएको राजपा नेपालले बताउँदै आएको थियो । त्यसपछि फोरम नेपालले एक महिनाअघि औपचारिक पत्र नै पठाएको थियो । सो पत्रको आधारमा नै राजपा नेपालले आफ्नो तर्फबाट पनि वार्ता समिति गठन गरेको हो । वार्ता समिति बनेपति राजपा नेपालले पनि फोरम नेपाललाई वार्ताका लागि पत्र पठाएको छ ।

## मूलधारमा सीके राउत

# विसर्जन कि आत्मसमर्पण ?

**मधेशवाणी डेस्क**

काठमाडौं । सरकारसँग ११ बुँदे सहमति गरेर मूलधारको राजनीतिमा आएका डा.सीके राउतले आफ्नो नेतृत्वमा रहेको स्वतन्त्र मधेश गठबन्धनलाई नाम फेरेर 'जनमत पार्टी' राखेका छन् । लहानमा बसेको राष्ट्रिय परिषद् बैठकले जनताको हक अधिकारका लागि संघर्ष गर्न नेपालको संविधानभित्र रहेर पार्टी स्थापना गरी अघि बढ्ने निर्णय गरेको हो । यसअन्तर्गत पार्टीको नाम जनमत पार्टी राख्ने निर्णय गरेको भेलापछि जारी प्रेस विज्ञप्तिमा उल्लेख छ । भेलाले पार्टीको नामसँगै झन्डा पनि फेर्ने निर्णय गरेको छ ।

भेलाले ३५ सदस्यीय केन्द्रीय कार्यकारिणी समितिसमेत चयन गरेको छ । निर्वाचन आयोगमा दल दर्ता भएसँगै केन्द्रीय कार्यकारणी समिति विस्तार गरिने छ । यस्तै भेलाले पार्टीको राष्ट्रिय अध्यक्षमा डा. राउतलाई नै चयन गरेको छ ।

लहानमा केन्द्रीय भेला सुरू हुँदा अधिकांश सहभागीको एउटै कौतुहलता थियो-गठबन्धनले उठाउँदै आएको मुद्दा जीवित छ कि छैन ? बैठक सुरू भएपछि संयोजक राउतले सरकारसँग भएको सहमतिको पूर्णपाठ गर्दै सहभागीलाई सहमतिबारे बेलिविस्तार लगाएका थिए ।

जनअभिमत र जनमतसंग्रहबारे सहभागीको जिज्ञासा बर्सिन थाल्यो । राउतले सहभागीको जिज्ञासा मेट्न भूमिका र उदाहरणसहित शब्दको अर्थ प्रष्ट्याउने प्रयत्न गरे । गठबन्धनले मुद्दा बिसायो भनेर जनता रूष्ट किन नहुने भन्दै आएका सहभागीका जिज्ञासा राउतले प्रष्ट्याउने मात्रै गरेनन् सबैलाई उत्तरले सन्तुष्ट पनि बनाए ।

पहिलो दिनको भेलामा सहभागीलाई



जनमत पार्टीका अध्यक्ष डा.सीके राउत

सन्तुष्ट पार्न सीकेलाई निकै समय खर्चिनु परेको थियो । पछि उनले मुद्दा बिसाएको होइन व्यवस्थित र वैधानिक रूपमा जनताको अभिमतमार्फत अघि बढाउने भनेर भरोसा दिएपछि सहभागी सन्तुष्ट भएका थिए ।

जनमत पार्टी निर्वाचन आयोगमा दलको रूपमा दर्ता भएपछि मधेशमा आफ्नो गतिविधिलाई सशक्तरूपमा अगाडि बढाउने नवगठित जनमत पार्टीका सदस्यहरूको भनाइ छ । जिल्लादेखि नगर र गाउँपालिकाको वडा-वडासम्म संगठन विस्तार गर्ने योजना छ । प्रत्येक वडामा संगठन बनाएर सदस्यता वितरण कार्यलाई जोडतोडले अघि बढाउने केन्द्रीय भेलामा योजना बनेको छ । केन्द्रीय भेलामा आगामी राणनीति र कार्यदिशाबारे व्यापक छलफल भएको छ ।

घट्दो क्रेज

छोटो अवधिमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा चर्चा कमाएका राउतले ११ बुँदे सहमति र 'जनमत पार्टी'को गठनसँगै उनको क्रेज पनि घट्दै गएको छ ।

२०६९ देखि मधेशको राजनीतिलाई बेग्लै धारमा 'स्वतन्त्र मधेश'को वकालत गर्दै आएका राउतले पार्टी घोषणा गर्दै स्वतन्त्र मधेशको धार फेरेका हुन् ।

उनको पछिल्लो अवतरण र भूमिका पछि उनका पछाडिको भीड पनि थोरै देखिइएको छ । स्वतन्त्र मधेशको मुद्दा छाडेर मूलधारको राजनीतिमा आएपछि राउतप्रति 'क्रेज' घट्दै गएको हो । लहानमा राउतको नागरिक अभिनन्दनमा पहिले जसरी न त जनउभार थियो न त जनउत्साह नै । मोटरसाइलक र जिपमा गरी करिब दुई/तीन सय कार्यकर्ता र समर्थककाबीच उनी केही नबोली सप्तरीतिर हिँडेका थिए ।

पछिल्लो समय राउतले मुद्दा बिसाएसँगै उनीको क्रेज पनि ह्वातै घटेको विश्लेषहरूको भनाइ छ ।

अलगाववादको मुद्दा उचालेर निरास मधेशी मनोभावना आकर्षित गर्ने राउत पहिलो पात्र होइनन् । सिकेभन्दा पहिला अलगाववादको (विखण्डन) मुद्दा उचालेर संघर्षरत १८ वटा संगठनसँग सरकारले यसअघि नै वार्ता गरिसकेको छ । यी सबै सशस्त्ररूपमा अलगाववादको संघर्ष गरिरहेका संगठन थिए । त्यसमध्ये जयकृष्ण गोइत मात्र सरकारसँग कहिल्यै वार्तामा आएनन् । १८ वटा संगठन जसले अलगाववादको मुद्दा उचाले ती पात्रसँग तत्कालीन सरकारहरूले वार्ता गरेर व्यवस्थापन गरेका छन् तर, मुद्दा ज्यूँदै रहेको छ । जसलाई अहिलेसम्म कुनै न कुनै न कुनै रूपमा कसैले न कसैले उचाल्दै आएको छ ।

*बाँकी अन्तिम पृष्ठमा*

**राउतको मौनता ठूलो रहस्य हो**



डा.विजयप्रसाद मिश्र

अन्तर्वार्ता पृष्ठ ३ मा

## प्रतिवेदन सार्वजनिक गरिने

काठमाडौं । सरकारले मधेश आन्दोलनको छानविन प्रतिवेदन शीघ्र सार्वजनिक गर्ने प्रतिवद्धता जनाएको छ । प्रतिनिधिसभाको बैठकमा सरकारका तर्फबाट कानुन, न्याय तथा संसदीय मामिला मन्त्री भानुभक्त ढकालले सर्वोच्च अदालतका पूर्व न्यायाधीश गिरिसचन्द्र लाल संयोजकत्वमा गठित आयोगको प्रतिवेदन यथाशीघ्र सार्वजनिक गरिने प्रतिवद्धता जनाएका हुन् । राष्ट्रिय जनता पार्टीले सदनमा उठाएको मागलाई सरकारले सकारात्मक रूपमा लिएको तथा सभामुखले जारी गरेको रूलिङप्रति सरकारको गम्भीर ध्यानाकर्षण भएको जनाउँदै प्रतिवेदन छिट्टै सार्वजनिक गरिने विश्वास दिलाएका हुन् । राजपाले लाल प्रतिवेदन सार्वजनिक गर्न माग गर्दै संसदको कामकारवाही अवरूद्ध गर्दै आएको थियो । संसदमा सरकारको तर्फबाट कानून मन्त्री ढकालले प्रतिवेदन सार्वजनिक गर्ने सम्बन्धमा सरकारको प्रतिवद्धता राखेपछि राजपाले संसद बैठक सुचारू भएको छ ।




समय–सन्दर्भ

सन्तोष मेहता



## सीकेलाई मूलधारमा ल्याएर समस्या समाधान हुँदैन

केही दिन अगाडि हाम्रा अध्यक्षमण्डलका नेतासहित प्रादेशिक भेलाहरू भएको थियो, त्यो बैठकबारे समीक्षा गर्नकै निम्ति गोप्यरूपमा अध्यक्षमण्डलको बैठक बसेको हो । प्रादेशिक भेलाबाट आएका विषयहरूलाई गम्भीरतापूर्वक छलफल गर्नुपर्ने भएकोले अत्यन्त गोप्य तरिकाले बैठक भएको हो । प्रदेशमा हाम्रो सरकारको प्रभावकारिता, स्थानीय तहका सरकारको प्रभावकारिता र पार्टीका नेताहरूसँगको समन्वयबारे अध्यक्षमण्डलले छलफल गरेको हो ।

**यो गम्भीर आशंकाकै बीचमा सरकारसँग सहमतिपछि पनि सीके राउतले जसरी जनमत संग्रह गर्नुपर्छ भन्ने लाइनलाई लिएर अगाडि बढिरहेका छन् । यसले के प्रष्ट पारेको छ भने मधेशसँग खेल्ने प्रधानमन्त्रीको नियत रहेको छ । मधेशी जनता अलग देशको परिकल्पना गरेर अगाडि बढेका होइनन् ।**

देशको समसामयिक राजनीति, पार्टीको आगामी कार्यदिशा र फोरमसँग एकताका विषयमा गम्भीरतापूर्वक अध्यक्षमण्डलले छलफल गरेको हो । बैठकबाट निकालिएका निष्कर्ष चाँडै नै सार्वजनिक हुनेछ । तैपनि म प्रवक्ताको हैसियतले केही विषयहरू सार्वजनिक गर्न चाहन्छु । बैठकमा जिल्लाहरूमा अध्यक्षमण्डलका नेताबीच समन्वयको अभाव, केन्द्रीय नेता र अध्यक्षमण्डलबीच पनि समन्वयको अभाव रहेको निष्कर्ष निकालिएको हो । कतिपय जिल्लाहरूमा संयोजककै विषयमा विवाद देखिएको छ । त्यसैले, सात दिनभित्र प्रत्येक जिल्लाका अध्यक्षमण्डल र केन्द्रीय नेतृत्वबीच छलफल र समन्वय गर्ने निष्कर्ष निकालिएको छ । यसैगरी, प्रदेश २ मा हाम्रा पार्टीका मन्त्री र राज्यमन्त्रीबीच समन्वय नभएको अध्यक्षमण्डको निष्कर्ष रह्यो । त्यसैले, मन्त्री र राज्यमन्त्रीबीच बैठक गर्ने र केही अधिकारहरू राज्यमन्त्रीलाई पनि दिने अध्यक्षमण्डलले निर्णय गरेको छ ।

स्थानीय तहमा मेयर-उपमेयर, अध्यक्ष-उपाध्यक्षबीच समन्वय, स्थानीय तहलाई अझ कसरी प्रभावकारी बनाउने त्यस विषयमा संयोजन गर्ने जिम्मेवारी अध्यक्षमण्डलका नेता अनिल झाले जिम्मेवारी पाउनुभएको छ । यसैगरी, अबको दिनमा प्रशिक्षणको जिम्मेवारी अध्यक्षमण्डलकै अर्का सदस्य राजकिशोर यादवले पाउनुभएको छ । त्यसैगरी, हाम्रा सांसद रेशम चौधरीलाई जन्मकैदको सजायपछि एउटा भीषण आन्दोलनको आवश्यक्ता देखियो । यो आन्दोलनका निम्ति शक्ति संचय गर्न हामीसँग मुद्दा र विचार मिल्ने सबै पक्षसँग मोर्चाबन्दी गर्ने वा एकीकरण गर्ने र आन्दोलनको रूपरेखा बनाउन सम्पूर्ण जिम्मेवारी अध्यक्षमण्डलका नेता राजेन्द्र महतोले पाउनुभएको हो । यस्ता निर्णयहरू भएका छन् ।

राजपाको महाधिवेशन त गर्नैपर्छ । भनिएकै मितिमा अहिले महाधिवेशन हुने अवस्था देखिएको छैन । त्यसैले समय तलमाथि हुनसक्छ । महाधिवेशन पार्टीको आवश्यक्ता हो । त्यस विषयमा पनि छलफल भएका छन् । जिल्ला-जिल्लाबाट रिपोर्ट आइसकेपछि अध्यक्षमण्डलले महाधिवेशनको बारेमा एउटा ठोस निर्णय गर्नेछ ।

महाधिवेशनका विभिन्न मोडेलहरू

*बाँकी पृष्ठ २ मा*



## सम्पादकीय



# रंगहरूको पवित्रता

विगत वर्ष झैं यसवर्षको रंगहरूको पर्व होली पहाड र मधेशमा दुई दिन मनाइएको छ । होलीले सम्पूर्ण नेपाली जनमा हर्षोउल्लास ल्याउने गर्दछ । रंग दलेर शुभकामना साटासाट गर्दै होली मनाइने गरिन्छ ।

होली हामी नेपालीको उत्सव हो तर होलीको नाममा पनि हिमाल, पहाड, तराईमा विभाजन गरिएको छ, छुट्टाछुट्टै दिन मनाउने भनेर । यसले गर्दा एउटै देशमा रहेका नेपालीहरूमा टाढा रहेको अनुभूति दिलाउँछ । भनाई नै छ नि 'हिमाल पहाड तराई कोही छैन पराई' । यसलाई बरू एकैदिन बनाउन आवश्यक देखिन्छ । तराईमा उल्लास हुँदा होलीको पहाडमा पनि खुशीयाली छाएको हुनुपर्छ, अनि हिमाल पनि ।

होली हिन्दू संस्कृतिमा प्रत्येक वर्षको फागुन शुक्ल पूर्णिमा अर्थात होली पूर्णिमाको दिन मनाइन्छ । यो नेपाल, भारत तथा अन्य राष्ट्रमा रहेका हिन्दूहरूको एउटा महत्वपूर्ण चाड हो । यो चाड वसन्त ॠतुमा फागुनको महिनामा मनाइन्छ । होली रंगहरूको चाड हो । होलीको दिन मानिसहरूले एक अर्कामाथि विभिन्न प्रकारका रंगहरू हालेर एक अर्कालाई रंगीन बनाउँछन् । भनिन्छ कि होलीको दिन 'पुरानो कटुता समाप्त गरेर, दुश्मनी बिर्सेर मान्छे एकअर्कासत मिल्छन्' । यस पर्वलाई फागुनको महिनामा मनाउने भएकाले यसलाई फगुआ पनि भनिन्छ । होली पर्व घरपरिवार साथीभाइ आपसमा रंगमा रंगीएर उल्लासपूर्वक मनाउने फागुन पूर्णिमाको अवसरमा पहाडदेखि तराई र गाउँदेखि सहरसम्मका केटाकेटी, युवायुवती तथा प्रौढहरूका हूल तथा जत्थाहरू हातमा रंग र रंगीन घोल पदार्थ लिएर गाउँदै, बजाउँदै, रमाइलो र होहल्ला गर्दै आपसी रिसईबीलाई बिर्सेर उत्साह र उमंगका साथ मनाइने रंगीन पर्वको रूपमा लिइन्छ ।

फागुलाई मदनोत्सव पनि भनिन्छ । यहाँ मदनको अर्थ हो प्रणय, प्रेम र शृंगार ! हाँस र हँसाउ, जसले रंग लाइदिन्छ उसलाई रंग लाइदेउ, क्षमा गर, सहनशील बन यसको मुख्य संदेश हो । फाल्गुण पूर्णिमा चन्द्रमाको जन्म दिन हो । नेपालमा फागू पूर्णिमालाई चीर पर्व पनि भन्ने गरिन्छ । फागु पूर्णिमा सद्भावको प्रतीक

**दुष्प्रवृत्ति एवं अमंगल विचार नाश गरी, सद्प्रवृत्तिका मार्ग देखाउने, ईश्वरीय चैतन्य प्राप्त गर्ने आध्यात्मिक साधनामा अग्रसर हुने, अग्निदेउता प्रति कृतज्ञता व्यक्त गर्ने पर्व हो फागु ।**

हो । पूर्वा फाल्गुणी नक्षत्र पूर्णिमाको दिन रहन पुग्दा यो महिनालाई फाल्गुन भनिएको हो । चाड पर्व मनाउनुको पछाडी केही नैसर्गिक, सामाजिक, ऐतिहासिक एवं आध्यात्मिक कारण रहन्छन । यी चाड मनाउनुको पछाडि चाड मनाउने व्यक्तिले उसको सामाजिक जीवनमा लाभ पाओस् भन्ने अभिप्राय लुकेको हुन्छ । फेरी चाड पर्व मनाइदा नै समाजको आध्यात्मिक उन्नति सम्भव हुन्छ । त्यसकारण चाड पर्वको शास्त्राधार के हो थाहा पाउनु जरूरी हुन्छ ।

होली संक्रान्ति सरह कि देवी हुन् । मानव शरीरको षड्विकारहरू माथि विजय प्राप्त गर्ने क्षमता होलीका देवीमा रहेको मानिन्छ । त्यसैले मानव विकार माथि विजय प्राप्त गर्न होलिका देवीसँग प्रार्थना गरिन्छ । अग्निप्रति कृतज्ञता व्यक्त गर्नु यसको दोश्रो अंग हो । होली अग्निदेवताको उपासनाको एक अंग हो । अग्निदेवताको उपासना गर्दा व्यक्ति विशेषको तेजतत्व बढ्न पुग्छ र उसको रजो र तमो गुण घट्दछ । त्यसकारण होलीका दहन रात्रीकालमा गरिएको हो ।

पृथ्वी, पानी, तेज, वायु र आकाश यी पाँच तत्वहरूको सहायताले देव तत्वलाई पृथ्वीमा ल्याउने माध्यम यज्ञ हो । पृथ्वीमा स्पन्दन नहुँदा त्रेतायुगमा पञ्च तत्वमा विष्णुतत्व प्रकट हुन् पुग्यो । यज्ञको ज्वालासँगै यज्ञकुंडमा विष्णुतत्व प्रकट भएको दिन फाल्गुन पूर्णिमाको दिन थियो । दुष्प्रवृत्ति एवं अमंगल विचार नाश गरी, सद्प्रवृत्तिका मार्ग देखाउने, ईश्वरीय चैतन्य प्राप्त गर्ने आध्यात्मिक साधनामा अग्रसर हुने, अग्निदेउता प्रति कृतज्ञता व्यक्त गर्ने पर्व हो फागु ।

## सातको सात बात



सिरक्षापरिषद् बैठकमै प्रधानमन्त्रीले आफ्नो पार्टीसहित फरक विचार राख्ने केही पार्टी र समूहलाई विप्लवजस्तै निमिट्यान्न पार्न निर्देशन दिएको हामीले थाहा पाएका छौँ । प्रधानमन्त्रीले धम्क्याउँदैमा हामी बन्दुक बाकेर हिँड्दैनौं, सरकारको विरोध गर्न पनि छोड्दैनौं । **डा. प्रकाशचन्द्र लोहनी, अध्यक्ष राप्रपा (संयुक्त)**



संघीयता राख्ने कि खारेज गर्ने र गणराजतन्त्र भन्ने विषयमा जनताले माग गरे भने जनमत संग्रहमा जानुपर्छ । कांग्रेस जनताको मतमा विश्वास गर्ने पार्टी हो । हामी जनमत लिन डराउनु हुँदैन । **डा.शशांक कोइराला, नेपाली कांग्रेसका महामन्त्री**



तपाईहरू अनुमति (लाइसेन्स) दिएर चुप लागर बस्ने होइन क। सरकार र जनतालाई झुक्याउने, बदनाम गर्नेलाई कारबाही पनि गर्नुस् । मैले मन्त्री, प्रशासक जस्ता ठूला मान्छे चिनेको छु भनेर ढुक्क नहुनुस् । **गोकुलप्रसाद बाँस्कोटा, सञ्चार तथा सूचना प्रविधिमन्त्री**



मुलुकलाई अझै बहुआयमिक नागरिकको खाँचो छ । बालबालिकामा अन्तर्निहित प्रतिभा उजागर गरी बहुआयामिक बनाउनु जरूरी हुन्छ । बालबालिकाको संरक्षणमा सबै पक्ष उत्तिकै लाग्नुपर्ने छ । **जगतबहादुर विश्वकर्मा, युवा तथा खेलकूदमन्त्री**



सरकारले वार्ताको ढोका बन्द गरेर विप्लव नेतृत्वको नेकपालाई भूमिगत बनाउने काम गरेको छ , सरकारबाटै विप्लव नेकपालाई जवरजस्त भूमिगत बनाउने काम भएको छ । विप्लव पनि विद्रोह छोडेर शान्तिपूर्ण राजनीतिमा आउनु पर्नेछ र सरकारले पनि शान्तिको बाटो बन्द गन हुने छैन । **बालकृष्ण खाँण, नेपाली काँग्रेसका प्रमुख सचेतक**



विधिविधानको अधीनमा रही सकेसम्म विवादरहित तरिकाले नाम राखिने छ । नयाँ वर्षको शुरूवातसँगै प्रदेशको नाम र राजधानीको टुङ्गो लाग्ने छ । **शेरधन राई, मुख्यमन्त्री प्रदेश नं. १**



एक्लाएक्लै हिँडेर लक्ष्य प्राप्त हुन सक्दैन । संघ, प्रदेश र स्थानीय तहले गर्ने काममा सहकार्य र सहमति आवश्यक छ । गण्डकीलाई समृद्ध र अब्बल प्रदेश बनाउने कुरा सरकारको मुख्य प्राथमिकतामा रहेका र त्यो पर्यटनबाट सम्भव रहेको छ । **पृथ्वीसुब्बा गुरूङ, प्रदेशका मुख्यमन्त्री प्रदेश नं ४**

# सहमतिमात्रै गर्ने कि समाधान पनि खोज्ने ?



ललितकुमार यादव

**मधेश केन्द्रित दलहरू र सरकारबीच सहमति र सम्झौताहरू कम भएन । भएन त कार्यवन्यन । मधेश अहिले पनि तरल राजनीतिक अवस्थामै छ । मधेशले भविष्यमा लिन सक्ने राजनीतिक रूपको आकलन गर्न सहज छैन ।**

२००७ साल मै वेदानन्द झाद्वारा तराईको स्वयत्तताको मुद्दा उठान गर्दै तराई काँग्रेसको स्थापना गरिएको थियो । त्यस बेलादेखि नै तराईले आफ्ना समस्या र मुद्दाको समाधान खोज्दै आईरहेको छ तर समाधान पाउन सकेको छैन । वेदानन्द झा पछि पनि विभिन्न व्यक्ति र समूहहरूले तराईको स्वयत्तताको मुद्दा उठान गर्दै आई रहेका छन । तराईको स्वयत्तताको मुद्दा उठान गर्नेमा शसस्त्र समूहदेखि मुलधारको राजनीतिक दलहरू समेत रहेका छन । केही समयदेखि शसस्त्र समूहहरूको अस्तित्व देखिएको छैन तर एक समयमा शसस्त्र समूहहरू निकै प्रभावमा थियो ।

जन आन्दोलन ०६२/६३ पश्चात मूलधारको राजनीति गर्ने मधेश केन्द्रित दलहरूको उदय भयो । मधेशमा आन्दोलनले अग्रस्थान लियो । आन्दोलन लामो समयसम्म चल्यो, दर्जनौ मधेशी सपुतहरूले सहादत प्राप्त गरे, अंगभङ्ग र घाईते भए ।

२०६३ सालदेखि नेपालको संविधान घोषणा हुँदासम्म मधेशमा तीन पटकसम्म आन्दोलन भयो । त्यो पनि लामो समयसम्म आन्दोलन चल्यो । मधेश आन्दोलनहरूले निकै इतिहासहरू रचन सफल भयो । मधेशले बलिदानि दिन कुनै कसर बाँकी राखेन तर मधेशले खोजेको सामाधान पाउन सकेन । मूलधारका मधेश केन्द्रित दलहरू आन्दोलित हुने, सहमति गर्ने तर सहमति कार्यवन्यन नहुँदै सरकारमा सहभागि हुन मात्र हतार गर्ने र परिस्थिति प्रतिकुल हुन साथ फेरि आन्दोलित हुने क्रमले बिश्राम लिई सकेको छैन । मूलधारका मधेश केन्द्रित दलहरूसंगको सहमति कार्यवन्यन नहुने र मधेश जहिले आन्दोलित भै रहनु पर्ने कारण मधेशका जनताहरू सिके राउतको अभियानमा आकर्षित भए । त्यसै पनि विद्धान र बुद्धीजिवी छवि भएको व्यक्तिको अभियान आकर्षक नहुने कुरै थिएन ।

विगतदेखि नै मधेशी जनता आफ्नै देशमा अपहेलित भएर बस्नु परेको महशुस गर्दै आइरहेका छन । मधेशी समूदायले अहिले सम्मका कुनै पनि शासकबाट सम्मानजनक व्यवहार पाउन सकेका छैनन । मधेशी जनताले केन्द्रबाट विभेदरहित सम्मानजनक व्यवहारको आश गरेका छन । केन्द्रले मधेशी समुदायलाई अपहेलना होइन सम्मान गर्न सक्नु पर्छ । मधेशका जनताले समता चाहेका छन । केन्द्रबाट समानताको सन्देश पाएमा मधेशको आक्रोश आफै कम हुँदै जान्छ । कुनै किसिमको विभेद नगरिने र विभेद हुन पनि नदिने विश्वास केन्द्र सरकारले मधेशी समुदायलाई दिलाउन सक्नु पर्छ । मधेशको भावनालाई कदर गर्न सक्नु पर्छ । भावनात्मक रूपमा मधेशलाई केन्द्र सँग जोड्न चुक्नु हुदैन ।

डा. सिके राउत स्वतन्त्र मधेश गठबन्धनको स्थापना गरि शान्तिपूर्ण र गैर हिंसात्मक माध्यमबाट मधेशलाई स्वतन्त्र गराउन चाहनु हुन्थयो । अहिले सरकारसँग सहमति गरेर मुलधारको राजनितिमा प्रवेश गरेकाले स्वतन्त्र मधेशको मुद्दा छोडि सकेको मान्नु पर्ने हुन्छ । मधेश आन्दोलनले खोजे जति उपलब्धि दिन नसकेकाले सिके राउतको नैलो र अलग खालको अभियानमा जनताको सहभागिता बढनु स्वभाविक नै थियो । देश टुक्रयाउने अभिव्यक्तिका कारण राउतलाई पक्राउ गर्ने र मुद्दा लगाउने क्रम नै चलन थाल्यो । संविधान घोषणा पश्चात भएको निर्वाचनहरू जनस्तरबाटै वशिष्कार गराउने राउतको अभियान सफल हुन सकेन । त्यसपश्चात् राउतको स्वतन्त्रता अभियानप्रतिको जन आकर्षण घटदै गएको थियो ।

यस अघि पक्राउ पर्दै सामान्य तारिखमा छुटदै आउनु भएका राउत पछिल्लो पटक रौतहट जिल्ला अदालतबाट पक्राउ परेपछि लामो समयदेखि कारागारमै बस्नु भएको थियो । कारागारबाट बाहिरिए लगतै ११ बुँदे सहमति गर्न प्रधानमन्त्रीसँग सार्वजनिक हुनु भयो । यो सहमति कसरी सम्भव भयो त्यो छुट्टै विषय हो । साथै यसको समर्थन र विरोधको आफ्नै पाटो रहेको छ । तर ११ बुँदे सहमति समस्याको समाधान हो की सहमति मात्रै हो मूल विषय यो हो । सहमतिको २ नं. बुँदाको सरकार र राउतले गरेको फरक फरक विश्लेष्णले एकले अर्कालाई झुक्याउन खोजेको हो की के हो बुझ्न कठिन छ । सहमति मधेशको जनताको लागि बेल पाक्यो कागलाई हर्ष न बिस्मात जस्तै भएको छ । सहमतिले मधेशी जनताको केन्द्रीय सरकारप्रतिको अविश्वासमा कुनै कमी ल्याएको छैन । यो सहमति सहमति हो भन्नेमा कुनै शंका छैन तर यो समाधान हुनै सक्दैन ।

रेशम चौधरीलाई आजिवन कारावासको फैसला हुने बितिकै राजपाले सरकारलाई दिएको समर्थन फिर्ता लियो । सम्मानित अदालतको फैसलालाई सम्मान गर्नै पर्छ । तर जन निर्वाचित प्रतिनिधिलाई आन्दोलनको क्रममा घटित घटनाको दोषी ठहर गर्नु हुदैन्थयो । यो एउटा दुःखद राजनीतिक घटना थियो र यसलाई त्यही रूपमा हेर्नु पर्थ्यो । रेश्म चौधरी थारू र मधेश केन्द्रित दलको प्रतिनिधि भएकै कारण दोषी ठहर गरिएको ठहर मधेशी समुदायको रहेको छ । अन्य राजनीतिक घटनालाई राजनीतिक घटनाको रूप दिन सक्ने तर यसलाई अपराधिक घटनाकै रूपमा हेर्नुले मधेशी समुदायको शंकालाई झन बल पुगेको छ । यद्यपि टीकापुरको घटनालाई दुःखद घटना होइन भनेर स्विकार्न सकिदैन । त्यही घटनाका पीडित थारूहरू न्याय पाउन बाट बञ्चित हुनु हुँदैन । मधेशले खोजेको समभाव पनि यहि हो । मधेशको यो कुनै अनुचित माग होइन ।

मधेश केन्द्रित दलहरू र सरकारबीच सहमति र सम्झौताहरू कम भएन । भएन त कार्यवन्यन । मधेश अहिले पनि तरल राजनीतिक अवस्थामै छ । मधेशले भबिष्यमा लिन सक्ने राजनीतिक रूपको आकलन गर्न सहज छैन । मधेशी जनताको साथ र समर्थन पाएका मधेश केन्द्रित दलहरू जनभावनाको कदर गर्न सकिरहेका छैन । मधेश केन्द्रित दलहरू मधेशको समस्या समाधान गर्न भन्दा सत्ताकै खेलमा केन्द्रित रहेको छ । मधेश केन्द्रित दलहरूको यही प्रवृतिका कारण मधेशी जनताहरू नया नया नेतृत्वको खोजीमा रहेका छन । यसले मधेशी जनताहरूको आकर्षण गलत नेतृत्व प्रति बढ्न सक्ने सम्भावना उतिकै छ ।

मधेशी जनतालाई आन्दोलित गर्न नसकेको कारण मात्र राजपा विद्रोह गर्न सकि रहेको छैन । राजपा मधेशी जनताको संकेतको पर्खाईमा छ । संकेत पाउन साथ राजपा सडकमा धुलो उडाउन तयारी अवस्थामा बसेको छ । राजपा अन्दोलित हुन तयारी गरि रहेको सजिलै बुझ्न सकिन्छ । सरकारसँगको सहमति पछि सिके राउतका कार्यकर्ताहरू पनि आक्राोशित नभएका होइन । राउतले आफ्ना कार्यकर्तालाई सन्तुष्ट पार्न सक्नु उतिकै कठिन परिस्थिति छ । मूलधारका मधेश केन्द्रित दलहरूको कार्यशैली मधेशी जनताहरूलाई पनि मन परेको छैन । यस्तो अवस्थामा मधेशी जनताहरू मधेश केन्द्रित दलहरू प्रति आक्रोशित नहोला भने छैन । भोलि सिके राउत नै सरकारले भने झै स्वतन्त्रताको मुद्दा उठाउदैन भने कुनै ठोस सहमति छैन । सरकारबाट अलग हुँदा मधेश केन्द्रित दलहरू आन्दोलन बाहेक केही देखदैन । सरकार पनि सहमति गर्न पछि हटदैन तर कार्यावन्यन गर्न अघि सर्दैन । समस्या समाधानन भएसम्म मुद्दा उठान गर्ने नया नया शक्तिहरू जन्मिने सम्भावना उतिकै छ । फेरि बलिदान दिन कुनै कसर बाँकी नराखेका मधेशी जनता समाधान बेगर सँधै चुपी साँधैरै बसला भनेर सोच्नु मुर्खताबाहेक केही हुन सक्दैन । तसर्थ सहमति गर्नु भन्दा समाधान खोज्नु बेस हुन्छ । मधेशको पहिचान नेपालकै पहिचान हो भनेर अन्तरआत्माले स्वीकार्दै मधेशी जनतालाई अपनत्वको कमी हुन दिनु हुदैन ।

## सीकेलाई...

हुनसक्छन् । त्यस विषयमा पनि आगामी बैठकमा छलफल हुनेछन् । एउटा मोडल के हो भने सक्रिय सदस्य वितरण गरेर वडादेखि प्रादेशिक अधिवेशनसम्म गर्ने हो भने महाधिवेशनका लागि अझै चार/पाँच महिना आवश्यक पर्छ । तर, समयमै महाधिवेशन गर्ने हो भने त्यो स्थिति निश्चितरूपमा देखिएको छैन । त्यसकारण अर्को मोडेलहरू पनि हुनसक्छ महाधिवेशनका लागि । महाधिवेशन हुन्छ, गर्नुपर्छ । यस मामिलामा सम्पूर्ण पार्टीपंक्ति एक हुनुहुन्छ । यसलाई विशेष महाधिवेशन भनेर पूर्ण महाधिवेशन पछि गर्ने भन्ने हिसाबले पनि हुनसक्छ । एउटा विशेष महाधिवेशन गरेर केन्द्रीयस्तरका नेतृत्व व्यवस्थापन गर्ने, त्यसपछि विस्तारै सम्पूर्ण तहमा अधिवेशन गर्दै महाधिवेशन जाने भन्ने बाटो पनि हुनसक्छ ।

महाधिवेशनका लागि म्याद थप्नैपर्छ । तर, सम्पूर्ण तहको अधिवेशन सम्पन्न गर्दै महाधिवेशनमा जान करिब १ वर्षको समय थप्नुपर्ने आवश्यकता देखिएको छ । अब चाँडै महाधिवेशन गरिएन भने पार्टीको संगठनमा समस्या आइरहेको छ । त्यसैले, कुनै न कुनै प्रक्रियाबाट विशेष महाधिवेशन सम्पन्न गरेर त्यसपछि बाँकी क्रियाकलापलाई अगाडि बढाउनुपर्छ । यसरी गर्न सकियो भने संघर्षलाई अगाडि बढाउन सजिलो हुन्छ । यसरी गर्न सकिएन भने आगामी दिन निश्चितरूपमा संघर्षको बाटो हो र यसै क्रममा महाधिवेशन गर्न गाह्रै हुन्छ ।

महाधिवेशनको मिति तोकिएदेखि नै त्यसको तयारीमा पार्टी लागेकै हो । यसमा गम्भीर देखिएन भन्न मिल्दैन । तर, छ वटा फरक-फरक धारका पार्टीहरू समान हैसियतमा एकीकृत भएको हुनाले समन्वयको अभावले गर्दा महाधिवेशनको पहिलो सर्तको रूपमा रहेको सक्रिय सदस्यताको नामावली अहिलेसम्म आइनसकेको अवस्था हो । त्यसकारणले महाधिवेशनका अन्य प्रक्रियाहरू प्रारम्भ हुन नसकेको हो । तर, पार्टी नेतृत्व समयमै महाधिवेशन गर्न गम्भीर छँदैछ ।

हाम्रा आन्दोलनका सहयात्री संघीय समाजवादी फोरम नेपालसँग एकताको विषयमा पनि अध्यक्षमण्डलले गम्भीरतापूर्वक छलफल गरेको छ । फोरम नेपालले औपचारिकरूपमा एकताका लागि पार्टी नेतृत्वलाई पत्राचार गरिसकेको छ । तर, पत्रको आदान-प्रदानले मात्रै हुँदैन । अहिले राजपाको स्ट्यान्ड भनेको प्रतिपक्षीको हो । त्यसका कारणहरू पनि राजपाले प्रष्ट्याइसकेको छ । त्यसैले सरकारमा रहेका अर्को पार्टीसँग एकीकरण अहिलेको अवस्थामा सम्भव छैन । यद्यपि, हामी प्रतिपक्षीमा बस्नुपर्ने कारणहरू फोरम नेतृत्वलाई बुझाइएको छ र एकताका लागि सरकारबाट बाहिरिनु आवश्यक छ । सरकारबाट फोरम नेपाल बाहिरिएर आयो भने एकता सहजरूपमा हुनसक्छ ।

सीके राउत मूलधारको राजनीति आउनुलाई राजपाले सकारात्मक रूपमै लिएको हो । हाम्रो आपत्ति यति मात्रै हो कि जुन तरिकाले रातारात अदालतको सेटिङ्गमा सांसद रेशमलाल चौधरीलाई जन्मकैद हुन्छ, त्यसपछि राजपाले समर्थन फिर्ता लिने निर्णय गर्छ, अनि एकाएक सीके राउतलाई जेलबाट बाहिर निकाली भोलीपल्ट राजनीतिक सहमतिको घोषणा हुन्छ । यसले के स्पष्ट पाऱ्यो भने राजपालाई तह लगाउनु कि भनेर सीके राउतलाई लञ्च गरिएको हो । यो गम्भीर आशंकाकै बीचमा सरकारसँग सहमतिपछि पनि सीके राउतले जसरी जनमत संग्रह गर्नुपर्छ भन्ने लाइनलाई लिएर अगाडि बढिरहेका छन् । यसले के प्रष्ट पारेको छ भने मधेशसँग खेल्ने प्रधानमन्त्रीको नियत रहेको छ । मधेशी जनता अलग देशको परिकल्पना गरेर अगाडि बढेका होइनन् । यो सरकारलाई राजपाबाटै चुनौती रहेको भन्दै सीके राउतलाई यसरी सुनियोजित तरिकाले ल्याइएको हो ।

पहिला कुरा जनमत संग्रह कसले गराउँदैछ । जनमत संग्रहको सम्झौता भएको भए त्यहीं सम्झौतामै लेखिन्थ्यो नि त । तर सम्झौतामा जनअभिमत भनिएको छ । तर, मधेशको समस्या जनमत संग्रह गरेर समाधान हुँदैन । मधेशको समस्या भनेको संविधान संशोधन गरेर, मधेशलाई राज्यको मुल प्रवाहमा ल्याएर समाधान हुन्छ । सीके राउतलाई मूलधारको राजनीतिमा ल्याएर मधेशको समस्या समाधान हुँदैन । मधेशलाई मूलधारमा ल्याउनुपऱ्यो । मधेशलाई मूलधारमा ल्याउने भनेको सेनामा मधेशीको समानुपातिक तरिकाले सहभागिता, हरेक अंगमा सहभागिता, जनसंख्याको आधारमा निर्वाचन क्षेत्र निर्धारण र प्रादेशिक संरचना मधेशको मनोविज्ञानअनुरूप गर्नु भनेकै मधेशको समस्याको समाधान हो । जहाँसम्म जनअभिमतको कुरा हो, मधेशी जनताले पटक-पटक आफ्नो अभिमत दिएकै हुन् । आन्दोलनमार्फत् सडकमा जनअभिमत दिइसकेका छन् । लाखौं जनता एकै दिन सडकमा ओर्लेर विश्कै सबभन्दा ठूलो मानव साङ्लो बनाएर बताइदिएका छन् । त्यो पनि जनअभिमत हो । निर्वाचनमार्फत् पनि मधेशी जनताले आफ्नो अभिमत दिइसकेका छन् । त्यसैले अहिलेको अवस्था एकदम राम्रो छ । यदि प्रधानमन्त्री केपी ओली अझै एउटा मास्टरस्ट्रोक गर्ने हो भने मुलुकको हितमा हुनेथियो । उहाँले सीके राउतलाई मूलधारमा ल्याउने सम्झौता गर्नुभयो त्यो ठिकै गर्नुभयो । ठिक यही बखत राजपासँग वार्ता गरेर संविधान संशोधनको प्रक्रिया अगाडि बढाइदियो भने विखण्डनका मुद्दा सदाका निम्ति समाप्त हुन्थ्यो ।

*(राजपा नेपालका प्रवक्ता सन्तोष मेहतासँग गरिएको कुराकानीमा आधारित ।)*

# डा.सीके राउतको मौनता ठूलो रहस्य हो

**उहाँको दूरदृष्टि र भिजन भनेको मधेशलाई छुट्टै देश बनाउने नै हो। त्यो कुरा अब कागजमा नभए पनि मनमष्तिस्कमा छ। उहाँको बडी ल्याङ्ग्वेज पनि देखाइरहेको छ।**



## डा.विजयप्रसाद मिश्र
### मधेश मामिलाका जानकार

**० पृथकतावादी धारबाट मूलधारको राजनीतिमा डा.सीके राउतको आगमनले मधेश राजनीतिले कस्तो मोड लिएको छ ?**

– मधेशका धेरै युवाहरू डा.सीके राउतप्रति आकर्षित थिए। उहाँ खुला राजनीतिमा आइ पार्टी दर्ता गर्ने निर्णय गरेकोले यसले पक्कै पनि मधेशमा एउटा आशा पलाएको देखिन्छ। संविधानसभाको निर्वाचनमा मधेशकेन्द्रित दलहरूले राम्रो मत ल्याएका थिए तर दोस्रो संविधानसभासम्म आइपुग्दा पार्टीहरू टुटफुटका कारण संख्या कम हुन पुगेको थियो। तर अहिले आएर कार्यगत एकता गर्न थालेपछि प्रदेश २ मा मधेशकेन्द्रित दलको सरकार बन्यो। त्यसैले, डा.सीके राउतको पार्टीले मधेशकेन्द्रित दलहरूसँग कार्यगत एकता गर्‍यो भने नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टीलाई अप्ठ्यारो पार्न सक्छ। तर, मिलेर गएन वा कार्यगत एकता गरेन भने कुनै उपलब्धि हासिल गर्न सक्दैन।

**० डा.सीके राउतको पार्टीले मधेशकेन्द्रित दलहरूसँग कार्यगत एकता गर्नुपर्ने हो ?**

– हो, निश्चितरूपमा कार्यगत एकता आवश्यक छ। मधेशमा संगठनको होडबाजी चल्छ। मधेशी दलहरू मधेशबाट जसरी जितेर आइसकेका छन् त्यति पकड त अहिले डा.सीके राउतसँग छैन। यो उहाँको यो पहिलो स्टेज हो। पहिला डा.राउतप्रति जुन किसिमको आकर्षण देखिएको थियो त्यसमा अहिले ह्रास आएको छ। राजविराजमा उहाँको जुन रैली भएको थियो त्यसमा जनताको खासै उपस्थिति थिएन। त्यसैले, अहिले पनि उहाँले चाहेको जस्तो सजिलैसँग संगठन बनाउन सक्नुहुन्न। जनता जहिले पनि परिवर्तनशील हुन्छ। उहाँको संगठनमा जनतालाई आफ्नो तर्फ आकर्षित गर्नसक्ने क्याडरको कमी छ।

**० मधेशमा राजपा र फोरमको विकल्पमा डा.सीके राउत आउन सक्छन् ?**

– राजपा र फोरमको विकल्पमा पहिला देखिएको थियो। तर, डा.सीके राउत जेलमा ५/६ महिना बस्दा राम मनोहरको मृत्यु भइसकेपछि उहाँ धेरै त्रसित हुनुभयो। यति दिन मात्रै जेल बस्दा कसरी बार्गेनिङ्ग गरेर छुट्छु भन्ने देखियो। यो एउटा राजनेताको लक्षण होइन। हुन त उहाँ विदेशमा एउटा अध्ययन गरेका, वैज्ञानिक मान्छे र सम्पन्न परिवारका हुनुहुन्छ। त्यसैले उहाँ जेलमा पाँच महिना बस्दा आतिनु भयो। यसरी आतिँदा त त्यसको मूल्यांकन जनताले गर्छन्। यो कुरा अब गाउँ-घरको चिया पसलमा उठ्छ कि पाँचै महिना जेल बसाइले कसरी यी नेता आतिए। किनभने नेपालमा धेरै नेताहरू वर्षौंवर्ष जेल बसेर अहिलेको अवस्थामा आएका छन्। राजनीतिक सहमति घोषणा कार्यक्रममा डा.राउतले आफ्नो पाँच महिना जेल बसाइको जुन कहानी सुनाउनुभयो त्यसले उहाँको सातो लिएको जस्तो छ।

**० डा.राउतलाई राजनीतिमा स्थापित हुन कतिको चुनौती देख्नुहुन्छ ?**

– डा.सीके राउतले महात्मा गान्धी, बुद्ध र नेल्सन मण्डेलाको सिद्धान्त मान्छु भन्नुहुन्छ। तर, दक्षिण एसियाको निर्वाचन प्रणाली के छ भने पैसा खर्च नगरिकन चुनाव जितिँदैन। जनताले के स्वाद पाइसकेका छन् भने जो नेता पनि पैसा लिएर चुनाव लड्न आउँछन्। त्यसैले लोकतन्त्रमा पैसाको खोलो बग्ने हुन्छ, त्यसले गर्दा जसले पैसाको खोलो बगाएर चुनाव जित्छ उसले पैसा असूल गर्नका लागि कमिसन खाने, भ्रष्टाचार गर्छन्। निर्वाचन जितेर गइसकेका प्रतिनिधिहरू कुनै पदमा पुग्दा उनी कानून बनाउनका लागि आएको सोच्दैनन्। उनले खर्च गरेको पैसा कसरी असूल गर्ने भन्ने सोच राख्दछन्। जनताले भोट दिएर जिताइसकेपछि उनीहरूले कमिसन र भ्रष्टाचार गर्ने लाइसेन्स प्राप्त गर्छन्। यो छुट जबसम्म नेपाली नेताहरूले पाइरहन्छन् तबसम्म सीके राउतको सिद्धान्त, भिजन काम लाग्दैन। किनभने नेताहरूले अनेक टिकडम् गरेर सफल हुन दिँदैनन्। उहाँ पक्कै पनि कमिशन खाने अथवा भ्रष्टाचार गर्ने सोच राखेर आउनुभएको छैन। त्यत्रो पैसाको तलब छोडेर मधेशी जनताको हक अधिकार तथा आत्मसम्मानका लागि जसरी राजनीतिमा होमिनु भएको छ। अरू नेताहरू अर्थ राजनीति गर्छन्, पैसाका लागि राजनीति गर्छन् भने उहाँले त्यस्तो गर्नुहुन्न जस्तो लाग्छ। पैसाका लागि राजनीति गर्नेहरूको टिकडम्बाट उहाँ बच्न सक्नुहुन्छ कि हुन्न त्यसमा शंका लागिरहेको छ।

**० प्रधानमन्त्रीले डा.सीके राउतसँग मात्रै सम्झौता गरेर नेपालमा पृथकतावादी आन्दोलनहरू समाप्त हुन्छ त ?**

– प्रधानमन्त्रीले आफ्नै पहलमा सम्झौता गरेर डा.सीके राउतलाई मूलधारमा ल्याउनुभयो भन्नेमा म विश्वास गर्दिन। किनभने प्रधानमन्त्री र गृहमन्त्रीलगायतका नेताहरूले यति आक्रोशित भएर सीके राउत अथवा मधेशको बारेमा कुरा गर्नुहुन्थ्यो। त्यसैले उहाँले एक्लैले चाहेर सीके राउतसँग सम्झौता गरेको होइन। यहाँ भित्र कसैको प्रयास हुनुपर्छ जसले गर्दा प्रधानमन्त्रीलाई पनि बाध्य बनाइएको हो। राम मनोहरको घटनापछि नेपालको कम्युनिष्ट सरकार जो दुई तिहाइको छ, यसले जे पनि गर्छ कि भन्ने चिन्ता उनको परिवार पनि थियो। उहाँका परिवारलाई मात्रै होइन, देश विदेशमा रहेका शुभ चिन्तकहरू र विदेशी शक्तिहरूलाई पनि चिन्ता हुन थालेको थियो। यी सबै कुराहरू परिबन्ध मिलेर बल्ल यो ११ सहमति हुन गएको हो।

**० भनेपछि अब सीके राउत विखण्डनको मुद्दा छाडेर मूलधारको राजनीतिमा आएकै हुन् ?**

– विखण्डनको मुद्दा छोडेर मूलधारको राजनीतिमा आएको कुरा कागजमा लेखेको एकातिर छ भने सीके राउतको बडि ल्याङ्वेज अर्कै छ। मौनतामा धेरै ठूलो रहस्य हुन्छ। सीके राउतले पहिलोचोटि बोल्दा जनमत संग्रहको कुरा गर्नुभयो। तर, त्यसमा विवाद आइसकेपछि उहाँ जनकपुर जाँदा पनि केही बोल्नुभएन। त्यसपछि पनि कुनै सार्वजनिक ठाउँमा कुनै अभिव्यक्ति दिनुभएको छैन। यसबाट के बुझिन्छ भने सीके राउतले ११ बुँदे सहमतिलाई पनि दखल नहुने गरी एउटा यस्तो बीचको बाटो निकालौं, जसले जनमत संग्रहको जुन अभियान छ त्यसलाई कार्यान्वयन कसरी गर्ने भन्नेमा लाग्नुभएको छ। जब जनलहर आफ्नो पक्षमा आउन थालेपछि उहाँले आफ्नो मुद्दालाई फेरि उठाउनुहुन्छ। त्यसैले उहाँले जनमत संग्रहको मुद्दा छोड्नुभएको छैन, स्थगित गर्नुभएको मात्रै हो। पछि फेरि एक दिन यो कुरा उहाँले उठाउनुहुन्छ। किनभने उहाँको मनभित्र त्यो कुरा बसिसकेको छ। अहिले हाम्रो अनुकूल परिस्थिति छैन, पहिलो बाँच बाबु त्यसपछि आफ्ना मागहरू राख्न सकिन्छ भन्ने कुरा आफ्ना कार्यकर्ताहरूलाई बुझाउन थालेका छन्। जनमत पार्टी गठन गरेर भविष्यमा निर्वाचनमा गएर मधेश छुट्टै राष्ट्र बनाउने आधार हो। जग बनाउनका लागि यस्तो गर्नुपर्छ। उहाँको दूरदर्शी सोच हो। उहाँले भिजन छोड्नुभएको छैन तर उहाँले अलिकति रणनीति मात्रै परिवर्तन गर्नुभएको हो।

**० भनेपछि उहाँको अहिलेको मौनता रणनीतिक नै हो ?**

– उहाँले रणनीति बनाउँदै हुनुहुन्छ कि कसरी जनमत संग्रहको मुद्दालाई उठाउन सकिन्छ। उहाँको जनमत संग्रहको भिजन छँदैछ तर बाटो मात्रै परिवर्तन गर्नुभएको हो। उहाँले पहिला जसरी सिधै भन्नुहुन्थ्यो कि मधेश स्वतन्त्र हुनुपर्छ, त्यसको तरिका परितर्वन गर्नुभएको छ। उहाँ अदालत वा सरकारको अवरोध नहोस् भन्ने मनसाय राजनीतिक दाउपेचमा लाग्नुभएको छ। त्यसैले उहाँ मौन बस्नुभएको छ। जसरी जयकृष्ण गोइतले विखण्डनको कुरा गर्नुभएको छ। जयकृष्ण गोइतले जनतान्त्रिक तराई मुक्ति मोर्चा खोल्दा पहिलो विज्ञप्ति जारी गर्दा त्यसमा छुट्टै मधेश भनेर लेख्नुभएको छ। त्यो विज्ञप्ति अहिले पनि मसँग सुरक्षित छ। त्यो विज्ञप्तिमा आत्मनिर्णयसहितको संघीय राज्य हुनुपर्छ लेखिएको छ। यदि त्यो संघीय राज्यका जनताले चाहना गरेमा पछि छुट्टिने अधिकार पनि हुनुपर्छ भन्ने तर्क हो। सुरूमै जनमत संग्रह गरेर छुटाउनुपर्छ भन्ने कुरा होइन। यो कुरा त मधेशका धेरै नेताहरू उठाएको थिए। मधेशका मात्रै हैन, लिम्बून, खुम्बुवानले पनि यो कुरा उठाएका थिए।

तत्कालीन अवस्थामा गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री हुँदा हृदयेश त्रिपाठी पनि मन्त्री हुनुहुन्थ्यो। गोइतसँग वार्ता गर्न त्रिपाठीलाई पठाउनु भएको थियो। त्रिपाठीले गोइत वार्तामा आउन खोजेको कुरा प्रधानमन्त्रीलाई सुनाउनुभयो। प्रधानमन्त्रीले गृहमन्त्रीसँग सरसल्लाह गर्न भन्नुभयो। गृहमन्त्रीले माओवादीहरूसँग सोध्नुभयो पछि केही कारणले वार्ता हुनसकेन। पछि फेरि त्रिपाठीले गृहमन्त्रीसँग सोध्दा उनले माओवादीहरूले गोइत हाम्रो पार्टीबाट गएकोले पहिले हामी वार्ता गर्छौं त्यसपछि सरकारले वार्ता गरोस् भने। त्यसपछि त्रिपाठी निराश हुनुभयो। त्यतिबेला पनि त्रिपाठी सरकारमा पुग्नुभयो तर उहाँसँग पावर पुगेन। मधेशी नेताहरू सरकारमा धेरै पटक पुगे तर जब सत्ताको कुरा आउँछ त्यतिबेला बेबकुफ मात्र बन्छ। त्यतिबेला वार्ता हुँदैन भन्ने कुरा थाहा पाइसकेपछि गोइतले मधेश छुट्टै राज्य चाहिन्छ भनेर विज्ञप्तिहरू निकाल्न थाल्नुभयो।

**० भनेपछि सीके राउतको सिद्धान्त परिवर्तन हुनसक्दैन ?**

– सरकारले यदि सीके राउतप्रति राम्रो व्यवहार गर्न थाल्यो भने उसको सिद्धान्त परिवर्तन हुनसक्छ। त्यसैगरी, जयकृष्ण गोइतसँग पनि राम्रो व्यवहार गरिएको भए उनले छुट्टै मधेश माग्ने थिएनन्। अहिले पनि अवसर छ, उनीहरूसँग सकारात्मक व्यवहार गर्‍यो भने, मधेशको आत्मसम्मानलाई सम्बोधन गर्ने गरी यो सरकारले गतिविधि गर्छ भने उनीहरूले छुट्टै राज्यको अभियान छोड्न सक्छन्। तर, प्रधानमन्त्रीले जहिले पनि मधेशीप्रति व्यंग गरेर मधेशीको आत्मसम्मानलाई ठेस लाग्ने गरी अभिव्यक्तिहरू दिनुहुन्छ। मैले केपी ओलीको धेरै भाषणहरू सुनेको छु तर पहिलोपटक उहाँले राजनीतिक सहमति घोषणा कार्यक्रममा मधेशको प्रशंसा गरेर बोल्नुभएको हो। अब त उहाँ सकारात्मक हुनुभयो कि भन्ने लागेको छ। तर, यो नियमित हुन्छ कि हुँदैन भन्ने कुरा समयले बताउँछ।

> ☞ डा.सीके राउतको पार्टीले मधेशकेन्द्रित दलहरूसँग कार्यगत एकता गर्‍यो भने कांग्रेस र नेपाल कम्युनिष्ट पार्टीलाई अप्ठ्यारो पार्न सक्छ।
>
> ☞ राजनीतिक सहमति घोषणा कार्यक्रममा डा.राउतले आफ्नो पाँच महिना जेल बसाइको जुन कहानी सुनाउनुभयो त्यसले उहाँको सातो लिएको जस्तो छ।
>
> ☞ पैसाका लागि राजनीति गर्नेहरूको टिकडम्बाट उहाँ बच्न सक्नुहुन्छ कि हुन्न त्यसमा शंका लागिरहेको छ।
>
> ☞ विखण्डनको मुद्दा छोडेर मूलधारको राजनीतिमा आएको कुरा कागजमा लेखेको एकातिर छ भने सीके राउतको बडि ल्याङ्वेज अर्कै छ। मौनतामा धेरै ठूलो रहस्य हुन्छ।
>
> ☞ अहिले हाम्रो अनुकूल परिस्थिति छैन, पहिलो बाँच बाबु त्यसपछि आफ्ना मागहरू राख्न सकिन्छ भन्ने कुरा आफ्ना कार्यकर्ताहरूलाई बुझाउन थालेका छन्।
>
> ☞ सरकारले यदि सीके राउतप्रति राम्रो व्यवहार गर्न थाल्यो भने उसको सिद्धान्त परिवर्तन हुनसक्छ। त्यसैगरी, जयकृष्ण गोइतसँग पनि राम्रो व्यवहार गरिएको भए उनले छुट्टै मधेश माग्ने थिएनन्।
>
> ☞ वैज्ञानिक तरिकाले मधेशी समुदायलाई मात्रै होइन पहाडे समुदायलाई पनि अवगत गराएर उनीहरूका पनि मन जित्ने प्रयासमा मधेशकेन्द्रित दलहरू लाग्नुपर्‍यो।
>
> ☞ अहिले मधेशमा धेरै विदेशी शक्तिहरू पनि प्रवेश गरिसकेका छन्। त्यसैले, मधेशकेन्द्रित दलहरूको सम्बन्ध विदेशी शक्तिसँग पनि बढेर गएको छ।

**० सीके राउतले आफ्नो बाटो मात्रै परिवर्तन गर्नुभएको हो, उहाँको लक्ष्य त्यही नै हो त ?**

– उहाँको दूरदृष्टि र भिजन भनेको मधेशलाई छुट्टै देश बनाउने नै हो। त्यो कुरा अब कागजमा नभए पनि मनमष्तिस्कमा छ। उहाँको बडी ल्याङ्ग्वेज पनि देखाइरहेको छ। उहाँले एकदम ठूलो विजय हासिल गरेको जस्तो गर्नुभयो। म सीके राउतलाई के सन्देश दिन चाहन्छु भने उहाँले आफूलाई बुद्धको सन्तान भन्नुहुन्छ। तर, बुद्धको सन्तानले बायस्ट भएर नकारात्मक कुराहरू गर्दा कुन अवस्था भोग्नुपर्छ त्यो बुझ्नुपर्छ। बुद्धको सन्तान पनि भन्ने र कसैप्रति बायस्ट पनि हुने होइन। त्यसैले उहाँले सबैप्रति सकारात्मक दृष्टिकोण राखेर हिंड्नुभयो भने पहाडी जनताले पनि उहाँलाई समर्थन गर्न सक्छन्। किनभने उहाँ एउटा बौद्धिक व्यक्ति हो, नेपालको आवश्यक छ भन्ने कुरा प्रधानमन्त्री केपी ओलीले पनि भनिसक्नुभएको छ। त्यसैले यत्रो ठूलो अवसरलाई कसरी प्रयोग गर्नुहुन्छ त्यो उहाँमा भर पर्छ। मौन बसेर मात्रै हुँदैन। यसका विभिन्न तर्कहरू हुन सक्छ। उहाँले धेरै दिन मौन बस्नुहुँदैन।

**० संविधान संशोधनको माग जसरी मधेशकेन्द्रित दलहरूले उठाउँदै आएका थिए, त्यसलाई ओझेलमा पार्न सीके राउतलाई मूलधारमा ल्याइएको हो कि ?**

– यो सरकारले संविधान संशोधन गर्छ भन्ने कुरामा विश्वास गर्नु नै गलत हो। संविधान संशोधनका लागि दुई तिहाइ चाहिन्छ। अहिलेको अवस्थामा मधेशकेन्द्रित दलहरूले कम्युनिष्ट पार्टीको विरोध गरेर दुई तिहाइ पुर्‍याउन सक्दैनन्। त्यसैले यो पाँच वर्षभित्रै संविधान संशोधन गर्ने हो भने कम्युनिष्ट पार्टीसँग मिलेर जानुपर्छ। तर, उनीहरूले संविधानमा संशोधन गर्ने छाँटकाँट देखिएन। पाँच वर्षमा संविधान संशोधन भएन भने के भयो ? के नेपाल पाँच/दश वर्षका लागि हो ? त्यसैले, मधेशकेन्द्रित शक्तिहरू एक आपसमा कार्यगत एकता गरेर संविधानमा के संशोधन गर्नुपर्छ भनेर आपसी सहमति गर्नुपर्छ। त्यो विषयमा पहाडका उत्पीडित जनताहरूको पनि मन जितेर यसलाई अभियानको रूपमा अगाडि बढाउनुपर्छ। जसले गर्दा आगामी पाँच पछिको निर्वाचनमा संविधान संशोधन गर्न चाहने व्यक्तिहरूको दुई तिहाइ हुन सक्ने सम्भावना हुनसक्छ। यहाँ खाली संशोधन-संशोधन भनेर भन्छन् तर नागरिकहरूलाई कहाँ-कहाँ संशोधन गर्ने भन्ने कुरा थाहै छैन। नेताहरूले यो कुरा जनतालाई कसरी बुझाउने भन्नेतिर ध्यानै गएको छैन। सरकारले उनीहरूको मागै प्रष्ट छैन भनेर भन्छ। त्यसैले वैज्ञानिक तरिकाले मधेशी समुदायलाई मात्रै होइन पहाडे समुदायलाई पनि अवगत गराएर उनीहरूका् पनि मन जित्ने प्रयासमा मधेशकेन्द्रित दलहरू लाग्नुपर्‍यो।

**० भनेपछि यो सरकारले संशोधन गर्दैन ?**

– संशोधन गर्छ तर भनेकै सबै कुरा एकैचोटि हुँदैन। किस्ताबन्दीमा संशोधन गराउनुपर्छ। योभन्दा पहिलाको सरकारले पनि त केही बुँदा संशोधन गरेका छन् नि त। अहिले मधेशकेन्द्रित दलले केपी ओलीको बडी ल्याङ्ग्वेज बुझ्नुपर्‍यो, उसको आत्मा छाम्नुपर्‍यो। जुन-जुन कुरा उसले परिवर्तन गर्न चाहन्छन् किस्ताबन्दीमा त्यति मात्रै लिएर अघि बढ्नुपर्‍यो। अर्को पाँच वर्षमा बहुमत ल्याउँछौं र गर्छौं भनेर अगाडि बढ्नुपर्छ। अहिलेको सरकारले संशोधन गर्न सक्ने सम्भावित के-के बुँदा हुनसक्छ, त्यसमा मधेशी दलहरूबीच बहस हुनुपर्‍यो र त्यो मात्रै माग लिएर गयो भने अरू माग पछि पनि गराउन सकिन्छ भन्ने कुरा जनतालाई बुझाउन सक्नुपर्छ। तर, जनताको बीचमा गएर नकारात्मक कुरा मात्रै गरेर भड्काउन खोजिएको छ। त्यसले विकास र समृद्धि सम्भव हुँदैन।

**० नेपालको राजनीति अहिले मधेशकेन्द्रित हुँदै गइरहेको देखिन्छ। के छ रहस्य ?**

– मधेश नेपालको अन्न भण्डार हो। मधेशबिनाको नेपालको पहिचान एकदम साँघुरो भएर जान्छ। मधेशको संस्कृति पुरानो हो र नेपालमा मधेशीको जनसंख्या सबभन्दा बढी छ। त्यसले गर्दा मधेशबिना नेपालको राजनीति अब अलिकति पनि यताउता हुँदैन। मधेश यो देशको अति नै महत्वपूर्ण भएको कुरा पहाडे शासक नेताहरूको मनमष्तिस्कमा बसिसकेकोले मधेशमा आफ्ना गतिविधि बढाउन बाध्य भएका छन्। नेपालका पार्टीहरू मात्रै होइन विदेशी शक्तिहरू पनि मधेशको राजनीति बुझ्नका लागि धेरै लगानी गरिरहेका छन्। अहिले मधेशमा धेरै विदेशी शक्तिहरू पनि प्रवेश गरिसकेका छन्। त्यसैले, मधेशकेन्द्रित दलहरूको सम्बन्ध विदेशी शक्तिसँग पनि बढेर गएको छ। त्यसले गर्दा नै सरकारलाई मधेशको पक्षमा काम गर्न बाध्य बनाउँदै आएको छ।

**० भनेपछि राजनीतिक दलहरूले राजनीतिक स्वार्थका लागि मात्रै मधेशलाई प्रयोग गर्न चाहेका छन् ?**

– हो। मधेश एउटा बहुप्रतिभा भएको भूमि हो। त्यसैले राजनीतिक दलहरूले राजनीतिक स्वार्थ पूर्तिका लागि मात्रै प्रयोग गर्दै आएका छन्। मधेश स्वर्गभूमि हो तर, यहाँ राजनीतिक मुद्दा मात्रै उठाइदिएर नर्क बनाउन खोजिँदैछ।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# कर्मचारीतन्त्रका विकल्पहरू



लक्ष्मी विलास कोइराला

**कर्मचारीतन्त्र के हो ?**

कर्मचरीतन्त्रको जन्म राज्यसँगै भएको हो र यसको मुख्य काम भनेको सरकारलाई शासन गर्न सघाउनु हो। संघीय शासन प्रणालीको कार्यान्वयनको आजको सन्दर्भमा सर्वत्र कर्मचारीतन्त्रमाथि औला उठिरहेको छ। कर्मचारीतन्त्रले सहयोग गरेन, कर्मचारीतन्त्र असक्षम भयो, कर्मचारीतन्त्र बढी राजनीति प्रेरित भयो भन्ने जस्ता अनेकौं आरोपहरू लागिरहेका छन्। प्रदेश र स्थानीयतहका सरकारहरू कर्मचारीतन्त्रमा देखिएको वर्तमान अव्यवस्थाबाट आजित भएर कर्मचारीतन्त्रभन्दा अलग्गै संयन्त्र निर्माण गरेर काम गर्न पाए धेरै काम गर्न सकिने थियो की भन्ने दृष्टिकोण राख्न पुगेको पाईन्छ।

कर्मचारीतन्त्र अर्थात ब्यूरोक्रेशीमा ब्यूरोको अर्थ *डेस्क* हो र क्रेशीको अर्थ *सरकार* लाई बुझाउने गर्दछ। कर्मचारीतन्त्र एक प्रशासकीय प्रणाली हो जो बैधानिक र विवेकपूर्ण अधिकार (लिगल र्‍यासनल अथोरिटी) को प्रयोग गरि विधि र प्रक्रिया अनुसार जनतालाई सार्वजनिक सेवा र सुरक्षा प्रदान गर्ने गर्दछ। कानूनद्वारा सञ्चालित विशेष क्षमताले युक्त पदसोपान शैलीमा आधारित लिखित कानूनसम्मत निश्चित आचरण र अनुशासन भएका कानूनी अख्तियारी प्रयोग गर्ने संयन्त्र कर्मचारीतन्त्र वा अड्डातन्त्र हो। कर्मचारीतन्त्र राज्य सञ्चालनको मेरूदण्ड हो। राज्यप्रदत कानूनी अधिकार र जिम्मेवारीले गर्दा कर्मचारीतन्त्र देशको शासन सञ्चालन गर्ने स्थायी सरकार हो। राजनीतिकरूपमा सरकार परिवर्तन भइरहने तर कर्मचारीतन्त्र स्थायी र निरन्तर अविछिन्न रहिरहन्छ। सरकारका नीति र कार्यक्रमप्रति प्रतिबद्ध भई सार्वभौम जनतालाई सेवा दिने र उनीहरूको संरक्षण गर्ने जिम्मेवारी कर्मचारीतन्त्रले निभाउने गर्दछ।

कर्मचारीतन्त्र सिद्धान्तका जन्मदाता म्याक्स वेवर हुन्। उनले कर्मचारीतन्त्रले देशको शासन सञ्चालनमा आर्दश संस्थाकोरूपमा काम गर्ने अपेक्षा राखेका थिए। शासकीय कामको बुद्धिमत्तापूर्ण विभाजन, पदका लागि निश्चित योग्यता, पदसोपान (हाइर्‍यारकी)मा आधारित संगठन संरचना, निष्पक्ष कार्यप्रणाली, विधिको पालना, औपचारिकता, राजनीतिकरूपमा तटस्थता, मेरिटमा आधारित प्रणाली, कार्यसम्पादनको अभिलेखीकरण, सक्षम, अव्यैयक्तित अनुशासित कर्मचारी, उत्तरदायी संस्कार तथा प्रक्रियामूलक कार्यसम्पादन प्रणाली जस्ता खास विशेषताहरू रहेका छन्। वास्तवमा कर्मचारीतन्त्र संरचना, पद्धति र प्रवृतिको समिश्रण हो।

वेवरले भनेझै कर्मचारीतन्त्रले गुण, आर्दश र अपेक्षाअनुसार काम गर्न सकेन्। कर्मचारीतन्त्रका विशेषताहरू नै गालपारा विशेषताको रूपमा देखा परे। राज्य संगठनभित्रका सूचना, अधिकार र शक्ति, स्रोतसाधन तथा सुविधाको कारण कर्मचारीतन्त्रमा शासकीय दम्भको विकास हुन पुग्यो। पदसोपान, प्रक्रियामूलक र विधिको पालना गर्ने हुँदा कार्यसम्पादनमा ढिलासुस्ती (रेडटेपिज्म) को बढोत्तरी भयो। सरकारप्रति उत्तरदायी हुने हुँदा जनचासोहरू ओझेल परे। तटस्थ रहँदा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन हुन नसकेको हो भन्ने विश्वास बढ्यो। अवैयक्तितता चरित्रको हुने हुँदा राजनीतिक तहको सुझबुझ बुझ्न नसक्ने अव्यवहारिक तन्त्रको रूपमा चिनियो। जबाफदेहिताको घुमाउरो बाटोका कारण कर्मचारीतन्त्रमा जिम्मेवारी पन्छाउने खेलो बढेर गयो। कर्मचारीमा सेल्फ सर्भिस व्यवहारको अहमपन बढन गयो, उनीहरूले जनताको सेवक हुँ भन्ने मूल्य विर्सिए। कार्यसम्पादनमा अपारदर्शिताले जोखीम नलिने र आदर्श संस्था भ्रष्ट्राचारले पोतिन पुग्यो। कर्मचारीतन्त्रमाथि लागेको चौतर्फि आरोपका कारण कर्मचारीतन्त्र राजनीतिको अप्रिय सहयात्री बन्न पुग्यो। कर्मचारीतन्त्रका विकल्पका विभिन्न अवधारण र विकल्पका रणनीतिहरू प्रयोग भए र भइरहेका छन्। यसरी प्रदेश र स्थानीय सरकार झै कर्मचारीतन्त्रको दोषहरूको आडमा कर्मचारीतन्त्रको विकल्प खोज्ने काम विगतदेखि नै हुँदै आएको छ। कर्मचारीतन्त्रको आवश्यक्ता, महत्व र कार्य संस्कारका कारण कर्मचारीतन्त्र सरकारको लागि नभई नहुने तर सरकारले नरूचाउने संयन्त्रको रूपमा देखा पर्‍यो। यसकारण कर्मचारीतन्त्र सरकारका लागि "आवश्यक तर खराव" (नेशेसरी ईभिल) संयन्त्रकोरूपमा रहेकाले सरकार कर्मचारीतन्त्रको विकल्प हुन्छ की भन्ने खोजमा लाग्यो।

**विकल्पहरूको विश्लेषण**

कर्मचारीतन्त्रको विकास स्थिर कार्यवातावरण, छोटो नियन्त्रणको घेरा, सीमित व्यक्तिको पहुँचमा सूचना रहने अवस्थामा भएको थियो। अब कर्मचारीतन्त्रको कार्यवातावरण अत्यन्त परिवर्तशील बनेकोछ। हरेक सूचना नेटमा उपलब्ध छ। संगठनको नियन्त्रण घेरा फराकिलो बनेकोछ। संगठनमा काम गर्ने कर्मचारीमा विविधता र ज्ञान उच्च रहेको छ भने सेवाग्राही पनि सुसूचीत छन्। सरकार र जनताले कर्मचारीतन्त्रबाट उच्च विशेषज्ञता, तिब्र कार्यसम्पादन गति र जबाफदेहिता खोजी गरिरहेको छन्। कर्मचारीतन्त्रले सरकार र जनताको अपेक्षाअनुसार सेवा र परिणाम दिन सक्षम नदेखिए पछि कर्मचारीतन्त्रको विकल्प खोज्ने काम भएको हो। कर्मचारीतन्त्रको विकल्प खोज्नेहरूले कर्मचारीतन्त्रको भविष्य छैन्, कर्मचारीतन्त्र मर्‍यो भन्ने निराशाजनक भविष्यवाणी गर्न समेत छोडेनन्। कर्मचारीतन्त्रको विकल्पलाई संस्थागत विकल्प र कार्यात्मक विकल्प शीर्षकमा विश्लेषण गर्न सकिन्छ।

(क) *संस्थागत विकल्पः* कर्मचारीतन्त्रको विकल्प खोज्ने भनेको सरकारका काम कारवाहीहरू प्रभावकारीढंगले सम्पन्न गर्ने संयन्त्रको स्थापना गर्नु हो। उच्च पदमा रहेको अधिकारको प्रत्यायोजन, माथिल्ला निकायमा रहेको अधिकारको विकेन्द्रीकरण, माथिल्ला निकायमा रहेको अधिकारको निक्षेपण, निजीकरण, परियोजना व्यवस्थापनको अवधारणा, विकास समिति, परिषदको व्यवस्था, गैरसरकारी संस्थामार्फत काम गर्ने गराउने व्यवस्था, सरकारले गर्दै आएका कार्यहरू निजी क्षेत्रलाई छोडने प्रक्रिया, कर्मचारीतन्त्रको सुधार, सुशासन, नयाँ सार्वजनिक व्यवस्थापन, नयाँ सार्वजनिक सेवा सिद्धान्तहरू सवै कर्मचारीतन्त्रका विकल्पमा अगाडि ल्याइएका संस्थागत विकल्पहरू हुन्।

कर्मचारीतन्त्र भित्रै सुधार गर्ने प्रक्रिया संस्थागत विकल्पको रूपमा हेरिएको छ। अधिकार प्रत्यायोजन, विकेन्द्रीकरण, निजीकरणको माध्यमबाट केन्द्रमा केन्द्रीत अधिकारलाई (स्प्रिङ्कल) छिरल्ने, आयोग, विकास समिति, परिषद्, उपभोक्ता समिति खडा गरेर काम गर्ने, स्थानीय निकायहरूद्धारा सार्वजनिक कार्य सम्पादन गर्ने, सार्वजनिक नीजि साझेदारीमा सार्वजनिक कार्य गर्ने तथा गैर सरकारी संस्था वा नागरिक समाजद्धारा कार्य गर्ने गराउने संस्थागत विकल्पका क्षेत्रहरू हुन्। साथै, सरकारले सार्वजनिक हीतका लागि सरकारको पक्षबाट गरेका सबै कार्यहरूको अनुगमन र नियमन गर्ने, बैदेशिक संबन्ध हेर्ने र बजारका असफलताहरू सच्याउने कार्यलाई पनि संस्थागत विकल्पको रूपमा हेर्ने र प्रयोग गर्ने गरिएको पाईन्छ।

(ख) *कार्यात्मक विकल्पः* कर्मचारीतन्त्र प्रणाली मात्र होइन यसको आचरण, व्यवहार, स्वभाव र प्रक्रिया समेत रहेकाले कार्यमूलक विकल्प खोजिएको हो। सरकार र कर्मचारीतन्त्र सक्षम नभएसम्म विकास संभव छैन् भन्ने हेतूले प्रशासनको सुधार आवश्यक भएकोछ। कार्यमुलक विकल्प भनेको कर्मचारीतन्त्रको कार्यप्रणालीको सुधार हो। सुशासनको स्थापना गर्ने, निर्णय प्रक्रियामा सरलीकरण गर्ने, कर्मचारीतन्त्रलाई पारदर्शी, उत्तरदायी र नतिजामूलक बनाउने, कर्मचारीतन्त्रको प्रतिस्पर्धात्मक क्षमता विकासका लागि प्रशासनभित्र व्यवसायिकताको विकास गर्ने, नागरिक बडापत्रको प्रयोग, व्यवस्थापन सूचना प्रयालीको प्रयोग, नेटवर्क गभर्नेन्सको अभ्यास, सार्वजनिक सेवा प्रवाहमा सूचना सञ्चार प्रविधिको प्रयोग गर्ने, वान स्टप सेवा प्रवाह गर्ने, थोरैखर्चमा धेरै काम गर्ने, निर्णय प्रक्रियामा कर्मचारी र सरोकारवालालाई सहभागि गराउने, सार्वजनिक सूचनाको नियमित प्रवाह गर्ने, स्रोतसाधनको वितरणलाई न्यायिक वनाउने, सार्वजनिक काम कन्ट्र्याक्टिङ आउट गर्ने वा करारमा काम गर्ने गराउने तथा प्रिन्सिपल एजेन्ट सिद्धान्त बमोजिम जनतालाई प्रधान मानी सेवा प्रवाह गर्न जिम्मेवार बन्ने जस्ता कार्यपणालीमा सुधार गर्नुलाई कार्यात्मक विकल्प भन्ने गरिन्छ।

कर्मचारीतन्त्र राज्य र शासन प्रणालीसँगै राज्यको निर्विकल्प संरचनाको रूपमा कर्मचारीतन्त्रको विकास र सञ्चालन हुदै आएकोछ। बास्तवमा, कर्मचारीतन्त्रको विकल्प छैन र यसको प्रतिस्थापन गर्न पनि सकिदैन्। कर्मचारीतन्त्रको प्रवृति सुधार गर्न सक्ने हो भने विकल्प खोजिरहनु पर्दैन। यसकारण कर्मचारीतन्त्रको मानमर्दन वा आलोचना गर्नुभन्दा कर्मचारीतन्त्रमा नवीन व्यवस्थापनका सिद्धान्तहरूको अवलम्वन गरेर बढी गतिशील, उत्तरदायी, पारदर्शी, कम खर्चिलो, सक्षम र परिणाममूखी बनाउनु श्रेयस्कर हुन्छ। कर्मचारीतन्त्रलाई प्रोफेसनलाईजेशन र रिप्रोफेसनलाइजेशन गर्ने, नागरिकप्रति उत्तरदायी बनाउने, नीजि क्षेत्र संलग्न हुन सक्ने क्षेत्रमा सरकारको संलग्नतालाई कम भन्दा कम बनाउने, कर्मचारीमा पेशागत निष्ठा र नैतिकताको प्रवर्द्धन गर्ने, कर्मचारीतन्त्रमा आध्यात्मिकताको अभ्यास गर्ने, कर्मचारीतन्त्रमा पाईने रेडटेपिज्म समाप्त गर्ने, संघहुँदै प्रदेश पुगेको अधिकारको विकेन्द्रीकरण गरि स्थानीय सरकारलाई सक्षम बनाउने, कर्पोरेट गभर्नेन्समा जोड दिदै कर्मचारीतन्त्रलाई समुदायमूखी, नतिजामूखी, उद्यमशील बनाउने, संगठनमा रहेको जनशक्तिको विविधता व्यवस्थापन गर्ने, कर्मचारीतन्त्रमा नैतिकता, सदाचार र इमान्दारिताको सिञ्चन गर्ने वातावरण सिर्जना गर्न प्रशासनमा नवीन दृष्टिकोणमूलक सुधार गर्नु आवश्यक छ। र, मूलत सरकार आफै कर्मचारीतन्त्रको नेतृत्व गर्न सक्षम हुनुपर्दछ।

**सारमा,** कर्मचारीतन्त्र राज्यको एक वैध संस्थागत संयन्त्र हो। यद्यपी, कर्मचारीतन्त्रमा सुधार गर्ने की कर्मचारीतन्त्रको विस्थापन गर्ने भन्ने विषय प्रशासनिक बृतमा एउटा विवादको विषय बनेकोछ। कर्मचारीतन्त्र परीक्षणको कठघरामा उभिन पुगेकोछ। तर, कर्मचारीतन्त्रको विकल्पको रूपमा अगाडि सारेका विकल्पहरू कर्मचारीतन्त्रभन्दा बढी सुस्त, खर्चिला र अनुत्तरदायी हुन पुगेकाले कर्मचारीतन्त्रको विकल्पको खोजी पनि संकटमा परेकोछ। यसकारण न त कर्मचारीतन्त्र मरेको छ, न त कमृचारीतन्त्रको पूर्ण विकल्प नै हुन्छ। बास्तवमा कर्मचारीतन्त्रको विकल्प भनेको कर्मचारीतन्त्र नै हो र राज्य र सरकारको अस्तित्व रहेसम्म कर्मचारीतन्त्र जिवन्त रहनेछ। अमर रहनेछ।

> **कर्मचारीतन्त्र राज्यको एक वैध संस्थागत संयन्त्र हो। यद्यपी, कर्मचारीतन्त्रमा सुधार गर्ने कि कर्मचारीतन्त्रको विस्थापन गर्ने भन्ने विषय प्रशासनिक वृतमा एउटा विवादको विषय बनेको छ।**

## स्व.महतोप्रति श्रद्धाञ्जली



काठमाडौं। नेपाल पिछडावर्ग (ओबीसी) महासंघले चार्टर एकाउन्टेन्ट श्यामकुमार महतोको असामयिक निधनप्रति गहिरो दुःख व्यक्त गरेको छ। श्रद्धाञ्जलीसभामा सहभागीहरूले उनको योगदानका बारे चर्चा गरेका थिए। महासंघले शनिबार मधेश मिडिया हाउसमा श्रद्धाञ्जलीसभाको आयोजना गरेको कार्यक्रममा स्व.महतोको निधनले पिछडावर्गले मात्र नभई समग्र राष्ट्रले नै एउटा होनहार र दूरदर्शी व्यक्तित्व गुमाएको वक्ताहरूले बताएका छन्। स्व.महतो महासंघका पूर्वका.वा. अध्यक्ष एवं केन्द्रीय सल्लाहकार तथा जनकपुर चुरोट कारखानाका पूर्व महाप्रबन्धकको रूपमा समेत काम गरिसकेका छन्। उनको निधन गत माघ २२ गते ५९ वर्षको अल्पायुमै निधन भएको थियो। कार्यक्रममा प्रतिनिधिसभाका सदस्य तथा नेपाली कांग्रेसका नेता सीताराम मेहताले महतोको निधनबाट समाज र राष्ट्रका निम्ति ठूलो क्षति भएको बताए।

यसैगरी, महासंघका अध्यक्ष कौशल कुमार सिंहले महतोको निधनबाट खासगरी पिछडावर्गलाई अपूरणीय क्षति भएको बताएका छन्। उनले स्व.महतोप्रति श्रद्धाञ्जली व्यक्त गर्दै परिवारजनप्रति सम्वेदना प्रकट गरेका छन्।

श्रद्धाञ्जली सभा कार्यक्रममा महासंघका पदाधिकारीहरूले स्व.महतोप्रति श्रद्धाञ्जली व्यक्त गर्दै समाज र राष्ट्रका लागि दिएको योगदान सदैव स्मरणीय रहने बताएका छन्। कार्यक्रम सञ्चालन सिएन खड्गले गरेका थिए।

## अपराध र शान्ति सुरक्षा विरूद्ध नेपाल प्रहरी खरो रूपमा उत्रन्छ : खनाल

सुनसरी। प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालले नेपाल प्रहरी जुनसुकै बाहनामा हुने अपराध र सार्वजनिक शान्ति सुरक्षा विरूद्धका कार्यमा तत्काल खरो रूपमा उत्रने बताएका छन्। आसरा सुधार केन्द्रको धरान उपमहानगरपालिका(६ पानबारीस्थित नवनिर्मित शाखाको शुक्रबार आयोजित एक कार्यक्रमबीच उद्घाटन गर्दै प्रहरी महानिरीक्षक खनालले उक्त कुरा बताएका हुन्।

समुदाय-प्रहरी साझेदारी कार्यक्रमको उत्कृष्ट नमूनाको रूपमा सुधार केन्द्र स्थापना भएको चर्चा गर्दै प्रहरी महानिरीक्षक खनालले प्रहरी र स्थानीय समुदाय मिलेमा अपराध न्यूनिकरण तथा लागूऔषध नियन्त्रण गर्न ठोस उपलब्धी हासिल हुने बताए।

उर्जाशील युवाशक्ति दूर्व्यसनमा फसेर जीवन बर्बाद गर्नुको साथै समाजमा विभिन्न किसिमका जघन्य अपराध हुने देखिएको उल्लेख गर्दै उनले दूर्व्यसनको रोकथाम र नियन्त्रणको प्रभावकारी कार्यान्वयन जरूरी छ भने।

बाबुनानीहरूलाई अभिभावकले यथेष्ठ समय दिने, समाजमा युवामैत्री वातावरण सिर्जना गर्ने, उनीहरूलाई सामाजिक कार्यमा संलग्न गराउने, टोलटोलमा रोजगारी तथा उनीहरूका रूची अनुसारका रचनात्मक कार्यक्रमहरू समाज र राज्यले उपलब्ध गराउनुपर्ने चर्चा गर्दै उनले भने, "त्यस्ता कार्यक्रमको संचालन समेत युवाहरूलाई दिने हो भने कि त उनीहरू रोजगार कि त रचनात्मक कार्यमा व्यस्त भई कूलतबाट जोगिन सक्छन्।" केन्द्रको नयाँ शाखा व्यवस्थित र पारदर्शी रूपमा संचालन होस भन्ने शुभेच्छा व्यक्त गर्दै प्रहरी महानिरीक्षक खनालले अब यस्ता सुधार केन्द्रको आवश्यकता नहोस भन्ने सदीक्षा समेत व्यक्त गरे। उक्त अवसरमा नेपाल प्रहरी श्रीमती संघकी अध्यक्ष प्रमिला खनालले दुर्व्यसनमा फसेका समूहलाई उपचारात्मक तथा सुधारात्मक उपायबाट असल तथा सभ्य नागरिक बनाउने लक्ष्यका साथ नेपाल प्रहरीको पहलमा स्थापना भई नेपाल प्रहरी श्रीमती संघको सुपरिवेक्षणमा उक्त केन्द्र संचालन हुने बताइन्।

## मधेश अपडेट

### विप्लव समूह अनधिकृत झुण्ड हो : प्रधानमन्त्री

विराटनगर। प्रधानमन्त्री केपी शर्मा ओलीले नेत्रविक्रम चन्द नेतृत्वको पार्टी अनधिकृत झुण्ड भएको टिप्पणी गरेका छन्। विराटनगर विमानस्थलमा आइतबार पत्रकारहरूसित कुरा गर्दै प्रधानमन्त्री ओलीले विप्लव समूह कुनै कार्यालयमा दर्ता नभएको अनधिकृत संस्था भएको बताएका छन्। "जुन संस्था विधिवत छैन, यस्तो झुण्ड हो- सरकारले चिन्दैन," उनले भने। प्रधानमन्त्रीले विप्लव समूह राजनीतिक दल नभएको उल्लेख गर्दै उक्त समूहले गरेका विध्वंसात्मक गतिविधिमात्रै प्रतिबन्ध लगाइएको जनाए। विप्लव समूहका बारेमा धारणा राख्दा सचेत हुन प्रधानमन्त्रीरले नेताहरूलाई आग्रह गरेका छन्। "नेपालका नेताजीहरूलाई आग्रह गर्न चाहन्छु, आफैँलाई जवाफ दिन नसक्ने कुराहरू नगर्नुहोस्, उनको पार्टी कही दर्ता भएको थियो र ? दर्ता छैन। नेकपा विप्लव समूह भनेर चिनिने झुण्ड कहिले कोब्रा समूह भनेर चिनिने, कहिले के भनेर चिनिने जस्तै हो," उनले भने।

### यादवलाई प्रदेश सरकारले सम्मान गर्ने

जनकपुरधाम। हङकङमा भएको तेश्रो एसियाली युथ एथलेटिक्स च्याम्पियनसिपमा स्वर्ण पदक वितेजा अजितकुमार यादवलाई प्रदेश सरकारले नगदसहित सम्मान गर्ने प्रदेश २ को सरकारले घोषणा गरेको छ। सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले स्वर्ण पदक विजेता यादवलाई प्रदेश सरकारले रू ५००,००० सहित सम्मान गर्ने गर्ने निर्णय गरेको हो। सप्तरी राजविराजका यादवले पुरूष ३ हजार मिटर दौडमा स्वर्ण जितेका हुन्। बैठकले अजित तेश्रो एसियाली युथ एथलेटिक्समा स्वर्ण पदक प्राप्त गरेर मुलुकको साथै प्रदेश नं.२ को नाम समेत विश्वस्तरमै स्थापित गरेको भन्दै प्रोत्साहन स्वरूप पाँच लाख नगद पुरस्कार सहित सम्मान गर्ने निर्णय गरेको हो। हङकङमा आइतवार भएको तेश्रो एसियाली युथ एथलेटिक्स च्याम्पियनसिपको पुरूष तर्फ ३००० तीन हजार मिटर दौडमा आठ मिनेट ३०.३२ सेकेण्डमा पूरा गर्दै सप्तरी जिल्ला निवासी अजित कुमार यादवले नेपाललाई युथ एशियाली खेलकूदमा पहिलोपटक स्वर्ण पदक दिलाउन सफल भएका हुन। अजित यादव यस प्रतियोगितामा नेपाललाई स्वर्ण दिलाउने पहिलो खेलाडी समेत बनेका छन।

### नयाँ उद्योगलाई २० वर्षसम्म कर नलाग्ने

जनकपुरधाम। प्रदेश नं. २ मा नयाँ उद्योगलाई आकर्षित गर्न प्रदेश सरकारले ठूलो उपहार दिने भएको छ। मन्त्रिपरिषद्को सोमबार सम्पन्न बैठकले उद्योग नीतिलाई उद्योगी मैत्री बनाउन प्रदेश नं. २ मा नयाँ उद्योग स्थापना गर्नेलाई २० वर्षसम्म प्रदेश सरकारले कुनै कर नलिने निर्णय गरेको हो। त्यसै गरि प्रदेश सरकारले उद्योग स्थापनाको लागि निशुल्क लिजमा जग्गा उपलब्ध गराउनुका साथै उद्योगको सुरक्षाको पूर्ण ग्यारेन्टी दिन उद्योग सुरक्षा बल समेत गठन गर्ने निर्णय गरेको हो। त्यसै गरि हालको उद्योग दर्ता प्रक्रियालाई सजिलो बनाउदै ३ घण्टा भित्रै दर्ता गरिने प्रक्रिया समेत मिलाउने निर्णय गरेको हो। यसका अतिरिक्त सहुलियतदरमा विजुली उपलब्ध गराउन समेत पहल गर्ने निर्णय मन्त्री परिषदले गरेको हो।

### पानी जहाजका कुरा गर्नु हास्यास्पद : पौडेल

मणि प्रसाद गैह्रे, कपिलवस्तु। नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले ओली नेतृत्व वर्तमान सरकार एकवर्षे कार्यकालमा पूर्णतया असफल भएको आरोप लगाएका छन्। कपिलवस्तुको यशोधरा गाउपालिका- ४ अम्लोनाहामा नेपाली कांग्रेस क्षेत्रीय समितिद्वारा आयोजित विशाल आभ सभामा सम्बोधन गर्दै नेता पौडेलले भने, 'सरकार शान्ति सुरक्षा, सुशासन र विकासमा पुर्णतया असफल भएको छ।' ओली सरकारको कामको टिप्पणी गर्दै उनले भने, 'वर्तमान सरकारको एकवर्षे उपलब्धि शून्य छ'। आम जनतालाई शान्ति सुरक्षा दिन असफल भएको सरकारले नेपालको संविधान तथा कानुनको खिल्ली उडाउने काम गरेको पौडेलले अरोप लगाए। देशमा पानी जहाज र रेल संचालन गर्ने भन्दै सरकारले जनतालाई उल्लु बनाउने काम गरेको बताए। उनले अध्ययनबाट समेत नेपालमा पानी जहाज आउन नसक्ने देखिएको भन्दैं कृषकहरूलाई पानी चाहिएको र सरकार पानी जहाजको झुठा सपना देखाएको बताए।

### विवाह भवन तथा शहीद गेट शिलान्यास

वीरगन्ज। संघीय समाजवादी फोरम नेपालका पर्सा जिल्ला अध्यक्ष एवम् प्रतिनिधि सभा सदस्य प्रदीप यादवले चुनावताका जनतासँग गरिएको विकास निर्माणलगायत सामाजिक कार्यमा सक्रिय भएर सहयोग गर्ने गरेका बाचाहरू पूरा गरिरहेका छन्। सांसद पूर्वाधार विकास साझेदारी कार्यक्रमअन्तर्गत आइतबार वीरगन्ज महानगरपालिका वडा नम्बर १६ नगवामा निर्माण हुन लागेको विवाह भवन तथा नगवा प्रवेशद्वारको रूपमा निर्माण गर्न लागिएको शहीदगेटको सांसद यादवले शिलान्यास गरेका छन्। मधेश आन्दोलनको केन्द्रको रूपमा रहेको नगवा चौकमा प्रवेशद्वारको रूपमा शहीद गेट निर्माण गर्दा एउटा ऐतिहासिक मधेश आन्दोलनको यादगारको रूपमा रहने बताउँदै सांसद यादवले मधेश आन्दोलनमा शहीद भएकाहरूप्रति पनि सच्चा श्रद्धान्जली अर्पण हुने विश्वास व्यक्त गरे।

### थरूहट संघर्ष समितिले राष्ट्रिय भेला गर्ने

धनगढी। थरूहट प्रदेशको माग गर्दै आएको थरूहट/थारूवान संघर्ष समितिले बर्दियामा राष्ट्रिय भेलाको तयारी थालेको छ। संघर्ष समिति र थारू कल्याणकारिणी सभा (थाकस)ले चैत १६ गते बर्दियामा हुने थरूहट आन्दोलन, नेतृत्व र अबको बाटो विषयक राष्ट्रिय भेलाको तयारी थालेको हो। २०७२ भदौ ७ गते टीकापुर घटना घटेपछि उठ्न नसेको सो आन्दोलनबारे रणनीतिक योजना तय गर्नेबारे छलफल हुने थाकस कैलालीका कार्यवाहक सभापति माधव चौधरीले जानकारी दिए। फागुन २२ गते जिल्ला अदालत कैलालीको फैससा आएपछि जेल सजाय भुक्तान गरेका थारू नेता, अगुवासहितको उपस्थितिमा राष्ट्रिय भेला हुने उनले बताए। उक्त भेला तीनवटा उद्देश्यमा केन्द्रित हुने जनाइएको छ। टीकापुर मुद्दा र अदालतको फैसला, थरूहट आन्दोलनको अवस्था, मोर्चाबन्दी, नेतृत्व एवं भावी संघर्षका कार्यक्रमहरू र कारागार अनुभव सेयरिङसहित निष्कर्षमा पुगिने थारू नेता लक्ष्मण थारूले बताए।

### निर्वाचन समिति गठन

वीरगन्ज। संघीय समाजवादी फोरम नेपालको पर्सा जिल्लाको अधिवेशन सम्पन्न गर्न जिल्ला निर्वाचन समिति गठन गरिएको छ। फोरम नेपालको केन्द्रीय निर्वाचन समितिले पर्सा जिल्लाको अधिवेशन सम्पन्न गर्न ३ सदस्यीय जिल्ला निर्वाचन समिति गठन गरेको हो। फोरम नेपाल निर्वाचन सम्बन्धी नियमावली २०७३ अनुसार पर्साको अधिवेशन सम्पन्न गर्नका लागि केन्द्रीय निर्वाचन समितीले नवल किशोर यादव, दिनेश महतो र विश्वनाथ यादव सम्मिलित ३ सदस्यीय जिल्ला निर्वाचन समिति गठन गरिएको केन्द्रीय निर्वाचन समितिका प्रमुख डा.शिवजी यादवले जानकारी दिए।

### रेशम निर्दोष छन्

कैलाली। सांसद रेशम चौधरीकी पत्नी रञ्जिता श्रेष्ठ चौधरीले आफ्नो पति निर्दोष भएको बताएकी छन्। उनले कैलाली अदालतले रेशम चौधरीलाई न्याय नगरेको बताइन्। कैलाली जिल्ला अदालतले टीकापुर घटनामा दोषी करार गर्दै रेशम चौधरीसहित ११ जनालाई जन्मकैद फैसला गरेको छ। जिल्ला अदालतले न्याय नगरेको भन्दै पत्नी रञ्जिताले उच्च अदालत जाने तयारी गरेको बताइन्। 'अदालतको फैसला दुखदपूर्ण छ। हामी यससँग सहमत छैन। ममात्र होइन। टीकापुरका आम जनताले निर्दोषिताको प्रमाणपत्र दिइसकेका छन्,' रेशम पत्नी रञ्जिताले भनिन्, 'हामी छिट्टै उच्च अदालत जान्छौं। आशा छ उच्च अदालतले न्याय दिनुहुन्छ।'

### शुभकामना आदानप्रदान

रूपन्देही। आपसी सदभाव, मेलमिलाप र खुशी साटासाट गरी जिल्लामा होली पर्व मनाइएको छ। होली पर्वको अवसरमा बिहीबार जिल्लाका विभिन्न सङ्घसंस्थाले होली मिलन कार्यक्रम आयोजना गरेका छन्। नेपाल पत्रकार महासङ्घ रूपन्देही शाखाले कार्यालय परिसरमा होली मिलन तथा शुभकामना आदानप्रदान कार्यक्रम आयोजना गरेको छ। रङको पर्व भनिने होलीमा परिवार, इष्टमित्र तथा साथीभाइबीच एकापसमा विभिन्न रङ दलेर खुशीयाली साटासाट गरिन्छ। तराईमा होलीलाई विशेष महत्वका साथ मनाउने गरिन्छ।

# होली वा वसन्त नवसस्येष्टि पर्व ?



• विवेककुमार वैश्य

होली पर्व आर्य वर्षको प्रमुख चाडपर्व मध्ये फाल्गुन मासको पूर्णिमामा पर्ने हिन्दूहरूको महान पर्व हो। होली अथवा वसन्त नवसस्येष्टि पूर्व वैदिककालदेखि चलिआएको आरोग्य, सौहार्द एवं उल्लासपूर्वक मनाइने महान चाड हो।

वसन्त नवसस्येष्टि अर्थात (नव-नयाँ, सस्य-अन्न, येष्टि-यज्ञ) वसन्त ऋतुमा उब्जेको नयाँ अन्न वा अनाजहरूको यज्ञ विधिबाट गरिने पुजा हो। प्रह्लाद र होलीको कथा प्रसिद्ध भएपनि होली वा वसन्त नवसस्येष्टिसँग परसपर सम्बन्ध भने राख्दैन।

यो पर्व प्रह्लाद र होलीकाको भन्दा पहिलैदेखि मनाउँदै अएको पर्व हो। पौराणिक मान्यताअनुसार हिरण्य कश्यपुको बहिनी होलिकाले भगवानबाट वरदान पाएकी थिइन् कि उनी आगोमा जल्ने छैनन्। हिरण्य कश्यपु घोर नास्तिक थिए तर उनका छोरा प्रहलाद धर्मात्मा, ईश्वर भक्त थिए।

बाबु छोरामा सधै अनमन, अन्तर्विरोध भै रहन्थ्यो। एकदिन हिरण्य कश्यपुले बहिनी होलिकालाई भने कि तिमी आगोमा जल्ने छैनौ त्यसकारण तिमी प्रहलादलाई काखमा राखेर चितामा बस। त्यस पस्चात प्रहलाद जलेर भस्म हुनेछ र हाम्रो बिरोधी भगवान मान्ने पनि सिद्धिनेछ।

तर, अन्ततः ईश्वरका कृपाले होलिका आगोमा जलिन् र प्रहलाद बचे। प्रह्लाद र होलीकाको सर्न्दभमा हामी सबैलाई विदित भएपनि होलीलाई हामीले उचित अर्थमा र सहि विधिलाई बुझ्न जरूरी छ। जसरी हामी नेपालीहरूले असार १५ लाई धान दिवस वा दहिचिउरा दिवस मनाइन्छ त्यसरी नै यो पर्वमा गहुँ, चना, केराउ, जौ, आदिको आगमनको खुसिमा महायज्ञ गरी त्यसको परिक्रमा गर्दै हर्ष उल्लासका साथ मनाउने गरिन्थ्यो।

वस्तवमा यो पर्वको सान्दर्भिक अर्थ अन्नसँग जोडिएको छ। संस्कृत भाषामा आगो अर्द्ध पाकेको अन्नलाई "होलक" भनिन्छ। जसको पुष्टी वा प्रमाणित गर्न हेतु शब्द कल्पद्रुमकोशः का अनुसार तृणाग्नि भ्रष्टार्द्धपक्वशमीधान्यं होलकः अर्थात अर्ध वा आधा पाकेको बोका भएको अन्नलाई होला वा होलक भनिन्छ जसको संस्कृत अर्थमा अर्द्ध पक्वशमीधान्यै स्तृण भ्रष्टैश्च होलकः होलकोऽ ल्पानिलो मेदकफदोषश्रमापहः हो।



आजको स्थिति हेर्दा हाम्रा महापुरूषले चलाइआएको शिष्ट पर्वलाई असभ्यतामा बदलिँदै गएको छ र यस सन्दर्भमा हाम्रो संस्कार, संस्कृति मेटिँदै कुसंस्कार, असभ्यता, विकृतिले ठाउँ लिँदै आएको छ भन्दा पनि फरक नपर्ला।

हामी नेपाली जनमानसमा नविन अन्न वा बस्तुको पुजा नगरिकन प्रयोगमा ल्याउन हुँदैन भन्ने प्रथा परम्परा प्रचलित छ। यो मान्यता वा परम्परा अहिले मात्र नभई प्राचिनकालदेखि चलिआएको छ त्यसकारण यस पर्वमा भित्राउने नयाँ अन्नको पुजा यज्ञ विधिद्वारा गर्ने गरिन्छ र यज्ञ विधिलाई "यज्ञो वै श्रेष्ठतमं कर्म" अर्थात यज्ञ नै सर्वोतम कर्म हो भनिएको छ।

यस पर्वको मुख्य उद्देश्य भेदभाव मेटेर पारस्परिक प्रेम वा सदभाव प्रकट गर्ने हो। यज्ञ गरेर आफ्नो दुर्गुण, दुरवेशन तथा कुसंस्कारको अहुति दिएर मधुर सम्बन्धलाई उजागर गर्नु हो।

अतः यो प्रेम प्रसारको पर्व पनि भनिन्छ। प्राचिन समयमा पलासको फुलबाट बनाइएको रंग वा बेसार, कुमकुम चन्दनबाट होली खेलिन्थ्यो तर हालको स्थिति विभिन्न विकृति र असभ्यताका कारणले गर्दा नितान्त विकराल रूप लिँदै गएको पाइन्छ।

होलीको नाममा हिलो र फोहोर पानी छ्याप्ने, काँचो अण्डा हान्ने, रक्सी, बाटोमा विदेशीहरूलाई असभ्य व्यवहार गर्ने र महिला उत्पीडन जस्तो कार्यले विकृत र प्रदुषित हुँदै गएको छ। यस्तो विकृति र असभ्यताले यस पर्व प्रतिश्रद्धा विश्वास र होली मनाउन चाहने व्यक्ति त्रास, असुरक्षितका कारण घरमै बसिरहेका हुन्छन्।

मुख्यतः यस्ता असभ्य कार्यको कारणले प्रत्यक्ष रूपमा महिलाहरू असुरक्षित र पीडित भएको पाइन्छ। अनलाइन गुगल फोर्मको माध्यमबाट होलीमा महिला उत्पीडन सम्बन्धी लिइएको सानो तथ्यांकले महिलाहरू ज्यादै असुरक्षित छन् भन्ने प्रतिवेदनमा उल्लेख गरिएको छ। आजभोली जसप्रकारले होली मनाउने गरिन्छ त्यो हेरेर जो कोही बुद्धिमान, विद्वान, शिक्षित वा धार्मिक वर्गका मानिसले सो कार्य अनुचित छ भन्ने ठहर गर्न सक्दछन्।

आजको स्थिति हेर्दा हाम्रा महापुरूषले चलाइआएको शिष्ट पर्वलाई असभ्यतामा बदलिँदै गएको छ र यस सन्दर्भमा हाम्रो संस्कार, संस्कृति मेटिँदै कुसंस्कार, असभ्यता, विकृतिले ठाउँ लिँदैआएको छ भन्दा पनि फरक नपर्ला।

नेपाल जस्तो महा तपोभूमि, महान ऋषीमुनिको स्थल प्रदुषित र संस्कार मलिन हुँदै गएको छ। होलीले यस्तो कार्य गर्नु भनेको हाम्रो संस्कार, संस्कृति, महापुरूष माथि प्रश्नचिन्ह खडा गर्नु हो। हामीले सो विकृति सुधार गर्ने अत्यन्त आवश्यक छ।

हामी "मनुर्भव जनया दैव्यं जनम्"(ऋगवेद १०-५३-६) को भाव आन्तरीकरण गर्नुका साथै पैराणिक कथामा प्रह्लाद र होलीका सम्बन्धीभनिआएको कथावाट पनि सतमार्ग, सत्याग्रहतिर हिड्नु पर्छ प्रेणा समेत ग्रहण गर्न जरूरी छ। हामीले यस विषय सम्बन्धी विचार गर्नुपर्ने समय आएको र अगामी दिनमा बढ्ने विकरालको पूर्वआँकलन गरी समयमा रोकथाम गर्न आवश्यक छ।

# डा. सीके राउतको "जनमत पार्टी" गठन

स्वतन्त्र मधेश गठबन्धनको सिरहा जिल्लाको लहान वडा नं-७ मा चैत्र ३-४ गते बसेको राष्ट्रिय परिषद्को बैठक (केन्द्रीय भेला) विभिन्न जिल्लाबाट आएका १५० भन्दा बढी प्रतिनिधिहरूको सहभागितामा महत्त्वपूर्ण निर्णयहरू गर्दै सम्पन्न भएको छ।

निर्णय गरिएका महत्वपूर्ण केही बूँदाहरू :

- स्वतन्त्र मधेश गठबन्धनले "मधेश स्वराज आन्दोलन"मा समर्पित भएर योगदान दिँदै आएका सम्पूर्ण नेता, कार्यकर्ता, समर्थक, शुभचिन्तक तथा आम-जनताको योगदानको उच्चतम कदर गर्दै स्वतन्त्र मधेश गठबन्धन र नेपाल सरकारको बीचमा २०७५।११।२४ गते भएको ११(बूँदे सहमतिलाई ऐतिहासिक तथा मधेशी जनताको लागि अभूतपूर्व उपलब्धि भएको घोषित गर्दै राष्ट्रिय परिषद्ले सहमतिलाई स्वागत गरेको छ।
- केन्द्रिय भेलाले जनताको हक र अधिकारको लागि संघर्ष गर्न नेपालको संविधान भित्र रहेर पार्टी स्थापना गरी अगाडी बढ्ने निर्णय गरेको छ।
- पार्टीको नाम "जनमत पार्टी" राख्ने निर्णय गरेको छ।
- पार्टीको झण्डामा क्रमशस् रातो, सेतो र हरियो रंगको ठाड़ो धर्का (स्ट्रीप) बीचमा बीचको सेतो स्ट्रीपमा रातो रंगको अष्टदल रहने निर्णय गरेको छ।
- पार्टीको लोगोको रूपमा अष्टदलको छेऊमा देवनागरी र रोमन दुवैमा पार्टीको नाम रहने छ। पार्टीको छापमा अष्टदलको बीचमा गोलाकार गरी पार्टीको नाम रहने निर्णय गरेको छ।
- पार्टीको चुनावचिन्हमा "अष्टदल" लाई राख्ने गरी निर्वाचन आयोगमा निवेदन दिने निर्णय गरेको छ।




- केन्द्रिय भेलाले पार्टीको लागि ३५ सदस्यीय केन्द्रिय कार्यकारिणी समिति चयन गरेको छ। निर्वाचन आयोगमा दल दर्ता भएसँगै केन्द्रिय कार्यकारिणी समितिलाई विस्तार गरिनेछ।केन्द्रिय

## राजनीतिक दस्तावेज

समितिमा थप सदस्य मनोनित गर्ने जिम्मेबारी सर्वसम्मतिले राष्ट्रिय अध्यक्षलाई दिइएको छ।

३५ सदस्यीय केन्द्रिय कार्यकारिणी समितिमा डा. सिके राउत राष्ट्रिय अध्यक्ष तथा केन्द्रिय सदस्यहरूमा कैलाश महतो (महोत्तरी), राज कुमार यादव (सिरहा), अब्दुल खान (बर्दिया), चन्दन सिंह (महोत्तरी), बबिता ईसर ( सप्तरी), कौशिला महतो (झापा), परमेश्वर मुर्मु (मोरंग), सीताराम पंडित (सुन्सरी), सुरेन्द्र शर्मा (सप्तरी), सतिला यादव (सिरहा), इन्द्रजीत यादव (धनुषा), संजय यादव (महोत्तरी), नरेश कुशवाहा (सर्लाही), वीरेन्द्र साह ( रौतहट), दिनेश यादव (बारा), संजय साह (पर्सा), ध्रुव गौड (नवलपरासी), भोपेन्द्र यादव (रूपन्देही), हकिकुल्ला खान (कपिलवस्तु), राधा यादव (दाङ), इरफान अहमद शेष (बाँके), महेन्द्र प्रसाद चौधरी (कैलाली), दुर्गा चौहान ( नवलपरासी) र आशा मेहता (सुन्सरी) रहेका छन्। बाँकी १० जना सदस्यहरू मध्ये महिला, दलित,जनजाति, अल्पसंख्यक सहितको प्रतिनिधित्व हुने गरी मनोनित गर्न सर्वसम्मतिले जिम्मेबारी पार्टीका राष्ट्रिय अध्यक्षलाई दिइएको छ।

- स्वतन्त्र मधेश गठबन्धन र नेपाल सरकारको बीचमा २०७५र११र२४ गते भएको ११(बूँदे सहमतिलाई कार्यान्वयनमा ल्याउँदै स्वतन्त्र मधेश गठबन्धनका समर्थकहरूमाथि लगाइएका मुद्दाहरू अविलम्ब फिर्ता लिनका लागि छिटो पहल गर्ने निर्णयका साथ श्री चन्दन सिंहको संयोजकत्वमा ३ सदस्यीय सहमति कार्यान्वयन समितिलाई सो कार्यको जिम्मेबारी सुम्पेको छ।त्यसका साथै प्रहरी हिरासतमा मारिएका बाँके जिल्ला संयोजक राम मनोहर यादवको परिवारलाई सरकारसँगको सहमति अनुसार क्षतिपूर्ति तथा परिवारका एक जनालाई रोजगारी उपलब्ध गराउने पहल अविलम्ब थाल्न पनि सोही समितिलाई जिम्मेबारी दिइएको छ।
- "जनमत पार्टी" को गठनसँगै जनमत जुटाउन जनता समक्ष जाने र जनमतबाटै संवैधानिक रूपमा नै जनताको समस्या, माग, हकहित र अधिकारको लागि अनवरत समर्पित र निस्स्वार्थ भावले संघर्षरत रहने प्रतिबद्धता भेलाले जाहेर गरेको छ।
- "जनमत पार्टी" सम्पूर्ण जनता, पत्रकार, नागरिक समाज, राजनीति पार्टी तथा सामाजिक संघ(संगठनलाई सहयोग तथा सहकार्यका लागि हार्दिक अनुरोध गर्दछ।

## राजपामा पाँच कर्मचारी थपिए

काठमाडौं। राष्ट्रिय जनता पार्टी नेपालले पाँच जना कर्मचारीको नियुक्त गरेको छ। राजपाका संयोजक महेन्द्र यादवको कार्यकालको अन्तिम दिन मंगलबार यसअघि विदा गरे तीन र नयाँ दुई कर्मचारी गरी पाँच जनालाई नियुक्त गरिएको छ। प्रदीप पाठक, रञ्जित निष्पक्ष र सुरेन्द्र मण्डल यसअघि पनि कार्य गरिसकेका छन् भने अभिषेक कर्ण र रामपुकार साह (सुडी) नयाँ रहेका छन्। राजपा नेपालको महाधिवेशनलाई ध्यानमा राखी पार्टीको अभिलेखलगायत अन्य कागजातहरू चुस्तदुरूस्त राख्न पाँच कर्मचारी थप गरिएको पार्टी स्रोतले जनाएको छ। राजपा नेपालको एकताको भावना अनुकूल इमान्दार र निष्पक्ष कार्य सम्पादनको अपेक्षासहित नियुक्त गरिएको हो।

## संक्षिप्त समाचार

### यादवलाई नगरपालिकाको सम्मान

राजविराज। एशियाली एथलेटिक्समा स्वर्ण पदक विजेता राजविराजका अजितकुमार यादवलाई राजविराज नगरपालिकाले सम्मान गर्ने घोषणा गरेको छ। हङ्कङमा भएको तेस्रो एशियाली एथलेटिक्समा ऐतिहासिक स्वर्ण पदक हात जितेका यादवलाई राजविराज नगरपालिकाको बैठकले सम्मानस्वरूप रू एक लाख एक दिने निर्णय गरेको छ। यस्तै तिलाठी कोइलाडी गाउँपालिकाको बैठकले पनि स्वर्ण पदक विजेता यादवलाई रू ५१ हजार पुरस्कार दिने निर्णय गरेको छ। भव्य कार्यक्रम गरी यादवलाई सम्मान गरिने जनाइएको छ।

### मुख्यमन्त्रीद्वारा शुभकामना

विराटनगर। प्रदेश नं १ का मुख्यमन्त्री शेरधन राईले फागुपूर्णिमा (होली) पर्व २०७५ को अवसरमा स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिका लागि शुभकामना व्यक्त गरेका छन्। यस पर्वले मानव जीवनलाई रङ्गीन र उल्लासमय बनाउन प्रेरित गर्ने विश्वास मुख्यमन्त्रीले व्यक्त गरेका छन्।

### होली साझा पर्व हो : मुख्यमन्त्री

रूपन्देही। प्रदेश नं ५ का मुख्यमन्त्री शङ्कर पोखरेलले होली पर्वको अवसरमा शुभकामना व्यक्त गरेका छन्। उनले शुभकामना सन्देश जारी गर्दै यो पर्व सबै नेपालीको साझा पर्व भएको उल्लेख गरेका छन्। उनले सामाजिक सम्बन्धलाई बलियो बनाउन हाम्रा सांस्कृतिक पर्वले महत्वपूर्ण भूमिका खेलिरहेको उल्लेख गरेका छन्। नेपालको मौलिक पर्वको रूपमा नेपाली समाजमा स्थापित होलीपर्व अर्थात् फागुपूर्णिमा कुनै समुदाय र ठाउँ विशेषमा नभएर होली साझा पर्वको रूपमा स्थापित भइसकेको मुख्यमन्त्री पोखरेलले बताएका छन्।

### आश्रमलाई प्रदेश सरकारको सहयोग

वीरगन्ज। मानव सेवा आश्रम वीरगञ्जलाई प्रदेश सरकारले रू पाँच लाख आर्थिक सहयोग गरेको छ। प्रदेश नं २ का मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले आश्रममा रहेका असहाय तथा दीनदुःखीका लागि आर्थिक सहयोग प्रदान गरेका हुन्। आश्रमले बुधबार वीरगञ्जमा आयोजना गरेको होलीको समारोहमा आश्रमका संरक्षक डा दीपक शाक्यलाई रू पाँच लाखको चेक हस्तान्तरण गरेका हुन्।

### ट्रमा सेन्टरको कार्यकारी निर्देशकमा यादव

काठमाडौं। राष्ट्रिय ट्रमा सेन्टरको कार्यकारी निर्देशक पदमा डा प्रमोद यादव नियुक्त भएका छन्। चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (न्याम्स) अन्तर्गत सो सेन्टर सञ्चालनमा रहेको छ। उपप्रधानमन्त्री एवं स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री उपेन्द्र यादवले मङ्गलबार मन्त्रिस्तरीय निर्णय गर्दै दशौं तहका वरिष्ठ जनरल सर्जन चिकित्सक यादवलाई सो पदमा नियुक्ति गरेका छन्।

### विप्लव समूहका चार जना पक्राउ

कपिलवस्तु। नेकपा नेत्रविक्रम चन्द विप्लव समूहका कपिलवस्तुबाट जिल्लास्तरका नेताहरू पक्राउ परेका छन्। पक्राउ हुनेमा जिल्ला नेतामा बाणगङ्गा नगरपालिका श्यमदास पासी र राजमङ्गल थारू रहेका छन्। यस्तै शिवगढीबाट दुर्गालाल खत्री र कपिलवस्तुमा बसेर रूपन्देहीको राजनीति गर्ने युवराज न्यौपानले समेत पक्राउ परेका छन्। यी नेताहरूलाई सरदरमुकाम तौलिहवासहित राजमार्ग क्षेत्रका इलाकाहरूमा राखिएको बताइएको छ।

### घरेलु मदिरा नष्ट

रौतहट। गौर नगरपालिका-१,६ र ७ नम्वरका वडाहरूमा अवैध घरेलु तयारी मदिरा ५० लिटर र मदिरा बनाउन तयार पारिएको कच्चा पदार्थ ३ हजार ३ सय लिटर मंगलबार प्रहरीले नष्ट गरेको छ। उक्त स्थानमा अवैध रूपमा घरेलु मदिरा भट्टीहरू संचालन गरी घरेलु मदिरा उत्पादन तथा बिक्री बितरण भइरहेको छ भन्ने सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय रौतहटबाट खटिएको प्रहरी टोलीले उक्त मदिरा नष्ट गर्नुका साथै घरेलु मदिरा बनाउन प्रयोग गरिने मेसिन १ थान, मदिरा बनाउन प्रयोग गरिने भाँडा १३ थान र ड्रम ९९ थान समेत नियन्त्रणमा लिएको छ।

### जीपको छतबाट खसेर एकको मृत्यु

बाँके। जीपको छतमा बसेर यात्रा गर्ने एकजनाको खसेर मृत्यु भएको छ। राप्ती सोनारी गाउँपालिका-२ स्थित भित्री सडकमा मंगलबार दिउँसो भे.१ ज ३३६ नम्बरको जिपको छतबाट खसेर गम्भीर घाइते भएका सोही गाउँपालिका खोरीया बस्ने २९ वर्षीय ध्वजबहादुर भण्डारीको उपचारको लागि मेडिकल कलेज कोहलपुर लैजाने क्रममा बाटोमै मृत्यु भएको छ। जिप र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

### पोखरीमा डुबेर मृत्यु

धनुषा। लक्ष्मिनिया गाउँपालिका-२ सिनुरजोडास्थित मामाघरमा बिगत ४/५ दिन अगाडि आएकी सिराहा कल्याणपुर बस्ने नथुनी सहनीकी ४ वर्षीया छोरी नन्दनी कुमारी सहनीको मामाघर नजिक रहेको पोखरीमा डुबेर मंगलबार बिहान मृत्यु भएको छ। खेल्ने क्रममा डुबेर अशक्त भएकी उनलाई उपचारको लागि जनकपुरतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो।

### खोलामा डुबेर बालकको मृत्यु

कैलाली। लम्कीचुहा-४ बस्ने कालुराम न्यौपानेका १० वर्षीय छोरा सुनिल न्यौपानेको सोही स्थानमा रहेको स्याउले खोलामा डुबेर शुक्रबार दिउसो मृत्यु भएको छ। उक्त खोलामा नुहाउने क्रममा डुबेर अशक्त भएका उनको टिकापुर अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो।

शिक्षालाई सीपसँग, सीपलाई उत्पादनसँग, उत्पादनलाई बजार तथा बजारलाई रोजगारीको अवसर र आर्थिक विकाससँग जोड्ने अभिप्रायले नेपाल सरकारद्धारा गठित कार्यदलले मानव संसाधनको आँकलन तथा प्रक्षेपण कार्य गरिरहेको सन्दर्भमा नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको वेभसाइट मार्फत वा www.hrp.gov.np मा रहेको यलष्लिभ विवरण तथा सुझाव संकलन फारम यथाशिघ्र भरिदिई सहयोग गरिदिनुहुन अनुरोध गरिन्छ।

Email:- hrp@moest.gov.np
Toll Free No.: 16600100382

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# कृषिप्रधान देश भनेर प्रचार गर्नु बाहेक केन्द्रले केही गरेन : कृषिमन्त्री

राम नारायण पंडित, सिरहा । प्रदेश २ को भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री शैलेन्द्र प्रसाद साहले नेपाल कृषि प्रधान देशको रूपमा संसारभर परिचित रहेपनि उन्नत कृषिका लागि संघीय सरकारले उचित व्यवस्थापन गर्न नसक्नु दुःखद भएको बताएका छन् । सिरहाको मिर्चैया नगरपालिका ९ धुर्मीबजार स्थित शिवशक्ति कृषि सहकारी संस्था लि. को सातौं साधारण सभाको शनिवार उद्घाटन गर्दै मन्त्रि साहले संघिय सरकारले देश कृषिप्रधान रहेको भन्दै आएपनि कृषि क्षेत्रलाई प्राथमिकता नदिएको आरोप लगाए । उनले भने, "मुलुक कृषि प्रधान देश हो भन्दै प्रचार गर्ने वाहेक संघिय सरकारले केही गरेन', 'अव प्रदेश सरकारले साँच्चै नै किसानका पक्षमा काम गर्छ, उनले थपे, अव किसान युग सुरू हुदैछ, प्रदेश मात्र नभई देशको समृद्धि कृषिमै निर्भर छ ।"



देशको ६५ प्रतिशत र प्रदेश २ को ८५ प्रतिशत नागरिक कृषिमा निर्भर रहेको भन्दै उनले कृषिलाई आधुनिकिकरण गर्दै प्राविधिक कृषि विकासको लागि प्रदेश सरकार हर सम्भव प्रयास गरिरहेको स्पष्ट गरे । अगामी वर्षमा प्रदेशको हरेक पालिकामा कृषि औजारको व्यवस्थापन गर्न लागेको जानकारी दिदै मन्त्री साहले कृषिको लागि आवश्यक पर्ने पानी, विजुली, मलखाध, उन्नत विउ, कृषि सडक, कृषि औजार लगायतका सम्पूर्ण सामग्री सरकारले उपलब्ध गराउने तयारीमा रहेको बताए । उनले प्रदेश सरकार कृषिलाई प्रविधिसँग जोडन लागि परेको समेत बताएका छन् ।

तराई-मधेशका जनताको मुल पेशा खेती-गृहस्थी भएको भन्दै उनले किसानलाई वैज्ञानिक ढंगले खेती गर्न आगामी बजेटमा एक बिघासम्म खेति गर्ने किसानलाई खेतीबालीका लागि १० हजार रूपैयाँ नगद बैंक मार्फत सहयोग गर्ने समेत आश्वासन दिएका छन् । कृषि उत्पादनको सुरक्षा, विक्री वितरणको व्यवस्थापन लगायतका विषयमा सरकारले योजनावद्ध रूपमा काम गरिरहेको उनले जिकिर गरे । किसानका लागि सिचाईको समस्या दिर्घकालिन रूपमा समाधान गर्नका लागि कोसी, कमला डाईभर्सनको सम्झौता एडिबीसंग भईसकेको समेत मन्त्रि साहले स्पष्ट गरे ।

प्रदेश सहकारी ऐन टेबल भईसकेको भन्दै मन्त्रि साहले चैत महिना भित्रै पारित हुने बताए । ऐन आएपछि सहकारी क्षेत्रको बिकासमा थप सहयोग पुग्ने उनले विश्वास व्यक्त गरे । छोरी शिक्षा विमा कार्यक्रम प्रदेश भरी लागु भएको भन्दै मन्त्रि साहले कार्यक्रम अन्तर्गत माघ १ गतेपछि जन्मिएको बालिकाहरूलाई १ लाख २५ हजारको विमा भईरहेको बताए ।

संघिय सरकारले अझै पनि असहयोग यथावत राखेको आरोप लगाउदै मन्त्रि साहले जसको कारणले प्रदेश सरकारलाई कानुन निर्माण गर्न ढिलाई भईरहेको रोष प्रकट गरे । अहिले अधिकारका लागि संघर्ष र विकासका काम संगसंगै गर्नुपर्ने अवस्था रहेको उनले बताए ।

कार्यकमलाई सम्बोधन गर्दै सिरहा क्षेत्र नं. ४ "क" प्रदेश सभाका सांसद दिलिप साहले राज्यको निति स्पष्ट नहुँदा सहकारी क्षेत्रमा सोचेजति विकास हुन नसकेको बताए । सहकारीहरूलाई पनि एनजिओमुखि नभएर जनतामुखि भएर सेवा प्रवाह गर्न उनले आग्रह गरे । स्थानिय कमलदह, मिर्चैया बजारको दुर्गा मन्दिर, जिबा खोला क्षेत्रमा पिकनिक स्पोट र उतरायणीको विकासका लागि पर्यटनमन्त्रिसंग छलफल भएको खुलासा गरे । सिरहाको उतरी क्षेत्रमा अझैपनि खानेपानीको साथै सिचाईको लागि पानीको अभाव रहेकोले पानीको समस्या हल गर्न आफु पहल गरिरहेका आश्वासन दिएका छन् ।

उक्त कममा विभिन्न क्षेत्रमा उत्कृष्ट योगदनज गरेको व्यक्तिहरूलाई सम्मान समेत गरिएको थियो ।

संस्थाका अध्यक्ष दिपेन्द्र कुमार साहको अध्यक्षतामा भएको साधारण सभा तथा नयाँ भवन उद्घाटन कार्यकममा संस्थाको २०७५/०७६ को आयव्याय समेत प्रस्तुत गरिएको थियो । कार्यकममा कृषि विशेषज्ञ रामलखन मण्डल, राप्रपाका केन्द्रिय सदस्य राम नारायण साह, संघिय समाजबादी फोरम नेपालका केन्द्रिय परिषद सदस्य बिरेश्बर यादब, जिल्ला बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष संजय महतो लगायतका सम्बोधन गरेका थिए ।

# उत्कृष्ट विद्यार्थीलाई कदर गरिनेछ : मेयर गुप्ता

राकेश यादव, रौतहट । गौर नगरपालिकाका नगरप्रमुख अजय कुमार गुप्ताले एसईई परीक्षामा सहभागी हुन लागेका कक्षा १० का विद्यार्थीहरूलाई परीक्षामा आफुले अध्ययन गरेको ज्ञान, सिप, अनुभवको आधारमा स्वविवेक प्रयोग गरी उत्कृष्ट अंक ल्याएर उत्तीर्ण हुने विद्यार्थीलाइ उच्च कदर गर्ने बताएका छन् ।




सदरमुकाम गौरमा संचालित ग्लैक्सी पब्लिक विद्यालयले मंगलवार आयोजना गरेको विदाई तथा सम्मान कार्यक्रममा सम्वोधन गर्दै मेयर गुप्ताले मर्यादित पूर्वक परीक्षामा सहभागी भई हासिल गरेको शिक्षाको प्रयोग गरी राम्रो अंक ल्याउन सफल हुने परीक्षार्थीलाइ नगरपालिकाले सम्मान गर्ने धरना राखेका छन् ।

गौर नगरपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयमा अध्यन गर्ने छात्र छात्रा संग राम्रो गर्ने आशा गौर नगरपालिकाले लिएको बताए । मेयर गुप्ताले भने स्तरीय शिक्षाको पहिचान यस पालिका माध्यमिक परीक्षामा स्थापित गर्नु पर्छ । नराम्रो गरे नगरपालिकाको बदनामी हुने भएकोले मिहनत लगनले अध्यन गरेर राम्रो गर्न आग्रह समेत गरे ।

नगरपालिकाले किशोरी शिक्षा, महिला सशक्तिकरण, स्वास्थ्यको सुधार, सामाजिक विकासमा भौतिक पूर्वाधार निर्माण भन्दा बढ़ी चासो लिएको उल्लेख गर्दै मेयर गुप्ताले लगानी अनुसारको प्रतिफलको चाहना राखेको प्रस्ट गरे । अध्यनको साथ साथै मानसिक विकासको लागि अतिरित्त क्रियाकलाप अतिआवश्यक भएकोले सामुदायिक विद्यालयलाइ प्रत्येक शुक्रवार अतिरिक्त क्रियाकलाप गराउन स्पस्ट रूपमा निर्देशन दिएको बताए ।

खेलकूदमा विशेष जोड़ दिएको बताउँदै मेयर गुप्ताले हालै स्थानीय विकास केन्द्रको आयोजना मा संपन्न भएको महिला फुटवाल रौतहट गोल्ड कपमा गौरका छोरीहरूले गरेको प्रदर्शनले आफु उत्साहित रहेको बताए । राष्ट्रिय खेल समेत खेली सकेका चन्द्रनिगाहपुरका टीमको विरूद्ध गौर नगरपालिकाका टीमले १ गोल गर्नु महत्वपूर्ण कुरो रहेको जनाए । खिलाड़ी जति सुकै बलियो भएपनि हौसला मजबूत भए केहि असंभव नरहेको तर्क मेयर गुप्ताको रहेको छ । एसईई परीक्षामा पास हुने दृढ़ताले परीक्षा दिए पक्कै सफलता मिल्ने नै हुदा विना चिट गरेर राम्रो अंक ल्याई गौर नगरपालिकाको नाम रौशन तथा रौतहटको शिक्षा माथि लागेको धव्वालाइ समाप्त पारेर सकारातमक सन्देश दिन सवै विद्यार्थी सीत आग्रह गरेका छन् ।

जून सुकै क्षेत्र खेलकूद, भलिबल, फुटबल, बास्केटबल, हाजिरिजवाफ प्रतियोगिता, क्रिकेट लगायतका क्षेत्रमा गौरको पहिचान बनाउन खिलाडीलाई गौर नगरपालिकाले जुनसुकै सहयोग गर्न त्यार रहेको प्रतिवद्धता जनाए । आइरन गेटले चिनिने एसईई परीक्षामा जवर्दस्त अंक ल्याएर उच्च शिक्षा अध्यन गर्ने अवसर प्राप्त गर्ने भनी विश्वास लिएको बताउँदै मेयर गुप्ताले आमा, बूबाको इच्छा, आकांक्षा पूरा गर्ने अनुरोध गरे । विद्यार्थीको सफलता मै आफ्नो सफलता रहेको बताए ।

उनले महिलाहरूको सुरक्षाको लागि गौर नगरपालिका कार्यालयमा रहेको महिला शौचालय लगायत सबै सामुदायिक विद्यालयमा स्नेटरी पैड व्यवस्था गरिएको जानकारी दिए । महिला, किशोरीहरूलाई मासिक धर्मको कारण लज्जित हुन नपरोस् भने उद्देश्यले पैड व्यवस्था गरेको जिकिर गरे ।

गौरमा रहेको ब्यारेक मैदानलाइ गर्ल्स मैदानको रूपमा बनाउने सोच रहेको बताए । राईस मिल को जग्गा अधिग्रहण गरेर पुरूष खेलकूद मैदान बनाउने बताए । व्यारेक मैदानमा बालिकाहरूले मात्र खेल्न सकिने व्यवस्था गर्ने उदघोष समेत गरे । कार्यक्रममा राजदेवी नगरपालिका वड़ा नम्बर ८ का वड़ा अध्यक्ष शंकर राय यादव, स्थानीय विकास केन्द्र रौतहटका उपाध्यक्ष राकेश कुमार यादव लगायतका वक्तहरूले आ आफ्नो धारणा राखेका थिए । कार्यक्रममा कक्षा १० का विद्यार्थीहरूलाई ससम्मान विदाई तथा महिला फुटबल आयोजना गरेका सस्थाका पदाधिकारीहरू दिनेश संगम, अजित कर्ण, चंचल झा, पप्पु झा तथा महिला फुटबलमा राम्रो खेल प्रदर्शन गरेकी गोलकीपर शिल्पी उपाध्यायलाई विद्यालयले सम्मान पत्रसहित सम्मानित गरेको थियो । आफताव आलमको अध्यक्षतामा सम्पन्न कार्यक्रममा राजपा नेपालका विद्यार्थी नेता ओम प्रकाश मधेशिया, विद्यालयका शिक्षक शिक्षिका अभिभावकहरूको सहभागिता रहेको थियो ।



स्थानीय सम्वाद

# तालाबन्दीका कारण विकास निर्माणमा असर पर्‍यो



## अभय कुमार सिंह
### नगर प्रमुख, बलरा नगरपालिका, सर्लाही

यहाँको ४ नम्बर क्षेत्रको सांसद हुनुहुन्छ डा.अमरेश कुमार सिंह । उहाँले २० वर्षसम्म यो ठाउँमा एकलौटी राज गर्नुभएको थियो । उहाँको इच्छाविपरीत जनताले मलाई अभिमत दिएर चुनाव जिताए, यो कुरा उहाँलाई सैह्य भइरहेको छैन ।

**o बलरा नगरपालिकामा २/३ महिना तालाबन्दी हुनुको कारण के थियो ?**

– यहाँ कुनै किसिमको विवाद थिएन र अहिले पनि छैन । सबै कामहरू नियमित भईराखेकै थियो । यहाँको ४ नम्बर क्षेत्रको सांसद हुनुहुन्छ डा.अमरेश कुमार सिंह । उहाँले २० वर्षसम्म यो ठाउँमा एकलौटी राज गर्नुभएको थियो । उहाँको इच्छा विपरित जनताले मलाई अभिमत दिएर चुनाव जिताए, यो कुरा उहाँलाई सैह्य भइरहेको छैन । गत साल पनि २० दिन तालाबन्दी भएको थियो त्यसपछि पनि हामी जुन काम गरेका छौं त्यो सर्लाही जिल्ला भरिमा मै उदाहरणीय छ । हामीले गरेको काम देखेर उहाँलाई असैह्य भएको छ र विभिन्न मुद्दा उठाएर विवाद सिर्जना गराउने काम गरिराख्नुभएको छ । नयाँ नयाँ प्रतिनिधिहरू जितेर आएका छा, उनीहरूलाई नीति नियमको विषयमा खासै जानकारी छैन त्यस्ता व्यक्तिहरूलाई उचालेर पुस ४ गते नगरपालिकाको कार्यालयमा तालबन्दी भयो । हामीले पटक पटक आग्रह गर्दा पनि ताला खोलिएन । विगत दुई दिनदेखि वार्ता चलिरहेको थियो नियम अनुसार चल्ने सहमतिमा ताला खोलेर काम अगाडि बढेको छ ।

**o नेपाली कांग्रेसका सांसद डा. अमरेश सिंहमाथि विभिन्न किसिमका आरोपहरू लगाउनुभयो, तर तपाईकै पार्टीबाट जितेका उपमेयर र वडाअध्यक्षहरूले तालाबन्दी गरेको चर्चा छ नि ?**

– मैले अमरेशजीलाई मात्र आरोप लगाएको होईन । उहाँलाई मैले यत्तिकै आरोप लगाएको पनि छैन । मसँग तर्कपूर्ण आधार छ । हाम्रो पार्टीका अग्रज नेताहरूले चुनावको समयमा टिकट वितरण गर्दाखेरी राम्रो मान्छे छान्नुभन्दा पनि हतार हतारमा टिकट वितरण गर्नुभयो । आफ्नो पार्टीमा निरन्तर काम गरेकाहरूलाईभन्दा पनि अन्य पार्टीबाट भर्खर आएकाहरूलाई टिकट दिनुले पनि विभिन्न समस्याहरू थपिएका हुन् जस्तो मलाई लाग्छ ।

**o २० वर्षदेखि जनप्रतिनिधिविहिन भएको स्थानीय तहमा तपाईहरू आएपछि पनि यसरी तालाबन्दी हुँदा जनताले पाउनुपर्ने सुविधा पाएका छैनन् । यस्तो अवस्थामा ताला खुलाउन किन पहल गर्नुभएन यति लामो समयसम्म ?**

– नगरपालिकामा तालबन्दी हुने बित्तिकै केन्द्रीय नेतृत्व पंक्तिलाई पटक-पटक जानकारी गराएको छु । हामीले आफ्नो केन्द्रीय कार्यालयमा पनि जानकारी गरायौं, जनकपुरधाममा भएको भेलामा पनि तालाबन्दीबारे जानकारी गराएका थियौं । उहाँहरूले पक्कै कुन न कुनै ठोस निर्णय निकाल्नुहुन्छ ।

**o तपाइँले एकलौटी ढंगले नगरपालिका चलाउन खोज्नुभयो भन्ने आरोप छ नि ?**

– कसैमाथि आरोप लगाउन सजिलो छ तर त्यसको पुष्टि पनि गर्न सक्नुपर्छ । यदि मैले नगरपालिकाको सबै बजेट आफ्नै खल्तीमा राखेको छु, आफ्नै छोरा बुहारीलाई दिइसकेको छु भने त्यो प्रमाणित गर्नुपर्छ । मैले यहाँ गरिरहेको काम हेर्नुपर्छ । यदि त्यस्तो भएको छ भने दोषी छु । तर, मैले गरेको कामले भन्छ कि एकलौटी गरेको छैन भने आरोप लगाउन मिल्दैन । बजेट दिँदा कसैलाई केही बढी, केही कम परेको हुनसक्छ ।

**o तीन महिनासम्म जसरी तालाबन्दी थियो, त्यसले गर्दा विकास निर्माणको काम कतिको प्रभावित भयो त ?**

– नयाँ संरचनाअनुसार काम सुरू गर्दा तीन महिनासम्म तालाबन्दी हुँदा निश्चितरूपले विकास निर्माणको काम प्रभावित भएको हो । म झुठो कुरा गर्दिंन कि तालाबन्दी हुँदा पनि काम गरें भनेर । अहिले अमरेश सिंहका मान्छेहरू अनावश्यकरूपमा विवादहरू खडा गर्न खोजिरहेका छन् । अधिकृतलाई अनावश्यक दबाब दिने काममा छन् । यो नगरपालिकामा सडक ढलानकै काम बढी छ । तनमन धनले लाग्यो भने तीन महिनामा जति काम हुन सकेन त्यो पूरा गर्न सकिन्छ । यसभन्दा पहिलो हाम्रो काम गराइले एक नम्बरमा पुगेका थियौं । यसपटक पनि हामी एक नम्बरमा पुग्छौं भन्ने विश्वास छ ।

**o अब फेरि पनि नगरपालिकामा तालाबन्दी हुँदैन भन्ने कुराको के ग्यारेन्टी छ ?**

– अब फेरि ती असन्तुष्टहरूले तालाबन्दी गर्दैन भन्ने कुरामा केही बाउण्ड बनेको छैन । अब नियम कानूनले चल्नुपर्ने हो, नगरसभाबाट पारित भएका कुराहरू लागू गर्ने, छुट भएका कुराहरू समेटिने लगायतका विषयमा सहमति भएको छ ।

**o तपाइँकै पार्टीका वडाअध्यक्षहरूले पनि तालाबन्दी गरेका थिए, के थियो समस्या ?**

– वडाअध्यक्षहरूले आफ्ना समस्याहरू मलाई पहिले नै बताइदिएको भएको त्यस्तो अवस्था नै आउने थिएन । दशैंको बेला भगवती मन्दिरमा खसी चढाउन जाँदा उनीहरूलाई पनि माला लगाउनुपर्ने, गुलियो खाना दिनुपर्ने अनि मात्रै बली प्रदान गर्नुपर्ने माग थियो । तर, मलाई त यसबारे जानकारी नै थिएन । यस्तै सानोतिनो निहुँहरू खोजेर कसैको उक्साहटमा तालाबन्दी गर्न पुगेका थिए । म सर्लाहीबाट काठमाडौं आएँ त्यहीं दिन तालाबन्दी गरे । मलाई त जानकारी नै भएन, पछि थाहा पाएँ कि मेरो नगरपालिकामा तालाबन्दी भयो ।

**o नगरपालिकामा विकास निर्माणको सवालमा कतिको काम भएको छ ?**

– मेरो नगरपालिकामा मैले कति काम गरें भन्ने कुरा मैले आफै भनेर हुँदैन । यहाँका जनतासँग सोध्नुस्, अनि जनताले त्यसको जवाफ दिन्छन् । तपाइँलाई निम्तो छ, एकचोटि यहाँ आएर अनुगमन गर्नुस् कि कति काम भएको छ ।

राष्ट्रिय साप्ताहिक मधेशवाणी



## विश्व परिवेश

# पाकिस्तानी आतंकमाथि ध्यान दिनुपर्ने

– **अल्लाबक्श**

चीनले पाकिस्तानको आतंकसँग साँठ-गाँठ रहेको सम्बन्धमा जुन ढाकछोप गर्दै आएको छ, त्यसबारेमा आतंकवाद सम्बन्धी अमेरिकाको रूखलाई ख्याल गर्नु उसको आफ्नै हितका दृष्टिले राम्रो हुनेतिर बढी ध्यान दिनुपरेको छ । अमेरिकाले एक पटक पाकिस्तानलाई नाटोको संगठन नभएको बताएपछि पाकिस्तानको आतंकी संगठनहरूको दोहरोपनाले गर्दा व्यापक क्षति व्यहोर्नु परेको थियो । तथ्य यो छ कि अमेरिकाले पाकिस्तालाई चिनेको छ । चीनले पाकिस्तानसँग नयाँ मित्रता गाँसेकोले त्यसले पनि राम्रो पाठ सिक्नेछ । अब्बोटावादमा ओसामाबिन लादेनको हत्या पश्चात् अमेरिका पाकिस्तान प्रेरित चालबाजीले गर्दा ज्यादै शंकास्पद भैसकेको छ । तथाकथित अफगान जिहादमा पाकिस्तानले आतंकको क्रममा दुष्ट राष्ट्रहरूसँग सम्बन्ध गाँसेको थाहा भएपछि अमेरिकाले इस्लामाबादको दोहोरो चालबाजी बारे मे २०११ मा अब्बोटाबादमा संचालन गरेको विशेष गतिविधिहरूलाई महसुश गरेको थियो । अमेरिकाले पाकिस्तानबाट आफ्नो गतिविधिहरूलाई परिवर्तन गर्न अपेक्षा गरेको थियो तर त्यसमा सफल हुन सकेन । अमेरिकाले त्यसो गरेको कारण अहिले पश्चाताप गर्दैछ त्यसैले चीन पनि त्यस्तो फन्दामा नपरोस् भन्ने अपेक्षा गरेको छ । त्यसैले पुलवामा आक्रमणको अमेरिका जस्तै चीनले रूख अपनाएर पाकिस्तानलाई आतंकवादी संगठनहरू तथा पाकिस्तान भित्र रहेका त्यसका कार्यस्थलहरूलाई समाप्त पार्नका निमित्त पाकिस्तानलाई बाध्य पार्नु जरूरी छ । चीनले पनि अमेरिका र भारत जस्तै त्यस्ता संगठनहरूका कामकारवाहीहरू तथा चुनौतीसँग जुझ्दै आएको छ ।

पुलवामा आक्रमण सम्बन्धमा अमेरिका आफ्नो अडानमा एकदम स्पष्ट छ । भारतको आतंक विरोधी अभियान पवित्र र सही भएकोले त्यसमा बाशिंटनको स्वीकृति र समर्थन समेत रहेको छ र त्यसैले उसले पाकिस्तानलाई 'जेम' र अन्य आतंकवादी संगठनहरू विरूद्ध तुरून्त पारदर्शी कारवाही गर्न दबाब दिँदै आएको छ । अमेरिकाले भारत जस्तै पाकिस्तानको अनुपयुक्त र प्रतिरोधी क्रियाकलापहरूको भर्त्सना गरेको छ । चीन संयुक्त राष्ट्रको अग्रणी सदस्य-राष्ट्र भएपनि आफ्नो जिम्मेवारी पुरा गरेको छैन, जो चीनले गर्नु जरूरी छ । पाकिस्तान सरकारले आफ्नो देशमा संचालित आतंकवादलाई समाप्त पार्ने कुनै चासो नदेखाएकोले अमेरिकाले अहिले पाकिस्तानी संगठनहरूलाई भारतीय रूपमहाद्बीपमा त्यस्तो कुनै

आतंकवादी गतिविधिहरू अब उप्रान्त संचालन नगर्ने चेतावनी दिएको छ । चीन पनि त्यस कार्यमा सहभागी हुनुपर्दछ । चीनको मौनताले गर्दा पाकिस्तान झन् त्यस्तो गतिविधिहरू संचालित गर्न अग्रसर हुँदै गएको छ । अमेरिकी गुप्तचर समुदाय 'बर्ल्डवाइड थ्रेट एसेसमेण्ट' को सबभन्दा पछिल्लो सुनुवाईको क्रममा अमेरिकी गुप्तचर निकायको निर्देशक डान कोट्सले भनेका थिए – 'इस्लामावादको संरक्षण र सहयोग प्राप्त गर्ने उग्रवादी संगठनहरूले भारत र अफगानिस्तानमा आक्रमणकारी गतिविधिहरू संचालित गर्न अमेरिकी चाहना विपरित पाकिस्तानमा सुरक्षित स्थल र संरक्षण समेत पाउनेछन् । उनले यो पनि भने कि चीनको निकटता प्राप्त गरेर पाकिस्तानले नयाँ परमाणु अस्त्र क्षमताको विकास उग्रवादीहरूसँग सम्बन्ध गाँसेर र आतंकवाद विरोधी सहयोगलाई प्रतिबन्धित समेत गर्दै पाकिस्तान अमेरिकाका लागि निरन्तर चुनौतीलाई संचालित गर्नेछ ।''

माथि उल्लेख गरिएका ज्यादै गम्भीर र संवेदनशील सुचनाहरूका साथै चीन लगायतका अन्तराष्ट्रिय समुदायहरूले अब पाकिस्तानलाई प्रशस्त दबाब दिनमा हिचकिचाउनु हुँदैन र सुझाउनु पर्छ कि देशभित्र रहेका आतंकवादी संगठनहरू र तिनका कार्यस्थलहरू समेतलाई आफ्नो देशभित्र संचालित हुन दिनुहुँदैन, जसले गर्दा देशमा नागरिक लगायत छिमेकीहरू समेतलाई ती अवाञ्छित तत्वहरूले नोक्सान नपुऱ्याओस् । चीनले अन्तराष्ट्रिय खास गरिकन समुदायको आतंकवादी संगठनहरू विरूद्ध कामकारवाहीको रूखलाई आत्मसात गर्दै अब गम्भीर भएर तद्नुरूपको कार्यान्वयनपट्टि ध्यान दिनु जरूरी भै सकेको छ । अमेरिकाले त्यस क्रममा विलम्ब गरे जस्तै बेइजिंगले नगरी यथाशिघ्र पाकिस्तानलाई तिनीहरूलाई सफाया गर्ने कार्यमा सक्रिय भएर उत्प्रेरित गर्नु अपरिहार्य भै सकेको छ ।

# चीनले दलाई लामा र तिब्बतलाई अलग्याउन सक्छ ?

– **मन्जुर अहमद**

दक्षिणी चीन मौरनिंग पोष्टको मार्च ६, २०१९ मा प्रकाशित एक लेखको शिर्षक वाक्यसमा यस्तो उल्लेख गरिएको छ कि 'चीन भन्छ कि तिब्बतमा प्रवेश गर्न प्रतिबन्धित छ किनकी केही विदेशीहरूलाई अत्याधिक नैराश्यकता हुन्छ ।' त्यस प्रकाशित लेखमा मार्च १९५० मा चिनियाँ आक्रमण र तिब्बतमाथि कब्जा गर्ने समयको उल्लेख गरिएको थियो । १० मार्चलाई प्रतिवर्ष तिब्बतीहरूले उल्लासका रूपमा विश्वभरी मनाउने गरेका छन् किनकी त्यसदिन हजारौं तिब्बतीहरूले महान् दलाई लामालाई र उनीहरूको देशलाई रक्षा गर्न नोखुलिंका महललाई चारैतिरबाट घेरा हालेर रक्षा गरेका थिए । गणतन्त्र चीनद्वारा अवैधानिक रूपमा र जर्बजस्ती तिब्बतमाथि कब्जा गर्ने विरूद्ध तिब्बतीहरूले शान्तिपूर्ण विरोध जनाएका थिए । त्यसपछि पनि चिनियाँ सेनाले हजारौं तिब्बतीहरूको मृत्यु पश्चात् पनि सातासम्म निर्मम यातना दिएका थिए । चीन कम्युनिष्ट पार्टीका तिब्बतस्थित सचिव वा यिंगजीले एस.सि.एम.पी. सितको एक अन्तवार्ता मार्फत विश्वभरी रहेका तिब्बतको जनताले आफ्ना निर्वाचित अध्यात्मिक नेता दलाइ लामालाई समर्थन नगर्ने गरेको बारे एक्कासी विशेष रूपमा उल्लेख गरेका थिए । उनले भनेका थिए ''दलाई लामाले तिब्बती जनताहरूका लागि केही राम्रो गरेका छैनन् तैपनि अन्तराष्ट्रिय स्रतमा उनलाई समर्थन गर्ने केही होलान् तर तिब्बतीहरूलाई कम्युनिष्ट पार्टीले समृद्धि प्रदान गरेकोले तिनीहरू त्यसप्रति आभारी रहेका छन् । वु यिंगजीका दुवै उल्लिखित अभिव्यक्तिको उद्देश्य विश्वव्यापीस्तरमा चर्चित रहेको तिब्बती मुद्दाको बढ्दो आकर्षणसँगै विशेष रूपले अमेरीकी कांग्रेसले तिब्बती कानु सम्बन्धलाई सघाउने गरेको पहललाई कम गर्नु रहेको छ । वास्तवमा भन्ने हो भने तिब्बतमा दलाई लामाका प्रधानता अमिल्दो रहेकोले त्यसको श्रेय चीन कम्युनिष्ट पार्टीलाई दिइने गरिएको छ । त्यसको मुल कारण पारस्पारिक तिब्बती संस्कृति र जीवनयापन गर्ने प्रक्रियामा आएको मौलिक विसुप्पताले गर्दा देखिन आएको छ ।

वु यिगंजीले यो पनि उल्लेख गरेका थिए कि हुन त तिब्बत विदेशीहरूका लागि खुल्ला नै रहेको छ तैपनि केही पर्यटकहरू रोगग्रस्त हुने गरेकाले तिनीहरू सम्बन्धी प्रवेशमा केही प्रतिबन्ध लगाईएको समेत उल्लेख गरेका थिए । जो उनी अनुसार तिनीहरूको सुरक्षाको प्रत्याभुतिका दृष्टिले गरिएको समेत बताएका थिए । यसै सन्दर्भमा वु यिंगीले डिसेम्बर, २०१८ मा अमेरिकी संसदले तिब्बती कानुनलाई सघाउने प्रकारले पारित गरेको कानुनलाई वास्तविकतासँग पटक्कै मेल नखाने र चीनको आन्तरिक मामलामा गम्भीर हस्तक्षेप गरेको भन्दै आलोचना गरेका थिए । अमेरिकी विधेयकले कुटनीतिज्ञ, पत्रकार र सामान्य नागरिक समेतलाई तिब्बत स्वशासित क्षेत्र र अन्य तिब्तका क्षेत्रहरूमा समान रूपले प्रवेश गर्ने प्रावधान राखेको छ र त्यस्तै तिनीहरूका चिनियाँ समकक्षीहरू समेतले अमेरिकामा उपभोग गर्दै आएका छन् । त्यस्तो वक्तव्य बेजिङ्गमा नेशनल पिपुल्स कांग्रेसको वार्षिक बैठकको क्रममा सार्वजनिक भएको थियो । बुले यो पनि स्विकार गरेका थिई कि हालका वर्षहरूमा थुप्रै अमेरिकी नागरिकहरू तिब्बत भ्रमण गरेका थिए, जसको कानुनमा विदेशीहरूका लागि अनुकुल प्रावधान समावेश गरिएको थियो । तिब्बत स्वभासित क्षेत्रका अध्यक्ष क्वीज्हालाले जनवरी, २०१९ का सरकारले ४० मिलियानभन्दा बढी विदेशी पर्यटकलाई भ्रमण आदेश दिएको थियो र विदेश भ्रमणको आदेशका लागि समेत आधा समयको कटौती गरिएको छ । जबकी चीन बढीभन्दा बढी पर्यटकले तिब्बतको भ्रमण गरोस्, जसले गर्दा बढी तिब्बतीहरूले बाहिरी संसारसँग सम्पर्क गर्न नसकोस् भन्ने चाहाना राखेको छ । जबकि अमेरिकी विदेश विभागले जनवरी, २०१९ मा एक संशोधित भ्रमण आदेश जारी गरेको थियो जस अनुसार अतिरिक्त सुरक्षा प्रविधि, सुरक्षा सोच र प्रहरी नियन्त्रण तिब्बत र सिन्चियोग क्षेत्रको छिमेकी मुस्लिम बहुल क्षेत्रमा नरहोस् ।

चीनको तिब्बत सम्बन्धी गतिविधि इतिहासको सर्वविदित तथ्यउ भएपनि नियमित रूपमा जानकारी गराईएको छैन । माइकल डनहैमले आफ्नो वर्गीकृत पुस्तकहरू 'बुद्धाज वारिअर्स' मा यसरी उल्लेख गर्नुभएको छ - 'सन् १९६० को सांस्कृतिक आन्दोलनका क्रममा झण्डैले ९५ प्रतिशत तिब्तका गुम्बा तथा मन्दिरहरू जमीनमुनि वा भूमिगत पारिएका थिए भने १.२ मिलियन तिब्बतीहरू मरिएका थिए । अहिले त्यहाँ तिब्बतका आदिवासीहरूको जनसंख्या ६ मिलियन रहेको छ । जबकि चिनियाँहरूको जनसंख्या ७.५ मिलियन भन्दा बढी रहेको छ । तिब्बत सम्बन्धी जिज्ञासा राख्ने जोकोहीले पनि तिब्बत स्वशासित क्षेत्रमा के-कति र कस्तो ज्यादती र हिंसात्मक घटनाहरू चीनले संचालित गरी तिब्बतको जनसंख्यामाथि के-कति शोषण गरेको छ त्यो डनहमको वर्गीकृत विवरणबाट समेत स्पष्ट हुन आएको छ भने चीनको तिब्बतमाथि सैनिक बलप्रयोगको पराकाष्ठालाई दर्शाउँछ जसको आफैंले संरक्षण गर्न सकिदैन ।

दलाई लामा र उनका मानिस वा जनता तिब्बतबाट बाहिरिनुको एकमात्र उद्देश्य तिब्बती संस्कृति र उनको अभियानलाई बचाउनु रहेको थियो । भारतमा बसेर दलाई लामाले विश्वलाई अहिंसा र शान्तिको सन्देश प्रचारित गर्दै आएका छन् । तिब्बतका जनताले अझ उनलाई श्रद्धा गर्छन् तर उनको फोटो राखेर पुजा गर्ने कामलाई चीनको कम्युनिष्ट पार्टीले नरूचाई त्यसलाई मेटाउन चाहेको छ । चिनियाँ कम्युनिष्ट पार्टीले तिब्बतको एकमात्र आराध्यदेव माओ र अहिलेका राष्ट्रपति सि जिनपिङलाई भनेको भए पनि चीनको त्यो प्रयास निरर्थक छ किनकी तिब्बत र दलाई लामालाई अलग्याउने प्रयास दुधबाट दहीलाई अलग्याउनु जस्तै छ । गत वर्ष 'द डेप्लोमेन्ट' का टिम रोबर्टसनले टकस्टरस्थित दलाई लामाको जन्मस्थानको निरीक्षण-भ्रमण गरेका थिए । जुन प्रतिवेदन दिएका थिए त्यस अनुसार दलाई लामाको घर टकस्टर स्थित अग्लो पर्खाल भित्र एक निर्धन गाउँमा आधुनिकताको खुल्ला समुद्रमा रहेको छ, जसलाई चीनले लुकाउन खोजेको छ, त्यसैले तिब्बतीहरू भएको स्थितीमा (सिचियांगमा रहेका युधुरहरू जस्तै) रहँदै आउने कुरा महत्वपूर्ण रहेको छ । चिनियाँ कम्युनिष्ट पार्टीका तिब्बतस्थित प्रमुखले तिब्बतीहरूले दलाई लामालाई अनुमोदन वा सहयोग नगरेका कारण बधाइका पात्र रहेको बताएका छन् । दलाई लामाको उमेर ढल्किदै गएकोले उनको उत्तराधिकारीको खोजी गर्नु अत्यावश्यक छ र त्यसैले बेइजिङ हरेक कुरो जस्तै आफ्नो ईच्छा अनुसारको उनको उत्तराधिकारी खोज्दैछ । तिब्बतस्थित चीन कम्युनिष्ट पार्टीका प्रमुखका अनुसार तिब्बत चीनको दिर्घकालिन योजना अनुरूप एक उपनिवेश नै रहनेछ र त्यस बाहेक अरू केही हुने छैन ।

# भारतीय अर्थतन्त्र ७२ वर्ष यताकै बलियो



नयाँ दिल्ली । भारतीय वित्त मन्त्री अरूण जेटलीले स्वतन्त्रतापछि प्रधानमन्त्री नरेन्द्र मोदी नेतृत्वको सरकारको कार्यकाल भारतीय अर्थतन्त्र सवैभन्दा मजबूद बनेको दाबी गरेका छन् । उनले स्वतन्त्रतापछिको पहिलो यस्तो मोदी नेतृत्वको यस्तो सरकार बन्यो जसले भारतीय अर्थतन्त्रलाई नयाँ उचाई दिएको दाबी गरेका छन् । सोसल मिडियामा एक भिडियो जारी गर्दै वित्त मन्त्री जेटलीले भनेका छन, 'सन् १९४७ पछिको सरकारमा यो ५ वर्षको कार्यकालको तुलना गर्दा मोदी सरकार (सन् २०१४-१९)मा जिडीपी ग्रोथ रेट ७.३ प्रतिशतले बृद्बी गर्न सफल भएको छ ।'

यसका अलावा फिस्कल डेफिसिटी (राजकोषीय घाटा)को सन्दर्भमा उनले भनेका छन् कि, केही वर्ष पहिलेसम्म ५ प्रतिशत भन्दा धैरै रहेको घाटा अहिले घटेर ३.४ प्रतिशत नजिक पुगेको छ । जेटलीले यो पनि दाबी गरेका छन् कि करेन्ट एकाउन्ट डेफिसिट (चालु खाता घाटा) र महंगाइको आकंडामा पनि नियन्त्रण आएको छ ।

उनले बताएका छन्, 'यूपीए सरकारको समयमा महंगाई दरको आकंडा १० प्रतिशत भन्दा धैरै थियो जवकी मोदी सरकारको कार्यकाल समाप्त हुने समयसम्म यो २.५ प्रतिशतको नजिक हुनेछ ।' अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) सरकारको आकंडामा मुहर लागेको दाबी पनि जेटलीको छ ।

योभन्दा पहिले उनले ५ वर्षको समय एक राष्ट्रको लागि लामो समय होइन तर पनि यो प्रगतिको लागि आफ्नो क्षेत्रमा एक महत्वपूर्ण मोड हुन सक्छ भनेर टिप्पणी गरेका थिए । जेटलीले सन् १९९१ सालमा भारतमा भएको आर्थिक परिवर्तनको बारेमा पनि बताएका छन् ।

उनले उक्त समयका प्रधानमन्त्री पि.वी. नरसिम्हा रावको कार्यकालमा वित्तीय संकट रहेको बताएका छन् । जुन आर्थिक अवस्थाले पनि उनलाई सुधार गर्न बाध्य बनाएको थियो । जेटलीले अर्को आरोप पनि लगाएका छन् कि संप्रग (यूपीए) सरकार २००४-२०१४ को बीचमा आर्थिक विस्तारको अलावा नारामै सिमित हुन पुगेको थियो ।

मन्त्री जेटलीले प्रधानमन्त्री नरेन्द्र मोदी सरकारको सन्दर्भमा भनेका छन्, 'हामी सत्तामा तब आयौं जब भारत पहिल्यैदेखि सवैभन्दा कमजोर अर्थव्यवस्था भएको देशमा पर्दथ्यो । यो सत्य विश्वले मानेको थियो कि भारतले अर्थव्यवस्थामा सुधार ल्याउन साना साना ईटालाई जोड्नु पर्ने हुन्छ । सरकारको साथ कुनै विकल्प थिएन यसलाई जसरी पनि सुधार्नु थियो । उक्त समय 'सुधार गर या त गुमाउ' भन्ने चुनौती भारतीय अर्थव्यवस्थाको अगाडी थियो ।'

# मायावतीले उम्मेदवारी नदिने



नयाँ दिल्ली । भारतकी चर्चित नेत्री मायावतीले आगामी अप्रिलमा हुने आम निर्वाचनमा प्रतिस्पर्धा नगर्ने घोषणा गरेकी छिन् । सत्तारूढ भाजपा विरूद्ध बनाइएको गठबन्धनलाई मजबुत बनाउन आफूले उम्मेदवारी घोषणा नगर्ने मायावतीको भनाई छ । उत्तर प्रदेशमा चार पटक मुख्यमन्त्रीको जिम्मेबारी सम्हालेकी दलित समुदायकी अगुवा मानिने मायावतीलाई आगामी प्रधानमन्त्रीको मुख्य दाबेदार मानिएको थियो । भारतको संसदमा सबैभन्दा बढी सदस्य रहेको उत्तर प्रदेशको पार्टी बहुजन समाज पार्टीले केन्द्र सरकार गठनमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ । अप्रिल ११ बाट सुरू हुने निर्वाचनको नतिजा मे २३ मा आउनेछ । उत्तर प्रदेशको अर्को ठूलो पार्टी समाजवादीसँग गठबन्धन गरेकी मायावती भारतमा सबैभन्दा कान्छो उमेरमा मुख्यमन्त्रीको पद सम्हाल्ने नेत्री हुन । सन् १९९५ मा ३९ वर्षको उमेरमा मायावतीले उत्तर प्रदेशको मुख्यमन्त्री भएकी थिइन ।

## जिल्ला समाचार

### क्यान्सर न्यूनीकरणसम्बन्धि चेतनामूलक कार्यक्रम

वीरगन्ज । श्री जैन श्वेताम्बर तेरापन्थी महिलामण्डलद्वारा क्यान्सर न्यूनीकरण सम्बन्धि चेतनामूलक कार्यक्रम गरिएको छ । वीरगन्जस्थित जैन धर्मशालाको सभाहलमा लायन्स क्लबकी रेखा बैद्यको अध्यक्षतामा प्राण घातक रोग क्यान्सरलाई न्यूनीकरणका लागि चेतनामूलक कार्यक्रम राखिएको थियो । श्री जैन श्वेताम्बर तेरापन्थी महिलामण्डलले आयोजना गरेको चेतनामूलक कार्यक्रममा क्यान्सर कति प्रकारका हुन्छन् भन्ने विषयमा डा.मोनिका यादवले महिलाहरूलाई विस्तृत रूपमा जानकारी दिएकी थिइन् । कम समयमा महिलाहरूलाई बिहे गरिदिँदा अधिकाँश त्यस्ता महिलाहरूलाई पाठेघरमा क्यान्सर हुने गर्दछ । र, क्यान्सर लागि सकेपछि सो रोगलाई न्यूनीकरण गर्नुका लागि एक दशकभन्दा बढी समय लाग्ने गर्दछ डा.यादवले बताइन् । जैन भवनको सभाहलमा भएको क्यान्सर न्यूनीकरण सम्बन्धि चेतनामूलक कार्यक्रममा मारवाडी समुदायका सयौं महिलाहरूको उपस्थिति रहेको थियो ।

### छात्रवृत्ति कार्यक्रम सञ्चालन गरिने

महोत्तरी । जलेश्वर नगरपालिकाका प्रमुख रामशंकर मिश्रले अगामी आर्थिक वर्षमा छात्राहरूको शैक्षिक विकासका लागि छात्रवृति लगायतका कार्यक्रम संचालन गर्ने प्रतिबद्धता जनाएका छन् । जलेश्वरमा नेपाल छात्रबृति कार्यक्रमअन्तर्गत नेपाल राष्ट्रिय दलित समाज कल्याण संघद्वारा आयोजित प्रथम त्रैमासिक छात्रा छात्रवृति वितरण गर्दै प्रमुख मिश्रले प्रदेश नम्बर २ को सातौं स्थानमा रहेको महोत्तरी जिल्लालाई प्रथम बनाउन आफू लागि परेको बताए । नेपाल पत्रकार महासंघका अध्यक्षका कमलेश मण्डल, समाज विकास परिषदका अरबिन्द साह, समाज विकास परियोजनाका ममता मण्डल, मिडिया एड्भोकेसी ग्रुपका राकेश प्रसाद चौधरीसहितका वक्ताहरूले छात्रवृतिले विद्यालयमा छात्रा टिकाउन मद्दत गरेको बताए । कार्यक्रमका अतिथिहरूले ९९ जनालाई छात्रवृति वितरण गरेको कार्यक्रम अधिकृत प्रेम जैरूले बताए । छात्रवृतिको एकजना छात्रालाई रकम १२ सय देखि छ हजारसम्म रहेको छ । यो छात्रवृति एकदेखि स्नाकोत्तरसम्मका छात्राहरूलाई दिने गरिन्छ । संघका अध्यक्ष विक्रम पासवानको अध्यक्षतामा भएको छात्रवृति कार्यक्रममा छात्राहरू अमृत महरा, रूपा विश्वकर्मा, अनिशा विश्वकर्मा, साझा आवाजका जिल्ला परियोजना संयोजक सिजेन्द्र सदा, इन्ड्सका शम्भु रैकासहितका व्यक्तिहरूले मन्तव्य राखेका थिए ।

### इण्डो-नेपाल फ्रेन्डसिप बैडमिन्टन टूर्नामेन्टको उपाधि हिमालयलाई

कपिलवस्तु । इण्डो-नेपाल फ्रेन्डसिप बैठमिन्टनको उपाधि हिमालय टिमले हात पारेको छ । कृष्णनगर नगरपालिका को वडा नं. २ मा रहेको नेपाल विद्युत प्राधिकरणको ग्राउन्डमा चैत्र १ गतेदेखि इन्डो-नेपाल सामाजिक मंचको आयोजनामा भएको टूर्नामेन्टको फाइनल मैच भएको थियो । हिमालय टिमका कैप्टन श्रावण कुमार र सागरमाथा टीमका कैप्टन हरिकृष्ण केसीको बीचमा प्रतिस्पर्धा भएको थियो । टूर्नामेन्टको उपाधि हिमालय टीमलाई प्राप्त भयो । उक्त टूर्नामेन्टलाई सफल बनाउनका लागि इन्डो-नेपाल सामाजिक मंचका अध्यक्ष अकरम पठानले आफ्नो पुरै समय र प्रयास को साथै नेपाल भारत दुबै देशको मित्रता सदैव कायम गर्न यो टूर्नामेन्ट र धेरै किसिमका कार्यक्रम गराउँदै आएका छन् । कार्यक्रममा बोल्दै पठानले कृष्णनगरमा बैडमिन्टन स्टेडियम बनाउनका लागि प्रायास गर्ने बताएका छन् ।

### राष्ट्रिय विद्यार्थी संघको प्रशिक्षण

जनकपूरधाम । राष्ट्रिय जनता पार्टी नेपाल निकट राष्ट्रिय विद्यार्थी संघको प्रशिक्षण कार्यक्रम आइतबार जनकपुरधाममा सम्पन्न भएको छ । प्रशिक्षण कार्यक्रम राजपा नेपालका महामन्त्री एवं प्रदेश २ का भौतिक योजना तथा पूर्वाधार विकासमन्त्री जितेन्द्र सोनलको प्रमुख आतिथ्यतामा भएको हो । प्रशिक्षण कार्यक्रमको अध्यक्षता राविसंघ जिल्ला अध्यक्ष त्रिदेव मिश्र, विशिष्ट अतिथि वन, उद्योग तथा पर्यटन राज्यमन्त्री सुरेश मंडल, प्रमुख सचेतक परमेश्वर साह, प्रमुख प्रशिक्षक जय निशान्त, राजपा प्रवक्ता कृष्णा सिंह लगायतको उपस्थिति थियो । यसैगरी, राजपा धनुषा जिल्ला संयोजक प्रमोद यादव, विषय प्रवेश राविसंघ केन्द्रीय अध्यक्ष मनिष मिश्र, वक्ताहरू राविसंघ केन्द्रीय अध्यक्षगण ज्ञानेन्द्र झा, लालबाबु साहले मन्तव्य राखेका थिए । कार्यक्रममा राष्ट्रिय विद्यार्थी संघका सहअध्यक्ष शम्भु झा निर्दोषी, पूर्व विद्यार्थी नेता अजय झा, उपाध्यक्षगण सुभाष कर्ण, नरेन्द्र यादव, सहमहासचिव अभयकान्त झा, प्रवक्ता पंकज राय, जिल्ला अध्यक्ष प्रदिप सिंह, रोशन मिश्र, दिनेश यादवलगायतका नेताहरूको उपस्थिति थियो । कार्यक्रममा उदघोषण राविसंघ केन्द्रीय उपाध्यक्ष मिथलेश यादव र स्वागत मन्तव्य केन्द्रीय महासचिव रोशन मिश्रले राखेका थिए ।

### मोरङमा १५ केजी गाँजा बरामद

मोरङ । रतुवामाई नगरपालिका-४ आमबारीस्थित सडकबाट लागूऔषध गाँजा करिब १५ केजी फेला पारी आइतबार साँझ प्रहरीले बरामद गरेको छ । सोही नगरपालिका-२ मियाटोल बस्ने ५० वर्षीय भभला भन्ने मेहेरोउदिन मियाले सोही नगरपालिका-४ भद्र चोक बस्ने ४५ वर्षीया शोभादेवी साह र उनका छोरा २५ वर्षीय राहुल भन्ने विक्की साहलाई उक्त लागूऔषध दिँदै गेको अवस्थामा प्रहरी चौकी झुर्कियाबाट खटिएको प्रहरी टोलीलाई देख्ना उक्त गाँजा छाडी फरार भएपश्चात प्रहरीले उक्त लागूऔषध बरामद गरेको हो । फरार अभियुक्तहरूको प्रहरीले खोजी गरिरहेको छ ।

### मध्य नेपलको होली मिलन समारोह

पर्सा । महिला सञ्चारकर्मीहरूको सक्रियतामा सञ्चालित मध्य नेपाल मिडिया प्रालिले होली मिलन समारोह सम्पन्न गरेको छ । पानीटंकी ८ स्थित मध्य नेपाल मिडिया कार्यालयको प्राङ्गणमा आयोजना गरेको होली मिलन समारोहमा तराईमा सद्भावको प्रतीकका रूपमा मनाइने होली पर्वको रौनक विस्तारै हराउन थालेकोमा उपस्थितहरूले चिन्ता व्यक्त गरेका थिए । वसन्त ऋतुको आगमनसँगै श्रीपञ्चमीदेखि फागु पूर्णिमासम्म तराईको गाऊँघर, टोल छिमेकमा गाइने मधुर्यता र प्रेमभावपूर्ण होरी गीत गाउने चलन हराउन थालेकाले यसको जगेर्ना गर्न स्थानीय निकाय लाग्नुपर्नेमा जोड दिएको थियो । आध्यात्मिक विशिष्टता, जीवनको उमंग, ऊर्जा, संस्कृतिको प्रभाव, परम्पराको आधार, पिरती तथा उन्मुक्ति लुकेको गित आजको आधुनिक समाजमा समेत उतिकै मनमोहक भएकाले यसमा स्थानीय निकायले स्थानीय कलाकार, गितकारहरूको प्रत्साहन जस्ता भिन्न किसिमका कार्यक्रमहरू ल्याउनुपर्ने उपस्थितिहरूको धारणा थियो ।

### प्रेस फोरम धनुषामा अर्जुन

जनकपुरधाम । संघीय प्रेस फोरम धनुषाको प्रथम जिल्ला अधिवेशनले अर्जुन मण्डलको अध्यक्षतामा ११ सदस्यीय कार्यसमिति चयन गरेको छ । निवर्तमान जिल्ला अध्यक्ष राम नारायण कापडिको अध्यक्षतामा सम्पन्न अधिवेशनले मण्डललाई सम्पूर्ण कार्यसमिति, प्रदेश पार्षद र केन्दिय पार्षद निर्विरोध निर्वाचित गरेको हो । समितिको उपाध्यक्षमा ब्रह्मानन्द ठाकुर, अनिता यादव, सचिवमा विरेन्द्र कुमार साह, सहसचिवमा विनय अधिकारी, कोषाध्यक्षमा निलम चौधरी र सदस्यहरूमा अयुब हुसेन, सुशिल राउत, मौसम झा, रविन्द्र कुशवाहा र सुमित साह चयन भएका छन् । त्यसैगरी, प्रदेश पार्षदमा राजकमल सिंह, मुकेश ठाकुर, अनामिका ठाकुर, लभ यादव, संजिव पराजुली र केन्द्रिय पार्षदमा रामहृदय यादव चयन भएका छन् ।

### मायादेवीको तेस्रो गाउँ सभा

दिलिप कुमार यादव, कपिलवस्तु । कपिलवस्तुको मायादेवी गाउँपालिकाले तेस्रो गाउँ सभा सम्पन्न गरेको छ चैत्र २ र ३ गतेसम्म चलेको गाउँसभाले विभिन्न प्रस्ताव तथा ऐन, कार्यविधिहरू पारित गरेको गाउँपालिका अध्यक्ष बजरंगी प्रसाद कुर्मीले जानकारी दिएका छन् । शनिवार र आइतवार बसेको गाउँ सभाले चालु आर्थिक वर्ष २०७५।६७ को योजना संसोधन तथा अनुमोदन सम्बन्धी विषयमा छलफल गरिएको थियो । वडागत रूपमा दोस्रो गाउँ सभाले स्वीकृत गरेका तर विभिन्न कारणले गर्दा कार्यान्वयन गर्न ढिलाई भएका निर्णयहरूमाथि छलफल गरिएको थियो ।


सिके राउतले राजनैतिक नैतिकताका साथ असान्दर्भिक र गलत बाटो परित्याग गरेको अब व्यवहारबाट देखाउनु पर्दछ। सहमतिलाई जेलबाट उम्कने क्षणिक उपाय देखाउँदा उनको विश्वसनीयता समाप्त हुनेछ। सार्वजनिक प्रतिबद्धता र व्यवहारमा तालमेल देखिनुपर्दछ। यसो गर्दा उनैलाई राम्रो हुनेछ। जेपी गुप्ता


केही मान्छेहरूलाई लाग्दो हो-महिलाको सवाल केवल महिलाको सवाल हो। पुरूष खुशी हुन्छन्। चुप लाग्छन्। बेवकुफ हुन् उनीहरू। अबका पुरूष आफ्नै दिदिबहिनी, आफ्नै छोरीहरू कमजोर पार्ने संविधान, नागरिकता कानुन मान्न बाध्य छैन। तिम्रो 'भाले राष्ट्रवाद' तिमीसँगै राख, हामीलाई 'मान्छेको राष्ट्रवाद' चाहियो। डम्बर खतिवडा


लक्ष्य केन्द्रित भै पर्याप्त सुचना र वस्तुगत विश्लेषण सहितको तार्किक निचोडले परस्पर विरोधी देखिने मुद्दाको साझा समाधान निकाल्छ। मुद्दा उपरको तदर्थ प्रतिक्रियाले भने समान प्रकृतिका मुद्दामा समेत विपरित ध्रुवका समाधान जन्माउँछ, र सरल समस्यालाई जटिल बनाउँछ। नेपालमा दोस्रो शैली हावी छ। डा.सूर्यराज आचार्य


लोग्ने/सौताबाट पीडित दुर्गादेवीले छोरी गुमाइन्। सरकारबाट अहिलेसम्म न्याय पाउन सकेकी छैन। प्रहरीले भीड नियन्त्रण गर्नुपर्नेमा भीडको दबाबमा परेर अभियुक्त छाडेपछि अनुसन्धान बहकियो। आज उनले सरकारको राहत बुझेर न्यायको लडाइ लड्छु भन्दा यिनीहरू तीनै पीडित आमालाई सत्तापक्षीय करार गर्दैछन्। मातृका पौडेल


विगतमा वैवाहिक अङकृत नागरिकतामा विदेशी महिलालाई सहज गरियो। अब लैंगिक समानता भन्दै ज्वाइँ र भान्जा र भान्जीलाई नेपाली नागरिकता सहज गरिदैंछ। खुल्ला सिमाना भएकाले अङकृतको प्रवधानमा कडाई गरी आमा र बुवाको नामले नागरिकता दिँदा कसो होला ? भुषण यादव


सिके राउतको मुलधारको राजनीतिमा सेफ ल्यान्डिङ गरेपछि धेरै व्यक्तिमा लुकेको राष्ट्रियता जागेको छ, मधेश-पहाड-हिमाल अचानक एकजुट भएको छ, अरू त अरू हिजो खोक्रो राष्ट्रवाद भन्नेहरू नै आजभोलि दिल खोलेर देशलाई औंधी माया गरिरहेका छन्। प्रकाश तिमल्सिना


क्रिश्चियन भएर रोग निको भएका, स्वरमा आँखा लागेको च्वाट्ट भएका समाचार लेखिराख्ने मिडियाले एउटा रोग निको नभएर हिन्दु धर्म तिरै फर्केको लेखेछन्-झुक्केर, मिडिया देशको चौथो अङ्ग हो, नझुक्किनोस है साथी हो। तिर्थ प्रसाई


विज्ञहरू राजनीतिज्ञलाई आकर्षक कार्यनीति सुझाउँछन र राजनीतिज्ञहरू त्यो कार्यनीति सार्वजनिक कार्यक्रममा सुनाउँछन्। सबैको नजरमा "नेताले त सबै बुझेका छन्" भन्ने छाप पर्छ तर सामान्यतया : राजनीतिज्ञहरूले कुरा गर्ने विज्ञको र काम गर्ने बिचौलियाको हो। मनिष झा

## राजदूत पुरीद्वारा जनकपुर-जयननगर रेल्वे निरीक्षण

धनुषा। नेपालका लागि भारतीय राजदूत मञ्जिभसिंह पुरीले निर्माणाधीन जनकपुर-जयननगर रेल्वेको प्रगति अवस्थाबारे निरीक्षण गरेका छन्। उनले सो क्रममा रेल्वे लिकमा ट्रली चढेर यात्रासमेत गरे। उनी अचानक रेल्वे स्टेशन पुगेर भारतको जयनगरसम्म निरीक्षण गर्न आएको जानकारी पाएपछि रेल्वेका अधिकारी त्यहाँ पुगेका थिए। पुरी र उनको टोली दुई ट्रलीमा चढेर जनकपुरदेखि जयनगरसम्मको २९ किलोमिटरको दूरी निरीक्षण गरेका थिए। नेपाल रेल विभाग साइट कार्यालय जनकपुरका इञ्चार्ज विनोदकुमार ओझाका अनुसार राजदूत पुरी आउनेबारे आधिकारिक रूपमा कुनै पनि जानकारी थिएन। भारत सरकारकै लगानीमा रेल पूर्वाधार निर्माणको काम भइरहेको छ। पहिलो चरणमा भारतको जयनगरदेखि नेपालको धनुषाको जनकपुरधाम उपमहानगरपालिकाको कुर्थासम्म रेल सञ्चालनमा ल्याउने तयारी भइरहेको छ।

## सिकलसेल आतंक बढ्दै

नेपालगन्ज। बाँके र बर्दियाका थारू गाउँबस्तीमा सिकलसेल आतङ्क बढ्दै गएको छ। एक पुस्ताबाट अर्को पुस्तामा वंशाणुगत रूपमा सर्ने उक्त रोगका कारण थारू समुदाय यतिबेला त्रासमा छ। कतिपयले एक अर्कालाई सिकलसेल रोगीका रूपमा आशङ्काले हेर्ने गरेको गुनासो उनीहरूको छ। सो रोगको आतङ्ककाबीच उनीहरूले समुदायका सबैको रगत परीक्षणको व्यवस्था मिलाउन सरकारसँग माग गरेका छन्।

## विसर्जन कि...

मौनता किन ?

सरकारसँग ११ बुँदे सहमति र नयाँ पार्टीको गठन गरेपछि राउत कुनै पनि सार्वजनिक न त उपस्थित भएका छन् न त सार्वजनिक रूपमै केही बोलेका छन्। उनले सञ्चारकर्मीलाई प्रतिक्रिया दिन पनि अस्वीकार गर्दै आएका छन्। राउत राजनीतिक असमन्जस्यताका कारण मौन छन्। अहिले उनले जे बोले पनि त्यो उनकै विरूद्धमा प्रयोग हुन सक्छ। राज्यका विरूद्धमा बोले भने समर्थक उनीविरूद्ध आउन सक्छन्, समर्थकको पक्षमा बोले भने राज्य उनका विरूद्धमा आउन सक्छ/। बोल्दा जनमत बिथोलिने र नबोल्दा माहोल स्थापित गर्न सकिने भएकाले उनी रणनीतिक रूपमा अघि बढिरहेको अनुमान गर्न सकिन्छ। एजेन्डामा अडिग रहँदा र त्यस विषयमा सार्वजनिक अभिव्यक्ति दिँदा विवाद निम्तिन सक्ने खतरा देखेर पनि राउत मौन रहेको विश्लेषण गर्न सकिन्छ।

# भारतीय उत्सवमा मैथिली गीत-संगीत



काठमाडौं। काठमाडौंमा भारतीय दूतावासले मनाइरहेको एक महिने भारत उत्सवमा मैथिली गीत संगीतको प्रस्तुतिसहितको कार्यक्रम सम्पन्न भएको छ। नेपाल प्रज्ञा प्रतिष्ठानमामा भएको मैथिली गीत संगीतको कार्यक्रममा भारत बिहारको पटनाबाट आएका मैथिली कालाकारले गीत र नृत्य प्रस्तुत गरेका थिए। बिहार पटनाको चर्चित मैथिली समूह प्रागंनान समूहको प्रस्तुतिमा मैथिलीका विभिन्न लोकगीतको संगै लोकनृत्य प्रस्तुत गरिको थियो।

## नेपाल-भारत पारवहन सन्धिमा जल यातायात

काठमाडौं। नेपाल-भारत पारवहन सन्धिमा स्थलगत जल यातायात (इनल्यान्ड वाटरवेज)लाई पनि समेट्न दुई मुलुक सहमत भएका छन्। नयाँदिल्लीमा सकिएको सहसचिवस्तरीय वार्ताले यस्तो सहमति गरेको हो।

नेपाल-भारतबीचको पारवहन सन्धि पुनरावलोकनका लागि प्राविधिक तहमा छलफल तथा वार्ता भइरहेको छ। तत्काललाई भारतले विकास गरेको जलमार्ग नेपालले प्रयोग गर्न सक्नेसमेत सहमति भएको छ।

यस्तै सहसचिवस्तरीय वार्ताले थप दुई नाकाबाट बल्क कार्गो ल्याउन सकिने सहमति गरेको छ। हाल तेस्रो मुलुकबाट आउने बल्क कार्गो वीरगन्ज-रक्सौल नाकासम्म मात्रै आउने गरेको छ। भारतले तेस्रो मुलुकबाट नेपाल आउने बल्क कार्गोको प्रवेश बिन्दुका रूपमा वीरगन्जका अलावा अब विराटनगर र भैरहवालाई समेत मान्यता दिने छ। नेपाललाई थप दुईवटा बन्दरगाह प्रयोग गर्न दिन पनि भारत तयार भएको छ। नेपालले गरेको आग्रहअनुसार उडिसाको धमरा बन्दरगाह र गुजरातको कण्डला बन्दरगाह प्रयोग गर्न दिन भारत तयार भएको छ।

## प्रतिवेदन कोसेढुंगा साबित हुनेछ : कोशियारी



नयाँ दिल्ली। भारतीय जनता पार्टीका बरिष्ठ नेता एवम् नेपाल-भारत प्रवुद्ध व्यक्ति समूहका भारत तर्फका निवर्तमान संयोजक भगतसिंह कोशियारीले लोकसभाको निर्वाचन सम्पन्न भैसकेपछि दुवै देशका कार्यकारी प्रमुखले आफूहरूले तयार पारेको प्रतिवेदन बुझ्ने स्पष्ट पारेका छन्।

नयाँ दिल्लीमा रहेका पत्रकार ऋषि धमलासँग कुरा गर्दै उनले भने,'हामीले तयार पारेको यो संयुक्त प्रतिवेदन कोशेढुंगा सावित हुन्छ। कुनै असहमति छैन। प्रधानमन्त्री मोदीजीले समय अभावका कारण प्रतिवेदन बुझ्न नभ्याउनुभएको हो। अब निर्वाचनपछि बुझ्नुहुन्छ।'

उनले उक्त प्रतिवेदनले नेपाल-भारत द्विपक्षीय सम्बन्धमा देखा परेका अहिलेका र विगतका सबै समस्याको समाधान गर्ने पनि ठोकुवा गरे। उनले थपे,'यो प्रतिवेदन हामीले धेरै मेहनत गरेर बनाएका छौं। प्रतिवेदनलाई लिएर भारतीय सरकारको कुनै असन्तुष्टि छैन्।'

उनले नेपाल-भारत सम्बन्ध अहिलेजस्तो राम्रो कहिल्यैपनि नभएको स्पष्ट पारे। उनले भने,'अहिले दुई देशबीचको सम्बन्ध धेरै सुमधुर छ। नेपालको विकास र समृद्धिमा भारतले सदैव सहयोग गर्छ।' नेपालमा अब हुन गैरहेको लगानी सम्मेलनमा भारतबाटपनि गहकिलो उपस्थिति हुने उनको भनाई छ।

## सम्बन्ध सही ट्र्याकमा छ : राजदुत आचार्य

काठमाडौं। भारतका लागि नेपाली राजदुत निलाम्बर आचार्यले नेपाल-भारत सम्बन्ध अझै राम्रो बनाउनुपर्नेमा जोड दिएका छन्। नयाँ दिल्लीमा पत्रकार ऋषि धमलासँग संक्षिप्त कुराकानी गर्दै राजदुत आचार्यले यस्तो बताएका हुन्। उनले भनेका छन्,'नेपाल-भारत द्विपक्षीय सम्बन्ध अहिलेपनि सुमधुर छ, राम्रो छ, तर यसलाई अझै राम्रो बनाउनुपर्छ। यसको लागि म लागिरहेको छु।' आफू द्विपक्षीय सम्बन्ध सुमधुर बनाउन केन्द्रित भएको र यसको लागि कुनै कसर बाँकी नराख्ने स्पष्ट पारे। उनले भने,'अहिले नेपाल र भारतबीचको सम्बन्ध सही ट्र्याकमा छ।' आचार्यले अहिले दुई देशबीचको सम्बन्ध राम्रो हुनुमा भारतले नेपालको आन्तरिक मामिलामा कुनै चासो नदिनु नै मुख्य कारण रहेको सुनाए।

उनले यसअघि नेपालको राजनीतिमा भारतको चासो रहेको भएपनि अहिले कुनै चासो नरहेको आफूले पाएको पनि स्पष्ट पारे। उनले भने,'नेपालमा जो प्रधानमन्त्री बनेपनि भारतले सहयोग गर्छ। मिलेर काम गर्छ।' नेपालको विकास र समृद्धिप्रति भारत सकारात्मक रहेको पनि उनले विश्वास दिलाए।

## "ओलीको साहसिक निर्णय"

नयाँ दिल्ली। नेपालका लागि पूर्व भारतीय राजदुत रञ्जित रायले नेपालका प्रधानमन्त्री केपी शर्मा ओलीले विप्लव समूहलाई प्रतिबन्ध लगाएर र सिके राउतसँग राजनीतिक सहमति गरेर साहसिक निर्णय गरेको भन्दै प्रशंसा गरेका छन्। पूर्वराजदुत रायले यस्तो बताएका हुन्। उनले भने,'विप्लव समूहलाई प्रतिबन्ध लगाउनु र सिके राउतसँग सहमति गर्नु ओलीजीको साहसिक निर्णय हो, म स्वागत गर्न चाहन्छु।' राउतलाई मूल प्रवाहमा ल्याएर ओलीले मुलुक विखण्डन हुनबाट बचाएको भन्दै रायले प्रशंसा गरे। उनले ओली नेतृत्वमा नेपाल-भारत सम्बन्ध धेरै राम्रो भएको पनि विश्वास दिलाए। नेपालमा आफूले विकास र समृद्धिको लागि प्रधानमन्त्री ओलीको विकल्प नदेखेको पनि तर्क गरे। त्यस्तै भारतीय



प्रधानमन्त्री नरेन्द्र मोदी र नेपालका प्रधानमन्त्री ओलीबीच केमेष्ट्री मिलेको उनको भनाई छ। उनले भने,'त्यही भएर होला अहिले नेपाल र भारत सम्बन्ध धेरै राम्रो छ।' नेपालमा भारतीय लगानी बढ्ने पनि उनको भनाई छ।

उनले थपे,'काठमाडौंमा हुन गैरहेको लगानी सम्मेलनमा भारतबाट बाक्लो सहभागिता हुन्छ।' फरक प्रसंगमा उनले अब सार्कको औचित्य नभएको जिकिर गरे। उनले भने,'अब पाकिस्तानसहितको सार्क सम्मेलन हुँदैन। मैले त सार्कको औचित्य नै देखेको छैन। अब विम्स्टेकमात्रै अघि बढ्छ।'

### "सम्बन्ध सुमधुर"

नयाँ दिल्ली। भारतीय गृहमन्त्री राजनाथ सिंहले नेपाल-भारत सम्बन्ध सुमधुर रहेको टिप्पणी गरेका छन्।। भाजपा पार्टी कार्यालयमा संक्षिप्त कुराकानी गर्दै गृहमन्त्री सिंहले यस्तो बताएका हुन्। उनले भने,'दुई देशबीच सुमधुर सम्बन्ध हुनुपर्छ। सम्बन्ध गतिशिल बनाउनुपर्छ। भारत सँधै नेपालको हित चाहन्छ।'




# आर्थिक समाचार

## "एनसेल सुपर सेलर" योजना

काठमाडौं। एनसेल प्राइभेट लिमिटेडले आफ्ना देशभरि रहेका खुद्रा बिक्रेताहरूलाई लक्षित गरी 'एनसेल सुपर सेलर'योजना ल्याएको छ। यस योजनाअन्तर्गत खुद्रा बिक्रेताले बम्पर उपहार स्वरूप कार, युरोप भ्रमण र आईफोन एक्स जस्ता आकर्षक उपहारहरू जित्न सक्छन्। यो योजना चैत १ गतेबाट लागू भएको छ र १० महिनासम्म संचालनमा रहनेछ। यस योजनामा सामेल हुनका लागि खुद्रा बिक्रेताले एनसेलको रिचार्ज कार्ड, सिम कार्ड वा भिएफटी (भर्चुअल फण्ड ट्रान्सफर) खरिद तथा बिक्रीको कारोबार गरी आफ्नो प्रत्येक कारोबारका आधारमा अंक जम्मा गर्दै गई निश्चित अंक संकलन गर्नु पर्दछ।

यस योजना अन्तर्गत खुद्रा बिक्रेताहरूले प्लाटिनम, गोल्ड, सिल्भर र ब्रोन्ज गरी चार प्रकारका समुह मध्ये कुनै एक समुहमा आफुलाई सहभागी गराई उपहार पाउन सक्छन्। बम्पर उपहार बाहेक खुद्रा बिक्रेताहरूले निश्चित अंक संकलन गरेपछि बाईक, स्कुटर, ५५ ईन्चको स्मार्ट टिभी, एअर कन्डिसनर, आईप्याड, ईलेक्ट्रिक ट्रेडमिल, वाशिङ्ग मशिन र ल्यापटप लगायतका विभिन्न उपहारहरू जित्न सक्नेछन्। 'एनसेल सुपर सेलर' योजना लागु भएको ६ महिना पश्चात खुद्रा बिक्रेताहरूले आफुले संकलन गरेका आवश्यक अंकका आधारमा उपहार दाबी गर्न सक्नेछन्। यस योजनामा सहभागिता जनाउनका लागि खुद्रा बिक्रेताहरूले रिचार्ज कार्ड, सिम कार्ड वा भिएफटी एनसेलको सेल्स एण्ड डिष्ट्रिब्युसन एप बाट खरिद गरेको हुनुपर्नेछ। यस योजनाको चार समुह अन्तर्गत खुद्रा बिक्रेताहरूले ३,७०० भन्दा बढि उपहारहरू जित्नेछन्। साथै योजनामा सहभागी मध्ये उत्कृष्ट १०,००० खुद्रा बिक्रेताहरूलाई पनि एनसेल गिफ्ट ह्याम्पर प्रदान गरिने कम्पनीले जनाएको छ।

## भारतीय अस्पतालसँग सम्झौता

काठमाडौं। सिद्धार्थ बैंक लिमिटेड र भारतको मुम्बईस्थित नानावटी सुपर स्पेसियालिटी हस्पिटलबीच बैंकको डेबिट, क्रेडिट र मेडिकल कार्डबाहक ग्राहकलाई ५० प्रतिशतसम्म छुट दिनेसम्बनधी सम्झौता भएको छ। सम्झौतापत्रमा बैंकका सहायक महाप्रबन्धक सुरेशराज महर्जन र हस्पिटलका तर्फबाट ग्रुप सेल्स प्रमुख सुनिल कपुरले हस्ताक्षर गरेको बैंकको विज्ञप्तिमा उल्लेख छ। यस अन्तर्गत बैंकका कर्मचारी र ग्राहकले डेबिट कार्ड, प्रिपेड कार्ड र क्रेडिट कार्डमार्फत सो हस्पिटलमा भुक्तानी गर्दा विशेष छुट पाउनेछन्।

## बुद्धले जेठ १३ देखि उडान गर्ने

काठमाडौं। निजी क्षेत्रको अग्रणी वायु सेवा प्रदायक कम्पनी बुद्ध एयरले आगामी जेठ १३ गतेदेखि कोलकाता उडान गर्ने भएको छ। यसअघि वैशाख २ गतेदेखि कोलकाता उडान भर्ने योजना बनाएको बुद्धले भारतमा लोकसभा निर्वाचन हुने भएकाले उडान समय परिवर्तन गरेको हो। निर्वाचनले उडान मिति परिवर्तन भए पनि उडान समय तालिका भने परिवर्तन नभएको कम्पनीले प्रेस विज्ञप्तिमार्फत जनाएको छ। बुद्धले कोलकाता उडान एटिआर ७२-५०० जहाजले साताको नियमित तीन उडान भर्नेछ। उडान हरेक साताको सोमबार, बुधबार र शुक्रबार हुनेछ। भारतीय यात्रुका लागि बुद्ध एयरको भगिनी संस्था बुद्ध होलिडेजले विभिन्न धार्मिक तथा पर्यटकीय प्याकेज पनि सञ्चालन गर्नेछ। यसका लागि भारतमा डिजिटलका साथै अन्य माध्यमबाट पनि प्रचार-प्रसार गरिरहेको छ।

## कृषिमा उत्साहजनक लगानी

रूपन्देही। जिल्लामा रहेका विकास बैङ्कहरूले कृषि क्षेत्रमा उत्साहजनक लगानी गरेको छन्। बैङ्कले गरेको लगानीबाट कृषिजन्य आयात रोक्न सघाउ पुग्ने र व्यापार घाटासमेत कम हुने विश्वास गरिएको छ। खासगरी पशुपालन, कुखुरापालन, मत्स्यापालन र तरकारी खेतीमा विकास बैङ्कले लागनी गरेका छन्। साइन डेभलपमेन्ट बैङ्कले कृषि क्षेत्रमा न्यूनतम १३ प्रतिशत ब्याजदर रू एक अर्ब सात करोड लगानी गरेको छ भने रू ३० करोड सहुलियतापूर्ण ब्याजमा लगानी गरेको छ।

## पोखरा चेम्बर र इण्डिया इम्पोर्टर्स चेम्बर अफ कमर्शबीच समझदारी

काठमाडौं। पोखरा चेम्बर अफ कमर्श कास्की र इण्डिया इम्पोर्टर्स चेम्बर अफ कमर्श एण्ड इण्डष्ट्रिजबीच अर्थतन्त्र र व्यवसाय प्रवर्द्धन सम्बन्धमा समझदारी भएको छ। पोखरा चेम्बरका तर्फबाट अध्यक्ष किसान सुनार र इण्डिया चेम्बरका तर्फबाट अध्यक्ष ऐके सक्सेनाले समझदारीपत्रमा हस्ताक्षर गरे। दुई देश बीचसमसामयिक आपसी समन्वय र सहयोग आदानप्रदान गर्ने सम्बन्धमा १० बुँदामा समझदारी भएको पोखरा चेम्बरका अध्यक्ष सुनारले जानकारी दिए। नेपाल र भारतबीच व्यापारिक सङ्संस्थासँग बलियो सम्बन्ध स्थापना भएमा पोखराका व्यापारिक सङ्घसंस्थाले सो समझदारीपत्रबाट लाभ लिन सक्ने उहाँको भनाइ थियो। समझदारीबाट व्यापारिक मात्र नभई सामाजिक र सांस्कृतिक रूपमा समेत जोडिएर अन्तरराष्ट्रियस्तरमा दुवै देशले आफ्नो पहिचान बनाउन सफल हुने इण्डिया कमर्शका अध्यक्ष सक्सेनाले बताए।

## फर्किए भारतीय चित्रकार

काठमाडौं। नेपालको कला संस्कृतिबारे अध्ययन भ्रमणमा आएको भारतीय कलाकार(चित्रकार) काठमाडौं उपत्यकाको पुरातात्विक महत्वका कला र संस्कृति बोकेर फर्किएका छन्। साताव्यापी भ्रमणमा आएका उनीहरूले उपत्यकाको पहिचान पशुपतिनाथ, स्वयम्भू, पाटन दरबार स्क्वायर र काठमाडौं दरबार स्क्वायर, भक्तपुरको ठिमी तथा नगरकोटका महत्वपूर्ण दृष्य क्यान्भासमा उतारेर फर्किएका हुन्। भारतीय १५ चित्रकारको नेतृत्व गरेर आएका महाराष्ट्रका अब्बल चित्रकार कुडलया हिरेमठले उपत्यकाको पुरातात्विक महत्वका कलाकौशलले फरक खालको अनुभूति भएको उल्लेख गर्दै क्यान्भासमा उतारेर लगेको बताए। नेपालमा रहँदा भारतीय चित्रकारलाई अन्तर्राष्ट्रिय जलरङ समाज (आइडब्लुएस) नेपालले समन्वय गरेको थियो। नेपालमा देखिएका दृष्यलाई भारतमा पुगेर पनि क्यान्भासमा उर्तार्ने चित्रकारले बताएका छन्।

## न्याम्सको उपकुलपतिमा साहलाई नियुक्ति

काठमाडौं। प्रधानमन्त्री केपी शर्मा ओलीले चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (न्याम्स)को उपकुलपतिमा सुनसरीका प्रा.डा. देवनारायण साहलाई नियुक्त गरेका छन्। उपप्रधान तथा स्वास्थ्यमन्त्री एवं न्याम्स्का सहकुलपति उपेन्द्र यादवको सिफारिसमा प्रधानमन्त्री एवं न्याम्सका कुलपति ओलीले साहलाई शुक्रबार नियुक्त गरेका हुन्।

यसैगरी, उपकुलपति साहको सिफारिसमा उपप्रधान तथा स्वास्थ्यमन्त्री यादवले न्याम्सका अन्य पदाधिकारीको पनि नियुक्ति गरेका छन्। जसअनुसार पर्साका प्रा.डा. सुबोध कुमार अधिकारीलाई शिक्षाध्यक्ष, पाँचथरकी प्रा.प्रमिला देवानलाई रजिस्टार, सुनसरीका प्रा.डा.पियुस दाहाल डिन र सप्तरीका डा.केदार प्रसाद सेन्चुरीलाई बीर अस्पतालको निर्देशकमा नियुक्ति गरिएको छ।

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं